सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ असोज २०८०, बुधबार (20 Sep 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १६० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

आठ वर्षमा पनि बनेनन् संविधान कार्यान्वयनका लागि महत्त्वपूर्ण कानुन

संघीयता कार्यान्वयनसम्बन्धी कानुन लामो समयसम्म निर्माण नहुँदा व्यवस्थाप्रति नै आउन थाले गुनासा

कमलराज भट्ट/नयाँ पत्रिका

संविधानसभाबाट संविधान जारी भएको बुधबार आठ वर्ष पूरा भएको छ। तर, संविधान कार्यान्वयनका लागि महत्त्वपूर्ण सबै कानुन अझै निर्माण हुन सकेका छैनन्। ३ असोज ०७२ मा संविधान जारी भएको हो।

विशेष गरी संविधानले अँगालेको संघीयता कार्यान्वयनसम्बन्धी कानुन लामो समयसम्म निर्माण नहुँदा व्यवस्थाप्रति नै नागरिकका गुनासा छन्। संसद् सत्ता राजनीतिको दाउपचे गर्ने थलो हुँदा कानुन निर्माण ओझेलमा पर्ने गरेका छन्।

सरकारी तथ्यांकअनुसार संविधान निर्माणपछि एक सय ९१ वटा ऐन निर्माण भएका छन्। यसमा केही नेपाल ऐनलाई संशोधनबाट संविधानअनुकूल बनाइएको छ। संघीय निजामती, संघीय शिक्षालगायत महत्त्वपूर्ण विधेयक संसद्मा पेस गर्ने तयारी छ।

संविधान जारी भएपछिका ८ वर्ष

अर्थतन्त्रको आकार र प्रतिव्यक्ति आय दोब्बर भयो, सार्वजनिक ऋण साढे तीन गुणाले बढ्यो

पृष्ठ | ९

संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेका तथा विकास निर्माणका कार्यसँग सम्बन्धित कानुन निर्माणको प्रक्रियामा छ। कार्यकाल सकिँदा निष्क्रिय भएका विधेयकलाई पुनः संसद्मा पेस गर्न गृहकार्य भइरहेको छ।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संविधान कार्यान्वयनका लागि आवश्यक बन्न बाँकी कानुनबारे अध्ययन गर्न समिति नै गठन गरेको थियो। समितिले संघीय शिक्षा, संघीय प्रहरी, संघीय निजामती, एकीकृत जनस्वास्थ्य, महाभियोग, अदालतको अपहेलना, राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमाणीकरणसम्बन्धी, जनमत संग्रहलगायत ३९ वटा कानुन तत्काल निर्माणका लागि अविलम्ब प्रक्रिया

» पृष्ठ ११ मा क्रमशः



३ असोज ०७२ मा संविधान जारी गर्दै तत्कालीन राष्ट्रपति डा. रामवरण यादव। साथमा संविधानसभा अध्यक्ष सुवास नेम्वाङ। नयाँ पत्रिका फाइल तस्बिर

संघीय संसद्को पहिलो कार्यकालमा १०२ कानुन, २७ विधेयक निष्क्रिय

२१ फागुन ०७४ मा सुरु भएको संघीय संसद्ले पहिलो कार्यकालमा १०२ कानुन बनाएको छ। १५३ विधेयक दर्ता भएकोमा प्रतिनिधिसभाले ७५ र राष्ट्रिय सभाले २७ वटा कानुन बनाएको हो। प्रतिनिधिसभामा १०२ र राष्ट्रिय सभामा ५१ विधेयक दर्ता भएका थिए। यो कार्यकालमा विधेयक दर्ता भएर पनि ५१ वटा कानुन बन्न सकेन। जसमध्ये १२ वटा विधेयक सरकारले नै फिर्ता लियो, २७ विधेयक प्रतिनिधिसभाको कार्यकाल सकिएर निष्क्रिय भए भने राष्ट्रिय सभामा १२ विधेयक विचाराधीन रहे। प्रतिनिधिसभाको कार्यकाल सकिँदा यस सभामा उत्पत्ति भएका २२ र राष्ट्रिय सभामा उत्पत्ति भएर यस सभामा पुगेका पाँच गरी २७ विधेयक कानुन नबनी निष्क्रिय भएका थिए।

दोस्रो कार्यकालको नौ महिनामा बन्यो एउटा मात्रै कानुन

नयाँ कार्यकालमा पनि स-साना राजनीतिक विवादले प्रभावित बनेको संसद्ले एउटा (मिटरब्याज पीडितसम्बन्धी) कानुन मात्रै बनाएको छ। १५ वटा विधेयक सदनमा पेस भई प्रक्रियामा छन्।

■ तत्कालै आवश्यक छन् ३९ कानुन

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संविधान कार्यान्वयनका लागि आवश्यक बन्न बाँकी कानुनबारे अध्ययन गर्न समिति बनाएको थियो। समितिले कानुनी सहायतासम्बन्धी, संघीय शिक्षा ऐन, जनस्वास्थ्य, नेपाल प्रहरी, संघीय निजामती, संघसंस्था खोल्ने स्वतन्त्रतासम्बन्धी, सञ्चारको हकसम्बन्धी, सम्पत्तिको हक, अधिग्रहण र क्षतिपूर्तिसम्बन्धी, विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी, महिलाको हकसम्बन्धी, भूमिहीन दलितलाई एकपटकका लागि जग्गा र आवासविहीन दलितलाई बसोवासको प्रबन्धसम्बन्धी, महाभियोगसम्बन्धी, संघीय संसद्को सचिवालय सञ्चालनसम्बन्धी, संवैधानिक इजलास, इजलासमा न्यायाधीश र मुद्दा तोक्नेसम्बन्धी, संघीय न्याय सेवाका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तसम्बन्धी, प्रदेश न्याय सेवा आयोगको गठन र प्रदेश न्याय सेवाका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तसम्बन्धी, सरकारी वकिल तथा महान्यायाधिवक्ता कार्यालयको मातहतका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तसम्बन्धी, प्रदेश प्रमुखको अधिकार र अधिकारको प्रयोगसम्बन्धी, नेपाल विशेष सेवाको गठन तथा सञ्चालनसम्बन्धी, राष्ट्रपतिले सजायलाई माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सक्नेसम्बन्धी, विचार तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी, एकीकृत क्षतिपूर्तिसम्बन्धी, धार्मिकस्थल तथा धार्मिक गुठी सञ्चालन र गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकार र अन्य व्यवस्थासम्बन्धी कानुन बनाउन सुझाव दिएको थियो।

यसैगरी सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्नेसम्बन्धी, राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमाणीकरणसम्बन्धी कार्यलाई थप स्पष्ट गर्ने सम्बन्धमा छुट्टै कानुन, प्रतिनिधिसभाको कार्यकाल थप हुनेसम्बन्धी, संसद्का सदस्यको शपथसम्बन्धी, संघीय संसद्को विशेषाधिकार र संसद्का सभाहरूको अधिवेशन आह्वान र अन्त्यसम्बन्धी, कर लगाउनेसम्बन्धी एकीकृत कानुन, अदालतको अवहेलनामा कारबाही चलाउनेसम्बन्धी, एउटा उच्च अदालतबाट अर्को उच्च अदालत वा उच्च अदालतमातहतको एउटा जिल्ला अदालतबाट अर्को जिल्ला अदालतमा मुद्दा सार्न आदेश दिनेसम्बन्धी, सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनसम्बन्धी, उच्च अदालतको न्यायाधीशलाई अन्य काममा लगाउनेसम्बन्धी, राष्ट्रिय महत्त्वको विषयमा जनमत संग्रहसम्बन्धी, राष्ट्रिय सुरक्षा परिषद्को अन्य व्यवस्थासम्बन्धी, नेपाली सेनालाई विकास निर्माण र विपत् व्यवस्थापनमा लगाउन सक्नेसम्बन्धी, गुठी जग्गामा भोगाधिकार रहेका किसान एवं गुठीको अधिकार र अन्य व्यवस्थासम्बन्धी, संवैधानिक निकायको वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुरासम्बन्धी कानुन बनाउनुपर्ने सुझाव छ।

■ संविधानको कार्यान्वयनबारे के भन्छन् विज्ञ ?



नीलाम्बर आचार्य



चन्द्रकान्त ज्ञवाली



रामनारायण बिडारी

संविधानसभा सदस्य नीलाम्बर आचार्य संविधानको अभ्यास समीक्षा गर्न आवश्यक परेको ठाउँमा संशोधन गर्नुपर्ने बताउँछन्। संविधानविद् चन्द्रकान्त ज्ञवालीले संविधान सुधार सुझाव आयोग अविलम्ब गठन गर्नुपर्ने बताए। कानुनविद् रामनारायण बिडारी प्रगतिशील संविधानको प्रभावकारिताबारे अनुगमन गर्नुपर्ने मत राख्छन्। (टिप्पणी पृष्ठ ११)

पार्टी दस्ताबेजमा सुझाव लिन गाउँ पस्दै रास्वपा नेता

● मस्यौदामा नेपालको इतिहास, प्रदेश संरचना खारेज, परिवारवादलाई निषेध र क्षेत्रगत हिसाबले राखिएको नीतिमाथि पार्टीभित्रै विवाद, जनताको सुझाव लिँदा परिपक्व र जनमैत्री हुने निष्कर्षपछि गाउँ पुग्ने निर्णय

● महामन्त्री एवं नीति तथा विचार विभाग प्रमुख मुकुल ढकालका अनुसार १७ जिल्लामा गएर सुझाव संकलन हुने, सभापति रवि लामिछानेसहित दस्ताबेज तयारीमा, केन्द्रीय तहका नेता, सांसद र पार्टीको नीति तथा विचार विभागका प्रतिनिधि सुझाव बुझ्न गाउँगाउँ जाने

(विस्तृत पृष्ठ ३)

चिसियो भारत-क्यानडा सम्बन्ध

देश निकाला गरियो एकअर्काका कूटनीतिज्ञ



क्यानडाले आफ्नो भूमिमा भएको एक शिख अभियन्ताको हत्यामा भारतको संलग्नता रहेको आरोप लगाएपछि ओटावा र नयाँदिल्ली दुवैले एकअर्काका वरिष्ठ कूटनीतिज्ञलाई आफ्नो देशबाट निष्कासित गरेका छन्।

(विस्तृत पृष्ठ ७)

म्यानपावर कम्पनीको सेवा शुल्क बढाइने



यसअघि १० हजार रुपैयाँ रहेको सेवा शुल्क **अब श्रमिकको एक महिनाको तलबबराबर** हुने

(विस्तृत पृष्ठ ९)

कर्नर किक

● रवि मिश्र



प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुन नसकेका २८ सहित ३७ जिल्ला न्यायाधीशको नियुक्ति

शिल्पा कर्ण/नयाँ पत्रिका



न्याय सेवा आयोगले प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुन नसकेका २८ सहित ३७ जिल्ला न्यायाधीशको नियुक्ति र पदस्थापन गरेको छ। मंगलबार बसेको परिषद् बैठकले जिल्ला न्यायाधीशको रिक्त पदमा उत्तीर्ण पारसमणि पोखरेलसमेत ३७ जनाको नियुक्ति र पदस्थापन गरेको हो।

सर्वोच्चका इजलास अधिकृत पोखरेललाई मोरङ जिल्ला अदालतमा पदस्थापन गरिएको छ। न्याय सेवा आयोगले २९ पदका लागि लिएको परीक्षामा दुई सय ११ जना उम्मेदवार रहेकोमा पोखरेल मात्र उत्तीर्ण भएका थिए। परिषद् बैठकले प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुन नसकेका २८ पदसहित नाम सिफारिस गरेको हो।

प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुन नसकेका २८ पदमा सञ्जीव पोखरेल, इन्द्रबहादुर कठायत, शम्भुप्रसाद बराल, हिरण्यप्रसाद भण्डारी र रुद्रमणि गिरीलाई सिफारिस गरिएको छ। यसैगरी, दुर्गाप्रसाद खनाल, उपेन्द्रकेशर खनाल, रेशराज शर्मा, लोकबहादुर हमाल, कोशलेश्वर ज्ञवाली, आनन्दराज पन्त, यदुराज शर्माका साथै उदवीर नेपाली पनि जिल्ला न्यायाधीशमा नियुक्त भएका छन्। त्यसैगरी नगेन्द्रकुमार कालाखेती, नगेन्द्रकेशरी पोखरेल र महेश खनाललाई पनि नियुक्त गर्ने निर्णय भएको छ।

जुद्धबहादुर आलेमगर, मोना सिंह, नेत्रप्रसाद भुसाल, रामप्रसाद पौडेल र कुमार मास्केको नाम पनि नियुक्ति निर्णयको सूचीमा छ। दीपेन्द्र थापमगर, रामाकान्त यादव, नीलकण्ठ बराल, प्रदीपकुमार उपाध्याय, शिवकुमार पोखरेल र श्यामप्रसाद श्रेष्ठका साथै उषा श्रेष्ठलाई पनि जिल्ला न्यायाधीशका रूपमा नियुक्त र पदस्थापन गर्ने निर्णय छ।

रिक्त रहेको जिल्ला न्यायाधीशको ४० प्रतिशत पदमा न्याय सेवाको राजपत्रांकित द्वितीय

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

यातायातमा अनलाइन भुक्तानी सेवा बन्द

बिचौलियालाई लाभ, सेवाग्राहीलाई सास्ती

नवराज मैनाली/नयाँ पत्रिका

सवारीसाधनको नवीकरण र सवारी करमा अनलाइन भुक्तानी प्रणाली बन्द हुँदा सर्वसाधारणले दुःख पाएका छन् भने बिचौलियालाई लाभ मिलेको छ। दुई वर्षअघि सुरु भएको अनलाइन सेवा गत १ साउनदेखि बन्द भएसँगै यातायात कार्यालयहरूमा सेवाग्राहीको भिड बढेको हो।

०७८ साउनदेखि बागमती प्रदेश सरकारले अनलाइनबाटै सवारी कर र नवीकरण दस्तुर तिर्ने प्रणाली सुरु गरेको थियो। अनलाइन भुक्तानी बन्द हुँदा बिचौलिया सक्रिय भएका छन्। ब्लु बुक नवीकरणका लागि कतिपय व्यक्ति तथा कम्पनीले शुल्क नै लिएर खुलेआम यस्तो काम गर्दै आएका छन्। त्यस्ता समूहलाई यातायात कार्यालयले पनि सहयोग गर्दै आएको छ।

प्रदेशको श्रम, रोजगार तथा यातायात कार्यालयको कमजोरीका कारण अनलाइन भुक्तानी बन्द भएको स्रोत बताउँछ। अनलाइन भुक्तानीको सफ्टवेयर बनाउने कम्पनीसँग सम्झौता नवीकरण नहुँदा सेवा बन्द भएको

» पृष्ठ ११ मा क्रमशः



चाबहिल यातायात कार्यालयमा लाइसेन्स लिने सेवाग्राहीको भिड। ११ महिनादेखि कार्ड प्रिन्ट नभएपछि सेवाग्राही मर्कामा परेका छन्। तस्बिर : नयाँ पत्रिका



पशुपति परिसरभित्रको पार्किङ सम्झौता रद्द

काठमाडौं/ पशुपति क्षेत्र विकास कोषले पशुपति क्षेत्रभित्रको सवारीसाधन पार्किङस्थलको सम्झौता रद्द गरेको छ। पशुपति क्षेत्रमा पार्किङ व्यवस्थापनको जिम्मा तत्त्व इन्भेस्टमेन्ट प्रालिले पाए पनि सम्झौताअनुसार काम नगरेको तथा समयमै बक्यौता नतिरेकाले सम्झौता रद्द गरिएको विकास कोषले जनाएको छ।

उक्त पार्किङस्थल आजबाट विकास कोषले आफ्नो मातहतमा लिएको कोषका कार्यकारी निर्देशक डा. घनश्याम खतिवडाले जानकारी दिए। उनका अनुसार उक्त कम्पनीले सवारी पार्किङ सञ्चालनबापत कोषलाई तिर्नुपर्ने पुरानो ४० लाख रुपैयाँ बढी रकम समयमै भुक्तान नगरेका कारण सम्झौता रद्द गरिएको हो। सञ्चालक परिषद्को गएको भदौ २१ गते बसेको बैठकले उक्त कम्पनीसँगको सम्झौता रद्द गर्ने निर्णय गरेको कार्यकारी निर्देशक खतिवडाले बताए। उक्त कम्पनीले सवारी पार्किङस्थल सञ्चालन गरेबापत मासिक तीन लाख ४६ हजार तिर्ने गरी सम्झौता भएको कोषले जनाएको छ।

उक्त कम्पनीले पुरानो बक्यौता रकम ६० लाखमा केही हप्तापहिले २० लाख बुझाए पनि अझै ४० लाख तिर्न बाँकी रहेको खतिवडाले जानकारी दिए। कोष र उक्त कम्पनीबीच पार्किङ व्यवस्थापनका लागि पाँच वर्षको सम्झौता भए पनि साढे दुई वर्षमा सम्झौता रद्द भएको छ।

कोषले दुईपांग्रे सवारीसाधनका लागि १० र चारपांग्रे सवारीका लागि २५ रुपैयाँ पार्किङ शुल्क तोकेर कम्पनीसँग सम्झौता गरेको थियो। तर, कम्पनीमाथि सोभन्दा बढी शुल्क उठाएको आरोप छ। कम्पनीमाथि राजस्व अनुसन्धान विभागले समेत अनुसन्धान गरिरहेको कोषले जनाएको छ। - रासस

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल, फोनः ०८३-५२०१४४

करार कर्मचारी छनौटसम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०६/०३ गते)

यस नगरपालिकाका लागि तपसिल बमोजिमका पदहरूमा खुला प्रतिस्पर्धात्मक प्रक्रियाबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

देहाय

क्र.सं.	विज्ञापन नं.	पद	तह	सेवा/समूह	माग संख्या	किसिम
१.	०५/२०८०/०८१	सूचना प्रविधि इन्जिनियर	अधिकृत छैठौं	इन्जिनियरिङ्ग/प्राविधिक	१(एक)	खुला
२.	०६/२०८०/०८१	कृषि प्राविधिक	अधिकृत छैठौं	कृषि	१(एक)	खुला
३.	०७/२०८०/०८१	रोजगार सहायक	सहायक पाँचौं	ने.प्रशासन/सा. प्रशासन	१(एक)	खुला
४.	०८/२०८०/०८१	प्राविधिक सहायक	सहायक पाँचौं	इन्जिनियरिङ्ग/प्राविधिक	१(एक)	खुला
जम्मा					४(चार)	

पुनश्चः यस सूचनासम्बन्धी विस्तृत जानकारीका लागि यसै कार्यालयका वेबसाईट www.birendranagarmun.gov.np तथा यस कार्यालयको सूचना पाटीमा अलग अलग हेर्न सक्नुहुनेछ।

त्रिपुरासुन्दरी गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
सल्यानटार, धादिङ

नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०६/०३)

त्रिपुरासुन्दरी गाउँपालिकाको क्षेत्रभित्र रहेका नदिजन्य पदार्थको त्रिपुरासुन्दरी गाँउपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को दफा १३८ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम स्विकृत IEE प्रतिवेदनले तोकेको क्षेत्रहरुवाट नदीजन्य पदार्थ उत्खनन् गरी त्रिपुरासुन्दरी गाउँपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, कर चुक्त प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संकलन गरी तपशिल बमोजिम सर्तहरुको आधार मा रहि बोलपत्र प्रकृयामा सहभागि हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। (ebid only)

तपशिल

सि. नं	सूचना नं./बोलपत्र नं.	बोलपत्रको नाम	उत्खनन् परिमाण (घन फिट)	प्रति घन फिट बिक्री दर (सेवा शुल्क र मु.अ.कर बाहेक)	न्युनतम बोलपत्र र कम (सेवा शुल्क र मु.अ.कर बाहेक)	धरौटी रकम	बोपलत्र दस्तुर (रु.)
१.	Rajasho/01/080/081	खण्ड क (मंपंग खोला, कस्ते खोला, बुढीगण्डकी, आरुघाट, पट्केघारी वडा नं १ र २ को सिमाना रिजाल चौतारो सम्म)	९०७०५.००	९/-	८,१६,३४५/-	e-bid को साईटमा अन्य जे लेखिएको भएता पनि धरौटी रकम भ्याट सहित कवोल रकमको न्युनतम ५ प्रतिशत (५%) हुनुपर्ने छ।	१०००/-
२.	Rajasho/02/080/081	खण्ड ख (वडा नं १ र २ को सिमाना रिजाल चौतारो देखि बुत्तर - पाँच धारे हुदै ह्यापिंगे खोला दो भान सम्म)	१४१३७४.००	९/-	१२,७२,३६६/-		१०००/-
३.	Rajasho/03/080/081	खण्ड ग (वडा नं १ र ६ को सिमाना ह्यापिंगे खोला दोभान दे खि मगर डाँडा, खहरे खोला, लपंग हाईड्रो वगुवा खोला)	८०००६८.००	९/-	७२,००,६१२/-		५०००/-

शर्तहरु

१ फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फार्म दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा **नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड** त्रिपुरासुन्दरी शाखा कार्यालयमा रहेको यस कार्यालयको संचित **खाता नं १६७०१४०००००११६** मा नगद जम्मा गरेको नगद भौचर र निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औ दिनमा तोकिएको समय भित्र विद्युतीय माध्यामबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatara.gov.np बाट भौचरलाई बोलपत्र सँग सम्बन्धीत कागजातका साथ संलग्न गरि बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ।

२ बोलपत्र सम्बधीत फार्म भर्दा कवोल रकम अक्षर र अंकमा प्रष्ट उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ, e-bid को साईटमा अन्य जे लेखिएको भएतापनि धरौटी रकम कवोल रकमको न्युनतम ५ प्रतिशत (५%) धरौटी रकम यस कार्यालयको **नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड** त्रिपुरासुन्दरी शाखा कार्यालयमा रहेको धरौटी **खाता नं १६७०१४०००००१७८** मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बन्ड र अन्य आवश्यक कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयको www.balpatara.gov.np मा पेश गर्नुपर्नेछ।

३ तोकिएको बोलपत्र फार्महरुमा उल्लेख भएका सबै विवरणहरु भरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औ दिनको तोकिएको समय भित्र विद्युतीय प्रति दर्ता गर्नुपर्नेछ।

४ एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन रित पूर्वक पर्न आएको बोलपत्र सम्बन्धी कागजातहरु पेश गरिने अन्तिम दिनको भोलिपल्ट तोकिएको समयमा विभिन्न कार्यलयका प्रतिनिधि, निर्माण व्यवसायी तथा निजको प्रतिनिधिहरुको रोवहरुमा यस कार्यालयमा खुलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खुल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन, उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५ प्रि.बिड बैठक e-bid site मा तोकिए बमोजिम यस.गाउँपालिकाको कार्यालयमा खोलिनेछ, इच्छुक बोलपत्र दाताहरुको उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलपल्ट सोहि समयमा हुनेछ।

६ बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धि फाराममा उल्लेख गरिएको हुँदा सोहि पुस्तीकाबाट अवगत गर्न वा यस कार्यलयमा सम्पर्क राख्न सकिनेछ।

७ रित नपुगि वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यलयमा सुरक्षित रहनेछ।

८ बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र तथा अन्य आवश्यक कागजात समेत लिई सम्पुर्ण कबोल अंक **नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड** त्रिपुरासुन्दरी शाखा कार्यालयमा रहेको यस कार्यालयको **खाता नं १६७०१४०००००१७८** मा सम्पुर्ण कबोल रकम नगद जम्मा गर्ने वा कबोल अंकको प्रथम किस्ता बापत ५ प्रतिशतले हुने रकम संचित खातामा नगद जम्मा गरेको भौचर र बाँकी १०० प्रतिशत हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट कार्यालयको नाममा २०८१ साल साउन मसान्त सम्म म्याद सहित जारि गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बोन्ड) समेत पेश गरी सम्झौता गरी पट्टा उठाउनु पर्नेछ साथै बोलपत्र कबोल गरिने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

९ तोकिएको म्याद भित्र ठेक्का उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, जारी भएका कानून तथा प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अगं मानिनेछ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको website www.tripurasundarimundhading.com.np समेत हेर्न सकिनेछ)

प्रमुख प्रशासकिय अधिकृत

आजदेखि ललितपुर नगर प्रहरी 'छडी' बोकेर ड्युटीमा खटिने



नयाँ पत्रिका

ललितपुर महानगरपालिकाअन्तर्गतको नगर प्रहरी आजदेखि छडीसहित ड्युटीमा खटिने भएको छ। आत्मसुरक्षाका लागि नगर प्रहरीलाई छडीसहित ड्युटीमा खटाउन थालिएको हो।

नगर प्रहरी प्रमुख सीताराम हाछेथूले यस नियमले नगरक्षेत्रमा शान्तिसुरक्षा कायम राख्न थप मद्दत पुग्ने बताए। 'नगर प्रहरीमाथि आक्रमण भयो वा कतै झडपको अवस्था भयो भने झडप नियन्त्रण गर्न वा आत्मसुरक्षा गर्न पनि कठिन भइरहेको छ,' उनले भने, 'त्यसैले अब ललितपुरको नगर प्रहरी छडीसहित ड्युटीमा खटिन्छन्, अवस्थाअनुसार छडी प्रयोग गर्छन्। म नगर प्रहरी प्रमुखको भूमिकामा नियुक्त हुनुअघि पनि लौरो बोक्ने नियम थियो। त्यसपछि लौरो बोक्ने नियम केही समय हटाइयो र अब आवश्यकताअनुसार पुनः छडी बोकेर ड्युटीमा खटिनुपर्नेछ।'



नगर प्रहरीको भूमिका धेरै छ, तर नगर प्रहरीलाई आवश्यक औजार नदिएर हातका भरमा शान्तिसुरक्षा कायम हुँदैन, अवस्था र समयअनुसारको सुविधा दिनुपर्छ।

■ **सीताराम हाछेथू,** नगर प्रहरी प्रमुख, ललितपुर महानगरपालिका

■ २४सै घन्टा सेवा

हाल ललितपुरको नगर प्रहरी २४सै घन्टा सुरक्षामा खटिँदै आएको छ। तर, कुनै पनि औजार नबोकी नगर क्षेत्रको सुरक्षामा खटिँदा आफूमाथि नै जोखिम हुने देखिएकाले नगर प्रमुख चिरिबाबु महर्जनले नै छडी बोक्न अनुमति दिएका थिए। यसअघि शनिबार भक्तपुरको मध्यपुरथिमि नगरपालिकाका एक नगर प्रहरीमाथि आक्रमणसमेत भएको थियो। तर, आत्मसुरक्षा गर्ने कुनै पनि औजार उनीसँग थिएन।

त्यस्ता आक्रमण रोक्न नगर प्रहरीलाई पनि आवश्यक औजार दिनुपर्ने ललितपुरका नगर प्रहरी प्रमुख हाछेथूले बताए। उनका अनुसार रातिको समयमा ड्युटी बस्दा सम्भावित आक्रमण तथा जोखिमबाट बच्न पनि छडीले सहयोग गर्छ। त्यस्तै, कतिपय ठाउँमा हुने आक्रमण र झडप नियन्त्रण गर्न पनि छडीको प्रयोग गर्न सकिन्छ।

नेपालको संविधान ०७२ को धारा २९६ को उपधारा (१) बमोजिम तयार भएको स्थानीय सरकार सञ्चालन ऐन, ०७४ ले नगर प्रहरीको काम र कर्तव्यसम्बन्धी व्यवस्था गरेको छ। सोअनुसार नगरपालिकाको सम्पत्तिको सुरक्षा गर्ने, सभा-समारोह, परम्परा र जात्रापर्वको व्यवस्थापन गर्ने, स्थानीय बजारको व्यवस्थापन गर्ने, ट्राफिक र पार्किङ व्यवस्थापन, सरसफाइ, सार्वजनिक सम्पत्तिको संरक्षण र सुरक्षा, विपद् व्यवस्थापन, खोजी उद्धार, अनधिकृत निर्माण, पार्किङ र होर्डिङबोर्ड नियन्त्रणलगायत कार्यपालिकाले तोकेका अन्य कार्य नगर प्रहरीले गर्नुपर्छ। सोहीअनुसार नै नगर प्रहरी चलायमान भएको हाछेथूले जानकारी दिए। 'नगर प्रहरीको भूमिका धेरै छ, तर नगर प्रहरीलाई आवश्यक औजार नदिएर हातका भरमा शान्तिसुरक्षा कायम हुँदैन, अवस्था र समयअनुसारको सुविधा दिनुपर्छ, यसमा नेपाल प्रहरीले पनि सघाउन जरुरी छ,' उनले भने। उनले आफू नियुक्ति भएपछि तीन वर्ष बिनाछडी नगर प्रहरी खटिँदा कतिपयले अटेरी गरेको, नगर प्रहरीमाथि नै झम्टिएको र उसको सुरक्षा कमजोर हुने देखिएको अनुभव सुनाए।

स्व. गणेशमान सिंहको पूर्णकदको प्रतिमा अनावरण

भक्तपुर/ राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार लौहपुरुष स्व. गणेशमान सिंहको १२ फिट अग्लो पूर्णकदको सालिक अनावरण गरेका छन्। गणेशमान सिंह स्मृतिवाटिका तथा प्रतिमा स्थापना संरक्षण समितिले सूर्यविनायक नगरपालिका-५, कटुन्जेस्थित गणेशमान वाटिकास्थलमा निर्माण गरेको सालिकको अनावरण गरिएको हो।

राष्ट्रपति पौडेलले गणेशमान सिंहले राजनीति सत्ता र स्वार्थका लागि नभई देश र जनताका लागि हो भन्ने मान्यता स्थापित गरेर गएको बताए। 'गणेशमानलाई म सधैं सर्वमान्य नेता मान्छु, देशमा एकपटक सारा नेपालीले नेता मानेको व्यक्ति गणेशमान नै हो, को वामपन्थी, को दक्षिणपन्थी सबैले नेता मानेका र ०४६ सालको जनआन्दोलनमा फरक विचार भएका पार्टीलाई पनि आफ्नै नेतृत्वमा एकै ठाउँमा ल्याएर जनआन्दोलनको नेतृत्व गर्ने नेता उहाँ नै हो,' उनले भने।

कार्यक्रममा गणेशमान सिंह फाउन्डेसनका अध्यक्ष प्रकाशमान सिंहले देशलाई स्वतन्त्र बनाउँदै जनाधिकार स्थापित गर्ने ६ दशक लामो राजनीतिक जीवनमा १५ वर्ष जेल र १५ वर्ष निर्वासित जीवन बिताएका गणेशमानलाई कुनै पनि पुस्ताले बिर्सन नहुने बताए। त्यस अवसरमा प्रतिनिधिसभाका सांसद दुर्लभ थापा, सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापालगायतले सर्वोच्च नेता गणेशमानबारे चर्चा गरेका थिए।



ललितपुरको ग्वार्कोमा निर्माणाधीन फूलाई ओभर। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

मंगलबार उपत्यकामा

कुलेश्वर : काठमाडौं मनपा-१४, कुलेश्वर आवास क्षेत्रनजिकै सडक-किनाराबाट पैदल हिँडिरहेकी महिलाको दुई तोलाको सुनको सिक्री लुटेको अभियोगमा चारजनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्ने ४४ वर्षीय सुरज गुरुङ, ४८ वर्षीय अनवर हुसेन अन्सारी, भारतीय नागरिक ४७ वर्षीय शक्ति भौमिक र ३० वर्षीय सचिन गाड्वे रहेका छन्। प्रहरीका अनुसार महिलाले लगाएको सिक्री लुटपाट गरी उनीहरू फरार भएका थिए। खोजी गर्ने क्रममा उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले विभिन्न स्थानबाट पक्राउ गरेको हो।

घट्टेकुलो : जापान पठाइदिने प्रलोभनमा पारी ठगी गर्ने खोटाङ साकेला गापा-१ का काठमाडौं मनपा-२९, घट्टेकुलो बस्ने ४५ वर्षीय राजकुमार गुरुङ र सुनसरी इटहरी उमनपा-१९ का २८ वर्षीय उदय गुरुङलाई प्रहरीले पक्राउ गरेको छ। मासिक लाख रुपैयाँ कमाइ हुने प्रलोभनमा उनीहरूले पीडितबाट दुई लाख ७० हजार रुपैयाँ लिई सम्पर्कविहीन भएका थिए।

स्वयम्भू : तान्जानिया पठाईदिने प्रलोभनमा ठगी गर्ने दैलेख नारायण नपा-७ का काठमाडौं मनपा-१५, स्वयम्भू बस्ने ४२ वर्षीय गणेशबहादुर सिंहलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ। उनी आकर्षक तलब हुने प्रलोभनमा पीडितसँग रकम लिई सम्पर्कविहीन भएका थिए।

भक्तपुर : भक्तपुर नपा-७, इनाचो बस्ने हर्करत्न शाक्यको घरमा जुवातास खेलिरहेका भारत पश्चिम बंगाल कोलकोताका २८ वर्षीय देव परमणिसमेत १० जुवाडेलाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनीहरूलाई ७३ हजार सात सय ४५ रुपैयाँ र दुई बुक ताससहित पक्राउ गरेको हो।

चाबहिल : काठमाडौं मनपा-७, चाबहिलस्थित सडकमा प्रदेश १ ०२-०५० प ६७८९ नम्बरको मोटरसाइकल र बा.प्र०२-०४४ प २८५० नम्बरको मोटरसाइकल आपसमा ठोक्किँदा पर्सा वीरगन्ज मनपा-१४ का ३२ वर्षीय पर्शुराम महतोको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको ॐ अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो। साथै, दुर्घटनामा घाइते भएका दुवै मोटरसाइकलमा सवार अन्य तीनजनाको सोही अस्पतालमा उपचार भइरहेको छ।

■ रास्वपा राजनीतिक-वैचारिक अलमलमा

पार्टी दस्ताबेजमा सुझाव लिन गाउँ पस्दै नेता

अनिल यादव/नयाँ पत्रिका

पार्टीको मूल दस्ताबेजविनै चलेको संसद्को चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टीले दस्ताबेज टुंग्याउन जनस्तरबाट सुझाव संकलन गर्ने भएको छ। पार्टी स्थापनाको एक वर्ष बित्दा पनि तयार नभएको वैचारिक-सैद्धान्तिक दस्ताबेज अब जनस्तरमा सुझाव लिएर टुंग्याउने रास्वपाको निर्णय छ। यसअघि रास्वपाले 'नयाँ युगको संकल्प' नामसहित असोजको सुरुवातसम्म पार्टीको राजनीतिक-वैचारिक दस्तावेज-सार्वजनिक गर्ने बताए पनि सुझाव लिने प्रक्रियामा जाने भएपछि लम्बिने भएको छ।

पार्टीभित्र व्यापक छलफल भई तयार भएको दस्ताबेजलाई अन्तिम स्वरूप दिनुअघि १७ जिल्लाका गाउँगाउँ पुगेर जनताका सुझाव लिने निर्णय भएको महामन्त्री एवं नीति तथा विचार विभाग प्रमुख मुकुल ढकालले बताए। उनका अनुसार ३ असोज अर्थात् संविधान दिवसको अवसर पारेर गाउँमै पुगेर सुझाव लिने निर्णय छ।

'असोजसम्म दस्ताबेज ल्याउने भन्नेमा थियौं। तर, छलफल गर्दै जाँदा जनताको सुझाव लिनुपर्छ भन्ने निष्कर्ष आयो,' महामन्त्री ढकालले भने, 'जनताले कस्तो देश खोजिरहेका छन्, कस्तो विचार चाहेका छन्, त्यसलाई आत्मसात् गरेर माटो सुहाउँदो दस्ताबेज बनाऔं भन्ने भएको छ। बर्खाका कारण केही समय पार्टीको क्रियाकलाप पनि अवरुद्ध भयो। अब चाँडै ल्याउने गरी गाउँगाउँ जाँदै छौं।'

पार्टीको विचारधारा, प्रदेश संरचना, परिवारवाद निषेध र क्षेत्रगत हिसाबले राखिएको नीतिमाथि जनताको सुझाव लिँदा परिपक्व र जनमैत्री हुने निष्कर्ष निस्किएपछि रास्वपा गाउँ पुग्ने निर्णयमा पुगेको हो। महामन्त्री ढकालका अनुसार १७ जिल्लामा गएर सुझाव संकलन हुनेछ। सभापति रवि लामिछानेसहित दस्ताबेज तयारीमा जुटेको रास्वपाको नीति तथा विचार विभागका प्रतिनिधि जनताको सुझाव बुझ्न गाउँ जानेछन्।

'अब सुनाउन होइन, सुन्न आउँदै छौं। बुझाउन होइन, बुझ्न आउँदै छौं' नारासहित रास्वपाका केन्द्रीय नेता तथा सांसदहरू १७ जिल्ला जाँदै छन्। रास्वपा महामन्त्री ढकालका अनुसार प्रथम चरणमा असोज ३ देखि ७ गतेसम्म जनआवाज सुन्ने कार्यक्रम तोकिएको छ। जनआवाज सुन्ने कार्यक्रम भनिए पनि यसको मूल उद्देश्य दस्तावेज निर्माणका लागि सुझाव संकलन नै हो। रास्वपाले सार्वजनिक गरेको तालिकाअनुसार सभापति लामिछाने सुझाव संकलनका लागि रोल्पाका गाउँहरूमा जाने भएका छन्। त्यस्तै, उपसभापति डोलप्रसाद अर्याल पर्सा, महामन्त्री मुकुल ढकाल कालिकोट, सह महामन्त्री कवीन्द्र बुर्लाकोटी कञ्चनपुर जाने भएका छन्। त्यस्तै, स्वर्णिम वाग्ले तनहुँ, विराजभक्त श्रेष्ठ बैतडी, सुमना श्रेष्ठ टीकापुर (कैलाली), शिशिर खनाल रसुवा, मनीष झा पर्वत, गणेश पराजुली ओखलढुंगा, रमेश प्रसाईं सुर्खेत, सन्तोष परियार कपिलवस्तु, विपिनकुमार आचार्य संखुवासभा, तोसिमा कार्की डोटी, हरि ढकाल सोलुखुम्बु, कमल सुवेदी गौर (रौतहट), गणेश कार्की सिन्धुपाल्चोक, क्रान्तिशिखा धिताल खोटाङ र शंकर श्रेष्ठ इलाम जाने तय भएको छ।

रास्वपाका एक नेताका अनुसार खासगरी शासन प्रणाली, संघीयता, समाजवादलगायतका मुद्दामा जनताको राय लिने तयारी छ। 'जनताले कस्तो खालको शासकीय प्रणाली खोजेका छन्। नयाँ शक्तिका रूपमा उदाएका दलको विचार कस्तो हुनुपर्छ भन्ने चाहेका छन्। उनीहरूले चाहेको संघीयता कस्तो हो। यी यावत् विषयमा बृहत् सुझाव लिएर पार्टीको दस्ताबेज बनाउने तयारी हो,' ती नेताले भने।

सुरुमा रास्वपाले पार्टी स्थापना दिवसको अवसरमा ७ असारमा सैद्धान्तिक दस्ताबेज सार्वजनिक गर्ने तयारी गरेको थियो। त्यसका लागि पार्टीको आन्तरिक पंक्तिमा सुझावका लागि दस्ताबेजको मस्यौदा पहिला नै उपलब्ध गराइएको थियो, तर राष्ट्रिय महत्त्वका केही महत्त्वपूर्ण मुद्दामा मतभेद र कतिपय विषय अधुरो पाइएपछि तत्काल सार्वजनिक नगर्ने निर्णय भएको थियो। त्यसपछि रास्वपाले दुई-तीन चरणमा थप गृहकार्य गरेर मात्रै दस्ताबेज सार्वजनिक गर्ने निर्णय गरेको थियो।



माटो सुहाउँदो दस्ताबेज बनाउँछौं

■ डा. मुकुल ढकाल
महामन्त्री

असोजसम्म दस्ताबेज ल्याउने भन्नेमा थियौं। तर, छलफल गर्दै जाँदा जनताको सुझाव लिनुपर्छ भन्ने निष्कर्ष आयो। जनताले कस्तो देश खोजिरहेका छन्, त्यसलाई आत्मसात् गरेर माटो सुहाउँदो दस्ताबेज बनाउन गाउँगाउँ जाँदै छौं।

१७ जिल्लामा गएर सुझाव संकलन गरिने, सभापति रवि लामिछानेसहित दस्ताबेज तयारीमा, केन्द्रीय तहका नेता, सांसद र पार्टीको नीति तथा विचार विभागका प्रतिनिधि सुझाव बुझ्न गाउँगाउँ जाने



आन्तरिक तयारी सकेपछि उसले अब जनताकहाँ जाने निर्णय लिएको छ, यो चुनावी रणनीतिको एक हिस्सा रहेको एक नेता बताउँछन्। 'जनताको सुझाव लिएर पार्टीको दस्ताबेज बनाएका हौं भन्ने एजेन्डा स्थापित गर्ने कोसिस देखिन्छ,' एक केन्द्रीय सदस्य भन्छन्।

सैद्धान्तिक दस्ताबेजको मस्यौदामा आवश्यक संशोधन र सुझावका लागि सुरुमा सातजनाको समूह बनेको थियो। त्यसपछि त्यो समूहबाट दुई-दुईजना सदस्य राखेर नयाँ समिति बनाउने निर्णय भयो। संशोधन सुझावउपर छलफल गरेर दोस्रो मस्यौदा तयार पार्ने र त्यसमा पनि नयाँ समिति बनाएर काम गर्ने रास्वपाको निर्णय थियो। भदौको दोस्रो साताासम्म नीति तथा विचार विभागले पार्टी सभापतिलाई अन्तिम मस्यौदा बुझाउनुपर्ने निर्णय भएको थियो। र, असोजमा सार्वजनिक गर्ने तयारी थियो।

दस्ताबेज बनाउँदा नेपालको इतिहास कहाँबाट सुरु गर्ने भन्नेमा पनि पार्टीभित्र मतभेद छ। कतिपय नेताले ०४६ या ०७२ को संविधानपछिको इतिहास मात्रै हेर्नौं भन्ने सुझाव दिएका छन्। कतियले एक करोड वर्षअघि पश्चिम नेपालमा भेटिएको रामापिथेकसको अवशेषदेखि नै नेपालको इतिहासलाई केलाउनुपर्ने राय राखेका छन्।

मस्यौदामा रहेको परिवारवादलाई निषेध गर्ने बुँदामा पनि मतभेद देखापरेको छ। अहिलेसम्म तयार भएको मस्यौदामा पार्टीको समान तहको समितिमा एकै परिवारका दुई वा दुईभन्दा बढी व्यक्ति सदस्य हुन नपाउने प्रस्ताव छ। तर, एकै परिवारका दुई वा दुईभन्दा बढी सदस्य प्रारम्भिक निर्वाचन लडेर पार्टी सदस्यहरूबाट अनुमोदित भएको अवस्थामा सांसद वा अन्य जनप्रतिनिधि बन्न पाउने व्यवस्था छ।

अहिले कायम रहेको जिल्ला समन्वय समितिसमेत खारेज गर्नुपर्ने रास्वपाको प्रस्तावित एजेन्डा छ। यस्तै, रास्वपाको प्रस्तावित दस्ताबेजमा प्रधानमन्त्री प्रत्यक्ष निर्वाचनमार्फत चुनिनुपर्ने उल्लेख छ। मतदानमा विदेशमा रहेका नेपाली नागरिकले पनि भाग लिन पाउनुपर्ने प्रस्तावमा उल्लेख छ। अहिले २५ सदस्यीय रहेको मन्त्रिपरिषद्को आकार घटाई १५ सदस्यीय हुनुपर्ने उल्लेख छ। प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीले आफ्नो स्वविवेकको आधारमा मन्त्रीहरू नियुक्ति गर्न सक्ने र प्रतिनिधिसभाका सदस्य वा बाहेकका नेपाली नागरिकलाई प्रधानमन्त्रीले मन्त्री नियुक्त गर्न सक्ने दस्ताबेजमा उल्लेख छ।

प्रस्तावित मस्यौदामा रहेको अहिलेको प्रदेश संरचना खारेजको मुद्दामा पनि मत विभाजित छ। प्रारम्भिक मस्यौदामा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र प्रदेशमा प्रत्यक्ष निर्वाचित प्रदेश गभर्नर रहने शासकीय स्वरूप रहनुपर्ने प्रस्ताव छ। गत ४ मंसिरको निर्वाचनमा प्रदेश सभा निर्वाचनामा भाग नलिएको रास्वपाले राखेको प्रस्तावमा कतिपय नेताको असन्तुष्टि छ।

प्रस्तावित दस्ताबेजमा रास्वपाले प्रदेश प्रमुख, प्रदेश सभा र प्रदेश मन्त्रालय खारेज गर्नुपर्ने उल्लेख गरेको छ। तर, सरकार प्रमुखको रूपमा प्रदेश गभर्नरको व्यवस्था गर्नुपर्ने प्रस्तावलाई लिएर पार्टीभित्र प्रश्न उठेको छ। कतिपयले मुख्यमन्त्रीको साटो गभर्नर किन भनेर प्रश्न गरेका छन्। प्रारम्भिक दस्ताबेज बाहिरिएपछि रास्वपालाई संघीयताविरोधीको आरोपसमेत लागेको छ। विभिन्न प्रश्न र आरोपका बीच रास्वपा जनतामाझ पुगेर मात्रै दस्ताबेजलाई अन्तिम स्वरूप दिने निर्णयमा पुगेको हो।

■ वडा-वडामा रास्वपा गठन प्रक्रिया सुरु

आक्रामक ढंगले संगठन विस्तारमा जुटेको राष्ट्रिय स्वतन्त्र पार्टीले वडा-वडामा रास्वपा गठन प्रक्रिया सुरु गरेको छ। रास्वपाले मंगलबारबाट देशभर जारी वडा भेला स्थगन गर्दै वडा समिति गठन प्रक्रिया सुरु गरेको हो।

वडा समितिका लागि रास्वपाले पार्टी एपमार्फत चुनाव हुने गरी एप मार्फत नै उम्मेदवारी माग गरेको छ। आगामी असोज २ गतेदेखि २० गतेसम्म उम्मेदवारी मनोनयन दर्ताको समय तोकिएको छ। त्यसपछि असोज २१ देखि कात्तिक ९ सम्म दाबीविरोध र १६ गतेसम्म मतदानको तालिका निर्धारण गरिएको रास्वपाका संगठन विभाग प्रमुख एवं पार्टीका सहमहामन्त्री कवीन्द्र बुर्लाकोटीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। उम्मेदवारी दिन चाहनेले पार्टीको एपमा गएर 'वडाको उम्मेदवार बन्नुहोस्' भन्ने अप्सनमा क्लिक गरेर एक सय रुपैयाँ शुल्क तिरेर उम्मेदवार बन्न सकिने व्यवस्था गरिएको छ।

वडा भेलामार्फत समिति गठन भएका वडाको असोज २० गतेसम्म केन्द्रीय वेबसाइटमा अद्यावधिक गर्न सकिने बताइएको छ। उम्मेदवारउपर दाबीविरोध पेस गर्ने समयावधिमा २० गतेसम्म अद्यावधिक भएका वडामा परेको उम्मेदवारी रद्द गरी उम्मेदवारी शुल्कसमेत फिर्ता गरिनेछ। यस्तो हकमा योग्य उम्मेदवारहरूलाई पार्टीकोअन्य जिम्मेवारीका लागि तयारी गरिनेछ,' रास्वपाको विज्ञप्तिमा उल्लेख छ।

रास्वपाको वडा समितिमा ११ जना निर्वाचित सदस्य हुने व्यवस्था गरिएको छ। ११ मध्ये दलित एकजना, महिला चारजना, ४५ वर्षमुनिका युवा ६ जना रहनेछन्। निर्वाचितमध्येबाट वडा सभापति, उपसभापति र सचिव चयन हुनेछन्।

नेम्वाङको स्मृति दिवस

संविधान संशोधनमा हतार गर्नुहुँदैन : ओली



नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले आयातित र लादिएको विचारका आधारमा जनताको भावना भड्काउन खोजिएको भन्दै संविधान संशोधनका माग सम्बोधनका लागि हतार गर्न नहुने बताएका छन्। संविधानसभा अध्यक्ष सुवास नेम्वाङको स्मृति दिवसका सन्दर्भमा पार्टीले मंगलबार आयोजना गरेको 'सुवास र संविधान' विषयक प्रवचन कार्यक्रममा ओलीले त्यस्तो बताएका हुन्।

'अब संविधान संशोधन गर्दा हामीले बढी ध्यान पुऱ्याउनुपर्छ। तत्काल चाहिएको एउटा विषय मात्र होइन, केही विषय जो राम्रो छलफल गरेर संशोधन गर्नुपर्ने हुन्छ,' ओलीले भने, 'गम्भीरताभन्दा बढी भावनामा, आफ्नै विचारभन्दा लादिएको आयातित विचारका आधारमा दबाब दिने र अनेक प्रकारका बेठीक उद्देश्य राख्ने देखिएकाले फेरि हतार गर्नुपर्ने अवस्था छैन।' देश साँच्चै गम्भीर अवस्थामा पुगेकाले सबै राजनीतिक दलले गम्भीर भएर नसोचे दुर्घटना निम्तिन सक्ने खतरा देखिएको ओलीको भनाइ थियो।

संविधान निर्माणको अगुवाइ गर्ने सुवास नेम्वाङको अभावमा सबै मिलेर संविधानको उपलब्धिको रक्षा गर्दै अघि बढ्नुपर्ने आवश्यकता रहेको ओलीले बताए। संविधान निर्माण नगर्न आन्तरिक र बाह्य दबाबलाई चिरेर नेम्वाङले संविधानसभाबाट संविधान निर्माणमा भूमिका खेलेको भन्दै ओलीले त्यसअघि पनि अन्तरिम संविधान निर्माणमा उनको भूमिका रहेको चर्चा गरे।

एकीकृत समाजवादीका सम्मानित नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले वामपन्थीहरूले अलग-अलग पार्टी चलाउनुको अर्थ नभएको भन्दै एउटै बलियो कम्युनिस्ट पार्टी बनाउनुपर्ने धारणा राखे। खनालले संविधान निर्माणमा सहजीकरण र समन्वयको भूमिका खेलेर नेम्वाङले संविधान निर्माण गर्ने आधार बनाएको बताए। कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले संविधान निर्माणमा नेम्वाङको नेतृत्वदायी भूमिकाको चर्चा गरे।

माओवादी केन्द्रकी नेतृ एवं पूर्वसभामुख ओनसरी घर्तीले नेम्वाङसँगको १३ वर्षसम्मको लामो सहकार्यको स्मरण गर्दै अठ्यारो परेको वेला सधैं सहयोग पाएको बताइन्। लोसपाका नेता सर्वेन्द्रनाथ शुक्लाले संविधान ल्याउनमा नेम्वाङको भूमिका महत्त्वपूर्ण रहेको बताए। जसपाका केन्द्रीय सदस्य रकम चेम्जोङले नेम्वाङको निधनबाट संविधान कार्यान्वयनमा चुनौती थपिएको बताएका थिए।

■ सप्तऋषिको पूजा



भाद्र शुक्ल पञ्चमीका दिन नेपाली हिन्दू धर्मावलम्बी महिलाले अरुन्धतीसहित सप्तऋषिको पूजा-आराधना गरी ऋषिपञ्चमी मनाउँछन्। तिजको व्रत बसेको भोलिपल्ट मंगलबार बिहान महिलाहरू काठमाडौंको टेकु दोभानमा स्नान र पूजाका लागि पुगेका थिए।

तस्बिर : संजित परियार/नयाँ पत्रिका

बाँकेमा बन्यो तीन हजार क्षमताको कारागार

बाल सुधारगृह सञ्चालन गर्न सरकारले दियो स्वीकृति

बाँकेमा विश्वराज पछ्लडङ्गया

बैजनाथ गाउँपालिका- ३ नौबस्तामा निर्माण भएको क्षेत्रीय कारागारलाई नेपाल सरकारले बाल सुधारगृह स्थापना तथा सञ्चालन गर्न स्वीकृति दिएको छ। पहिलो चरणको संरचना निर्माण पूरा भएको एक वर्षपछि क्षेत्रीय कारागारलाई बाल सुधारगृह स्थापना तथा सञ्चालन गर्न स्वीकृति दिएको हो।

करिब नौ बिघा क्षेत्रफलमा फैलिएको उक्त कारागार तीन हजार कैदी अट्ने क्षमताको छ। भ्याटबाहेक ४६ करोड ४४ लाख ७० हजार सात सय ९५ रुपैयाँ लागतमा सम्झौता भएकोमा कुल ४६ करोड २२ लाख सात हजार ६ सय ७६ रुपैयाँमा निर्माण सम्पन्न भएको भवन डिभिजन कार्यालय नेपालगन्जका प्रमुख विजयकेशर खनालले जानकारी दिए। उक्त भौतिक संरचना इलाका प्रहरी कार्यालय चिसापानीले रेखदेख गर्दै आएको छ। दिउँसोको समयमा एकजना र रातको समयमा दुईजना प्रहरीले ड्युटी दिँदै आएको सुरक्षार्थ खटिएका एक प्रहरीले बताए।

८ कात्तिक ०७३ मा सम्झौता भई २३ कात्तिक ०७९ मा निर्माण सम्पन्न भएको उक्त कारागारमा कैदीबन्दीका लागि आठवटा ब्लक



निर्माण गरिएको छ। त्यसैगरी, कैदीबन्दीका लागि चारवटा वर्कसप, चार किचेन तथा डाइनिङ, चार शौचालय, नेपाल प्रहरी र सशस्त्र प्रहरीका लागि एक-एकवटा भवन, १० वटा सेन्ट्री पोस्ट, चार भिजिटर ब्लक र एउटा भेटघाट भवन निर्माण गरिएको छ।

सुरक्षाका लागि अग्लो पर्खाल र खानेपानी ट्यांकी पनि निर्माण भएको छ। पहिलो चरणमा कैदीबन्दी राख्न मिल्ने भौतिक संरचना निर्माण भइसकेको खनालले बताए। उनले अस्पताल, विद्यालय, सशस्त्र प्रहरी र नेपाल प्रहरीका लागि अर्को भवन निर्माण गर्न बाँकी रहेको उल्लेख गरे। 'नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी तीन सयजना बस्ने ब्यारेक, मुख्य कारागार भवन, प्रशासनिक भवन, भान्सा, आठवटा जेल युनिटलगायत विभिन्न २५ वटा संरचना तयार भएका छन्,' खनालले भने।

मुद्दा फैसला भइसकेका कैदीलाई नौबस्ता कारागार र अपराधको प्रकृतिअनुसार खुला कारागारमा राखिने नीतिअनुसार निर्माण भएको बाँके कारागारका जेलर अर्जुनजंग शाहले बताए। नौबस्ताको कारागार सञ्चालनमा आएपछि पनि मुद्दा फैसला नभएका, मुद्दा सुनुवाइका लागि अदालत लैजानुपर्ने थुनुवा, उपचार गराउनुपर्ने बिरामी, ज्येष्ठ नागरिक थुनुवालाई नेपालगन्जस्थित पुरानै कारागारमा राखिने उनले बताए।

■ क्षेत्रीय कारागारमा के-के छन् सुविधा ?

नयाँ निर्माण भएको क्षेत्रीय कारागार मानवोचित व्यवहार र आधारभूत मानव अधिकार उपभोग गर्न पाउने व्यवस्थासहित निर्माण गरिएको छ। आर्थिक उपार्जन गर्ने खालका सीपको व्यवस्था, मनोरञ्जन, खेलकुद, शिक्षा, स्वास्थ्य, खानपानलगायत आधारभूत मापदण्ड पूरा गरिएको छ।

'कारागारलाई सुधार केन्द्रका रूपमा विकास गर्ने उद्देश्यले नयाँ संरचना निर्माण गरिएको हो। यो कारागारमा कैदीबन्दीले तालिम लिन मिल्ने ठूला हलको व्यवस्था गरिएको छ। सीपमूलक तालिमलगायत अन्य तालिम दिन सकिनेछ। कारागारको नियम उल्लंघन गर्नेलाई कष्टकर सजाय दिन अलग्गै दुईवटा अँध्यारा साँघुरा कोठा पनि निर्माण गरिएको छ,' जेलर शाहले भने।

नौबस्तास्थित क्षेत्रीय कारागारको भौतिक संरचना त्यसै खेर जानु दुर्भाग्य भएको मानव अधिकारकर्मी वसन्त गौतमले बताए। निर्माण भएका संरचना प्रयोगका लागि राज्यले पहल गर्नुपर्ने उनको भनाइ छ। 'कैदीबन्दीको हक अधिकारको संरक्षण गरी सेवा-सुविधा सरल, सहज र प्रभावकारी बनाउन पनि नौबस्ताको क्षेत्रीय कारागारलाई शीघ्र सञ्चालनमा ल्याउनुपर्छ,' उनले भने।

संक्षेप

जनमतले राख्यो संविधान संशोधनको माग

काठमाडौं/ सत्तारूढ दल जनमत पार्टीले संविधान संशोधनको माग गरेको छ। संविधान दिवसको पूर्वसन्ध्यामा मंगलबार विज्ञप्ति जारी गर्दै जनमतले संविधान संशोधनको माग गरेको हो। जनमत पार्टीका केन्द्रीय प्रवक्ता डा. शरदसिंह यादवले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'गणतन्त्र, संघीयता, समानुपातिक समावेशिताका लागि धन्यवाद छ। अपुरो संविधानलाई संशोधन गरी संस्थागत बनाउन सबैको साझा पहलका लागि जोडदार माग गर्दछौं।'

सुनकोशी नदीमा एक पुरुषको शव फेला

रामेछाप/ खाँडादेवी गाउँपालिका- १ खैरेनीस्थित मोटरबोले पुलनजिकै सुनकोशी नदी किनारमा मंगलबार एक पुरुषको शव फेला परेको छ। सुनकोशी नदीले बगाएर ल्याएको उक्त शव खैरेनीस्थित सुनकोशी नदी किनारमा तैरिरहेको अवस्थामा स्थानियहरूले देखेपछि प्रहरीलाई खबर गरेका थिए। पहिचान खुल्न नसकेको शव अन्दाजी ५०-५२ वर्षजस्तो देखिने पुरुषको भएको प्रहरीले जनाएको छ। प्रहरीले शव भेटिएको घटनास्थलमा पुगी मुचुल्का उठाएर पोस्टमार्टमका लागि मन्थली अस्पतालमा ल्याएको छ।

झडप एकको मृत्यु, तीन घाइते

बुटवल/ रुपन्देहीको तिलोत्तमामा भएको झडपमा परी एकजनाको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन्। मृत्यु हुनेमा हेटौंडा घर भई रुपन्देहीको मंगलापुरमा बस्ने सुरेश स्याङ्तान छन्। प्रहरीका अनुसार सोमबार विश्वकर्मा पूजापछि रमाइलो गर्ने क्रममा झडप भएको हो। इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डिएसपी दानबहादुर थापाका अनुसार तिलोत्तमा- ९ केवलानीमा भवन निर्माणसँग सम्बन्धित मजदुर विश्वकर्मा पूजा गरेपछि रमाइलो गर्ने क्रममा झडप भएको हो। 'विश्वकर्मा पूजापछि मदिरा सेवन गरी नाचगानसहित रमाइलो गर्दा उनीहरूबीच झडप भएको देखिन्छ, तर घटना संवेदनशील रहेकाले फराकिलो दायरा बनाउँदै गम्भीर अनुसन्धानमा प्रहरी जुटेको छ,' डिएसपी थापाले भने।

अस्पताल बनाउन दाजुभाइले गरे जग्गा दान



रामेछापमा **दीपक भट्ट**

गाउँमा अस्पताल नहुँदा आफ्नी आमाले उपचार नपाएर अकालमा ज्यान गुमाउनुपरेपछि रामेछापका दुई दाजुभाइले अस्पताल बनाउन दुई रोपनी जग्गा दान गरेका छन् । रामेछापको सुनापती गाउँपालिका- २ दिमीपोखरीको गाल्पा बतासेडाँडामा सामुदायिक अस्पताल बनाउन मोहनकुमार तामाङ र शम्भु घिसिङले दुई रोपनी जग्गा दान गरेका हुन् ।

डा. दिलबहादुर तामाङले योजना अघि सारेको योजनामा सघाउँदै मोहन र शम्भुले कान्छीमाया तामाङ मेमोरियल सामुदायिक अस्पतालको नाममा मालपोत कार्यालय रामेछापमा जग्गा रजिस्ट्रेसन पास गरिदिएका हुन् । दुई दाजुभाइले प्रदान गरेको उक्त जग्गाको मूल्य अहिलेको बजार भाउअनुसार करिब ५० लाख रुपैयाँ पर्ने मालपोत कार्यालय रामेछापले जनाएको छ । अहिले निर्माण गर्न लागिएको अस्पताल खाँडादेवी, सुनापती र दोरम्बा गाउँपालिकाको केन्द्रबिन्दुमा पर्ने भएकाले उक्त क्षेत्रमा अस्पताल अतिआवश्यक रहेको स्थानीयहरूले बताएका छन् ।

■ कांग्रेसको केन्द्रीय बैठकअघि शेखर-गगन समूहको भेला

सभापति एकलौटी चलेको निष्कर्ष, सशक्त आवाज उठाउने

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेस केन्द्रीय कार्यसमिति बैठकको ठीकअघि संस्थापनइतरको शेखर-गगन समूहले भेला गरी पार्टी सभापतिको कार्यशैलीको पुनः आलोचना गरेको छ । मंगलबार बसेको भेलाले पार्टीभित्र पर्याप्त छलफल नगरी पार्टी सभापति शेरबहादुर देउवा पुनः एकलौटी चल्न खोजेको भन्दै आलोचना गरेको हो । भेलाले पार्टी नेतृत्वको एकलौटी कार्यशैलीका विरुद्धमा केन्द्रीय कार्य समिति बैठकमा सशक्त रूपमा प्रस्तुत हुने निष्कर्ष निकालेको छ । कांग्रेसको केन्द्रीय कार्यसमिति बैठक ४ असोजमा काठमाडौंमा बस्दै छ ।

भेलामा इतरसमूहका नेता शेखर कोइरालाले नै सभापति देउवा एकलौटी अघि बढ्न खोजेको भन्दै आलोचना गरेका थिए । उनले केन्द्रीय समितिमा सभापतिको सो कायैशैलीको सशक्त विरोध गर्न सहभागीहरूलाई आह्वान गरेका थिए ।

'सभापतिज्यू पार्टीमा छलफल नगरी एकलौटी चल्न खोजेकाले हामीले यसको विरोध गर्नुपर्छ भन्ने धारणा नेता कोइरालाले राख्नुभयो,' भेलामा सहभागी एक केन्द्रीय सदस्यले भने, 'कोइरालाले केन्द्रीय कार्य समितिमा देश र पार्टीको अवस्था देशको समसामयिक राजनीतिक विषय र पार्टीका समस्यालाई जोडतोडसँग उठाउन तथा पार्टी नेतृत्व र सरकारलाई दबाब पुग्ने गरी प्रस्तुत हुन आह्वान गर्नुभयो ।'



नेता दिलेन्द्रप्रसाद बडूका अनुसार बैठकमा केन्द्रीय समिति बैठकका एजेन्डा र इतरको रणनीतिबारे भेलामा छलफल भएको थियो । 'केन्द्रीय कार्यसमिति बैठक, बैठकको निर्णय कार्यान्वयनको अवस्था, पार्टीलाई थप क्रियाशील बनाउने र आगामी कार्यदिशाबारे छलफल भयो,' उनले नयाँ पत्रिकासँग भने । बैठकअघि साझा धारणा बनाउन बालुवाटारमा बसेको भेलामा पनि नेता कोइरालाले महामन्त्री गगन थापालगायतका पदाधिकारी र केन्द्रीय सदस्यलाई पार्टी नेतृत्वलाई दबाब पुग्ने गरी सशक्त रूपमा प्रस्तुत हुन निर्देशन दिएका थिए ।

केन्द्रीय सदस्य डा. गोविन्द पोखरेलका अनुसार आगामी बिहीबार बस्ने केन्द्रीय कार्यसमिति बैठकमा भ्रातृ संस्थालाई विधिसम्मत बनाउन, इतरको उपस्थिति र भूमिका बढाउन, अनुशासनको कारबाहीलाई समान बनाउन आवाज उठाउने विषयमा चर्चा भएको थियो । यस्तै, भ्रष्टाचार अन्त्यका लागि कांग्रेसले चलाउनुपर्ने अभियान, क्षेत्रीय र प्रदेश कार्य समितिका मनोनयन तथा सरकारका कार्यशैलीलगायतलाई बैठकमा उठाउनेबारे छलफल भएको थियो ।

'कांग्रेसले नै भ्रष्टाचारको अभियान रोकेको सन्देश गयो भन्ने आवाज बैठकमा उठ्यो । भ्रष्टाचारका विषयलाई कांग्रेसले अभियानका रूपमा अगाडि बढाउनुपर्ने र पार्टी र देशमा समस्यालाई बैठकमा जोडतोडले उठाउने भन्ने भयो,' पोखरेलले भने । केन्द्रीय समिति बैठकअघि डा. कोइरालाले इतरको भूमिका सशक्त बनाउन टिम बिल्डिङको रणनीति थालेका छन् ।

● भेलामा आएनन् शर्मा र पौडेल

भेलामा आमन्त्रण गरिएका महामन्त्री विश्वप्रका शर्मा र युवा नेता प्रदीप पौडेल सहभागी भएनन् । पौडेल चीन भ्रमणका कारण बैठक उपस्थित भएका थिएनन् । नेता कोइरालाले पूर्वनिर्धारित कार्यक्रमका कारण पौडेल बैठकमा सहभागी हुन नसकेको जानकारी गराएका थिए । पौडेलको सचिवालयका अनुसार बुधबार चीनमा हुने कार्यक्रममा सहभागिताका लागि मंगलबार नै त्यसतर्फ प्रस्थान गरेका छन् । महामन्त्री शर्मा भने नेपालमै भए पनि सहभागी भएनन् । बैठकअघि सामाजिक सञ्जालमार्फत धारणा सार्वजनिक गर्दै उनले बैठकमा सहभागी नहुने संकेत गरेका थिए ।

महामन्त्री शर्माले पार्टीभित्र फरक विचार हुनु स्वाभाविक भन्दै महामन्त्रीको जिम्मेवारीप्रति आफू सजग रहेको उल्लेख गरेका छन् । उनले नीति अधिवेशनबाट नीति र नेतृत्वको विषय टुंगो लगाउनुपर्ने उल्लेख गरेका छन् । 'दलहरूमा फरक विचार र समूह हुनु स्वाभाविक हो । कांग्रेसमा पनि यो छ । तर, अहिलेको समय महासमितिबाट नीति, गति र मतिउपर साझा दृष्टि निर्माणको समय हो । यो कर्ममा महामन्त्रीले संयोजन र सम्पादन गर्नुपर्ने जरुरी विषयप्रति सजग छु र रहनेछ,' महामन्त्री शर्माले सामाजिक सञ्जाल एक्समा लेखेका छन् ।

भेलाका सहभागीहरूले शर्मा र पौडेलको अनुपस्थितिबारे प्रश्न उठाएका थिए । जवाफमा महामन्त्री थापाले महामन्त्री शर्मासँग थप छलफल गरेर समूहमा ल्याउने प्रयास निरन्तर रहेको बताएका थिए । 'अब शेखर कोइराला र महामन्त्री शर्मालाई सँगै राखेर छलफल गर्छौं र अर्को बैठकमा सहभागी हुने वातावरण बनाउन लागिपर्नेछौं । समूहमा ल्याउने प्रयास निरन्तर छ,' थापाले भनेका थिए ।

धनगढी उपमहानगरले विपन्नलाई दाहसंस्कार खर्च दिने

धनगढीमा **तेजराज भट्ट**

धनगढी उपमहानगरपालिकाले नगरवासीको मृत्यु भएमा मृतक परिवारलाई दाहसंस्कार खर्च उपलब्ध गराउने भएको छ । आइतबार बसेको उपमहानगरको कार्यपालिका बैठकले नगरमा कुनै व्यक्तिको मृत्यु भएमा दाहसंस्कारका लागि दाउरा खरिद गर्न परिवारलाई पाँच हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको नगरप्रमुख गोपाल हमालले जानकारी दिए ।

विपन्नले परिवारका सदस्यको मृत्यु हुँदा दाउरा किनेर दाहसंस्कार गर्नसमेत समस्या भोग्दै आएकाले उपमहानगरले आर्थिक सहयोग गर्ने निर्णय गरेको नगरप्रमुख हमालले बताए । दाउरा किन्न नसक्दा दाहसंस्कारमा समस्या भोग्नु नपरोस् भनेर विपन्न परिवारलाई लक्षित गर्दै यस्तो व्यवस्था गरिएको उनले बताए । 'परिवारका सदस्य वा आफन्तको मृत्यु हुँदा आफ्नो पैसाले दाउरा किनेर दाहसंस्कार गर्न समस्या भएका विपन्न, असहायले टोल फ्री नम्बरमा फोन गरेर नगर प्रहरीलाई खबर गर्न सक्नुहुनेछ,' उनले भने, 'वडासँगको समन्वयमा त्यतिवेलै घरमा गएर दाहसंस्कारका लागि पाँच हजार रुपैयाँ दिने निर्णय गरेका छौं ।'

यस्तो सहयोगका लागि कुनै प्रक्रिया आवश्यक नपर्ने उनले बताए ।

दाउरा किन्न नसक्दा टायर बालेर घाटमा लास जलाएको आफूले देखेको उनले बताए । उपमहानगरको नवौं स्थापना दिवसको अवसरमा सोमबार धनगढीमा आयोजित कार्यक्रममा नगरप्रमुख हमालले नगरभित्र शववाहन र एम्बुलेन्स सेवा पनि उपमहानगरले निःशुल्क उपलब्ध गराउँदै आएको जानकारी दिएका थिए । त्यस्तै, नगरभित्र पाँचवटा सामुदायिक विद्यालयलाई नमुना विद्यालयको रूपमा विकास गर्ने प्रक्रिया अगाडि बढाइएको जानकारी पनि उनले दिए । ती विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन गराउनुका साथै आवश्यक पूर्वाधार र जनशक्ति थप गरिने उनले बताए । 'प्रत्येक वर्ष नमुना विद्यालय थप्दै जानेछौं, हरेक वडामा कम्तीमा एउटा नमुना विद्यालय बनाउने योजना छ,' कार्यक्रममा नगरप्रमुख हमालले भनेका थिए । शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारलाई प्राथमिकतामा राखेर उपमहानगरले काम गरिरहेको उनको भनाइ थियो ।

नेपाल बारको साधारणसभा सुर्खेतमा हुने

सुर्खेत/ नेपाल बार एसोसिएसन केन्द्रीय कार्यसमितिको वार्षिक साधारणसभा कर्णाली प्रदेशको राजधानी सुर्खेतमा हुने भएको छ । कर्णालीका पर्यटकीयस्थलको पहिचान गर्न र यहाँको रीतिरिवाजलाई नेपालभर चिनाउन १२ र १३ असोजमा सुर्खेतमा वार्षिक साधारणसभा आयोजना गर्ने निर्णय भएको केन्द्रीय उपाध्यक्ष उत्तमप्रसाद आचार्यले जानकारी दिए । साधारणसभामा देशभरबाट एक हजार एक सय प्रतिनिधि सहभागी हुनेछन् । उपाध्यक्ष आचार्यका अनुसार साधारणसभाका बखत रारालगायतका कर्णालीका पर्यटकीय क्षेत्रको भ्रमणका लागि यातायात व्यवसायीसँग टुर प्याकेजको व्यवस्था गरिएको छ ।

बागमती प्रदेशका उत्कृष्ट आठ विद्यालय पुरस्कृत



मकवानपुर/ राष्ट्रिय शिक्षा दिवसका अवसरमा बागमती प्रदेश सरकारले उत्कृष्ट पाँच सामुदायिक र तीन संस्थागत गरी आठ विद्यालयलाई पुरस्कृत गरेको छ । गत वर्ष सञ्चालन भएको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा कम्तीमा ३५ जना परीक्षार्थी सहभागी गराएको विद्यालयमध्येबाट उत्कृष्टताका आधारमा छनोट भएकालाई मंगलबार समाजिक विकास मन्त्रालयले पुरस्कृत गरेको हो । पुरस्कृत हुनेमा सामुदायिकतर्फ भक्तपुरको मेधा माध्यमिक विद्यालय प्रथम, नुवाकोटको पृथ्वी माध्यमिक विद्यालय द्वितीय र काठमाडौंको श्रम राष्ट्रिय माध्यमिक विद्यालय तृतीय हुन् । काठमाडौंकै पृथ्वीनारायण माध्यमिक विद्यालय र बलम्बु माध्यमिक विद्यालय क्रमशः चौथो र पाँचौं भएका छन् ।

संस्थागततर्फ बुढानीलकण्ठ नगरपालिकाको रिलायन्स इन्टरनेसनल एकेडेमी, काठमाडौंको बालुवाटारको हिज किड्स इन्टरनेसनल स्कुल र टोखाको फ्लोरोसेन्ट माध्यमिक विद्यालय क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् । प्रथम, द्वितीय र तृतीय भएका विद्यालयलाई क्रमशः एक लाख, ८० हजार, ६० हजार नगद प्रदान गरिएको छ । त्यस्तै, चौथो र पाँचौं हुने विद्यालयले पनि क्रमशः ४० हजार र ३० हजार पाएका छन् ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले प्रदेश सरकारले प्राविधिक शिक्षालाई जोड दिने गरी नीति बनाउन लागेको बताए । उनले प्रदेशभित्रका विद्यालयमा कृषि, स्वास्थ्य र प्राविधिक शिक्षालाई प्राथमिकता दिइने बताए । सामाजिक विकासमन्त्री कुमारी मोक्तानले समाज सुधारका लागि पहिलो व्यक्ति शिक्षक भएकाले विद्यालयस्तरको शिक्षा सुधारमा योगदान पुऱ्याउन आग्रह गरिन् ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थली, काठमाडौं

ठेक्का रद्द गरिएको सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८०।०६।०३

यस नगरपालिकाद्वारा मिति २०८०।०५।१३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-bidding Portal मार्फत आव्हान गरिएको बोलपत्र सम्बन्धी सूचनाको क्र.सं. ४ मा रहेको Contract Identification No. Gari Basti Road/W/NCB/04/2080-81 र Name of Project: Gari Basti Tol Road Pavement Work को ठेक्का सम्बन्धी कार्य यस कार्यालयको मिति २०८०।०६।०२ को निर्णय बमोजिम रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०६/०३ गतेको नयाँ पत्रिका दैनिक

तपसिलमा उल्लेखित तपाई ऋणीले यस एसएनएस कोअपरेटिभ सर्भिस लिमिटेडको केन्द्रिय कार्यालय मार्फत प्राप्त गर्नु भएको ऋण रकम बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, बिलम्ब शुल्क आदि चुक्ता भुक्तान गर्न पटकपटक मौखिक, लिखित तथा फोन, मार्फत तारताकेता गर्दा समेत नतिरि नबुझाई संस्थासँग भएको कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएको हुँदा ऋणी तथा व्यक्तिगत जमानीकर्ता लगाएत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र संस्थाको केन्द्रिय कार्यालय डिल्लीबजार, काठमाण्डौको कर्जा तथा असुली शाखा वा सम्बन्धित सेवाकेन्द्रमा सम्पर्क राखी कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जना आदि रकम अविलम्ब चुक्ता भुक्तान गर्नुहोला, अन्यथा प्रचलित कानुन तथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको कर्जा असुली नियमावली २०७६ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : अमिता खड्का	धनजमानिकर्ता : प्रचण्ड खड्का
	
बाबु : भक्त बहादुर खड्का बाजे : कर्ण बहादुर खड्का ना.प्र.नं.: १३-०१-७७-००९२५ जारी मिति २०७७/०७/२६ (ओखलढुंगा) ठेगाना: काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ६, बस्ने ।	बाबु : भक्त बहादुर खड्का बाजे : कर्ण बहादुर खड्का ना.प्र.नं. : १३१०४३/२३९ जारी मिति २०६८/०४/०२ (ओखलढुंगा) ठेगाना : काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ६, बस्ने ।

धितोको विवरण

❖ अमिता खड्काको नाममा मालपोत कार्यालय साँखु, काठमाण्डौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला साविक गागलफेदी गा.वि.स वडा नं. ७, नक्सा सिट नं. ७क स्थित कित्ता नं. २८१ को जम्मा क्षेत्रफल ६५१.८० वर्गमिटरको जग्गा र उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

नेपाल सरकार साविक डिभिजन सहकारी कार्यालय हाल: सहकारी विभागबाट इजाजत प्राप्त संस्था

SNS CO-OPERATIVE LTD. **एसएनएस को-अपरेटिभ सर्भिस लि.** SNS CO-OPERATIVE SERVICE LTD.
Head Office
Dillibazar, Kathmandu
Tel: 015900725

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त वित्तीय संस्था
BFC
प्रधान कार्यालय
बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन: ०१-४५४२४६१/६२/६३

तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने जरुरी सूचना

सूचना प्रकाशित मिति २०८०/०६/०३ गते नयाँ पत्रिका दैनिक

यस वित्तीय संस्थाको तपसिलको शाखा कार्यालयहरुबाट ऋण कर्जा उपभोग गरी आएका तपसिलमा उल्लेखित ऋणीहरुले कर्जा लिदाका बखत गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरी संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने रकम भाखा अवधि भित्र चुक्ता भुक्तान नगरी वारम्वार लिखित तथा मौखिक तरताकेता गरी जानकारी गराउँदा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाई बेवास्ता गरी वस्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले **३५ दिन भित्र** संस्थामा सम्पर्क राखि संस्थालाई तिर्न बुझाउन बाँकी रहेको सम्पूर्ण साबाँ, ब्याज, हर्जना तथा अन्य दै-दस्तुर रकम समेत चुक्ता फर्छ्यौट गर्न गराउन सम्बन्धित ऋणी, फर्मका प्रोप्राईटर, जमानीकर्ता तथा धितो सुरक्षण लेखि दिनु हुने जग्गाधनी समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ । उपरोक्त समय अवधि भित्र पनि संस्थाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरे/नगराएमा नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकिकृत निर्देशन बमोजिम तपाई ऋणी, फर्मका प्रोप्राईटर तथा जमानीकर्ता समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा सूचिकृत गरी कर्जा लिदाका बखत धितो सुरक्षणमा लेखि लेखाई दिएको श्रीसम्पत्ति तथा जायजेथा कानून बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपरका लागि आवश्यक कानूनी कारवाही प्रारम्भ गरिने व्यहोरा जानकारी गराइन्छ । सुरक्षणमा रहेको श्रीसम्पत्तिवाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा जमानीकर्ताहरुको घरघरानामा रहेको अन्य चल-अचल जायजेथा/श्रीसम्पत्ती समेतवाट कानून बमोजिम असुल उपर गरिने व्यहोरा यसै सूचना मार्फत सचित गरिन्छ ।

तपसिल:

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
१. ऋणीको नाम: जंग बहादुर गुरुङ बाबुको नाम: पदम बहादुर गुरुङ बाजेको नाम: सर्वोजित गुरुङ स्थायी ठेगाना: शिवमन्दिर गा.वि.स. वडा नं. २ नवलपरासी । हाल ठेगाना: कावासोती न.पा. वडा नं.३, नवलपरासी (व.सु.पु) । ना.प्र.नं.: २५२०१ जारी मिति: २०५८/११/१२ जारी जिल्ला: नवलपरासी **शाखा कार्यालय: कावासोती,** **कर्जा शिर्षक: व्यक्तिगत कर्जा**	१. शान्ती माया गुरुङ पतिको नाम: जंग बहादुर गुरुङ ससुराको नाम: पदम बहादुर गुरुङ बाबुको नाम: शुक बहादुर गुरुङ स्थायी ठेगाना : शिवमन्दिर गा.वि.स. वडा नं. २ नवलपरासी । हाल ठेगाना: कावासोती न.पा. वडा नं. ३, नवलपरासी (व.सु.पु) । ना.प्र.नं.: ४१०२४ जारी मिति: २०६१/११/१४ जारी जिल्ला: नवलपरासी (व.सु.पु)

सुरक्षण धितोको विवरण:

१. सर्वोजित गुरुङको नाती पदम बहादुर गुरुङको छोरा, **जंग बहादुर गुरुङ**को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको, जिल्ला नवलपरासी गा.वि.स. शिवमन्दिर वडा नं २/क स्थित कि.नं १५२६ को जम्मा क्षेत्रफल ०-१-० को जग्गा र घर उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
२(क). ऋणीको नाम: श्री चिकेन हाउस ठेगाना: बुटवल उ.म.न.पा रुपन्देही दर्ता नं.: १३४०५ दर्ता मिति: २०७६/११/०१ संसोधन दर्ता मिति: २०७९/०५/२१ स्थायी लेखा नम्बर: ६०९१८३४९० फर्मको ठेगाना: बुटवल उप.म.न.पा. वडा नं. ८ बुद्धपथ, रुपन्देही **प्रोप्राईटरको नाम: राजु श्रेष्ठ** **कर्जा शिर्षक: कृषि ओ.डी.कर्जा** **शाखा कार्यालय: मिलनचोक बुटवल ।** २(ख). ऋणीको नाम: श्री लुजन ट्रेडर्स ठेगाना: बुटवल उ.म.न.पा, रुपन्देही दर्ता नं.: ९/०७/०७७/०७८ दर्ता मिति: २०७८/०४/२५ स्थायी लेखा नम्बर: १२६८९७९८० फर्मको ठेगाना: बुटवल उप.म.न.पा. वडा नं.७ विरकिशोरपथ रुपन्देही । **प्रोप्राईटरको नाम: सुनिता श्रेष्ठ** **कर्जा शिर्षक: महिला उद्यमशील ओ.डी.कर्जा** **शाखा कार्यालय: मिलनचोक बुटवल**	१. राजु श्रेष्ठ बाबु: राम बहादुर श्रेष्ठ बाजे: रत्न प्रसाद श्रेष्ठ ठेगाना: बुटवल उप.म.न.पा. वडा नं. ३ गोलपार्क, रुपन्देही । ना.प्र.नं.: १३५२४ जारी मिति: २०५८/०४/१२ जारी स्थान: रुपन्देही २. सुनिता श्रेष्ठ पति: राजु श्रेष्ठ ससुरा: राम बहादुर श्रेष्ठ ठेगाना: बुटवल उप.म.न.पा. वडा नं. ३ गोलपार्क, रुपन्देही । ना.प्र.नं.: ३७-०२-७४-०५२३१ जारी मिति: २०७४/०५/१६ जारी स्थान: रुपन्देही

धितो सुरक्षणको विवरण:

१. राम बहादुर श्रेष्ठको नाती, रत्न प्रसाद श्रेष्ठको छोरा, **राजु श्रेष्ठ**को नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल वडा नं ९/ग स्थित कि.नं.४०२३ क्षेत्रफल ०-२-९.७५ विगाहाको घर/जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरूबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरासमेत जानकारी गराउँदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि. शाखा दुहबी, सुनसरी

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	बाजेको नाम	ग्राहकको पिता/पतिको नाम	उद्देश्य	बाँकी साँवा रकम	मिति २०८०/०५/३१ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम	धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम
१.	अपेक्षा सप्लायर्स, प्रो. रमेश बस्नेत	दुहवी न.पा.-४, सुनसरी	मिन ब.बस्नेत	जगत बहादुर बस्नेत क्षेत्री	व्यापार कर्जा (स्थिर पुँजी)	५,४५,३६३।७२	१७,६९५।६७	५,६३,०५९।३९	जगत बहादुर बस्नेत क्षेत्री
					व्यापार कर्जा (चालु पुँजी)	१०,००,०००	९६,८३९।१८	१०,९६,८३९।१८	मिरा खड्का बस्नेत
२.	पृथ्वी राज तामाङ	साविक खनार-१ सुनसरी भई हाल ईटहरी-१०, डुमरटक्का, सुनसरी	सम्सेर बहादुर	सुर्य बहादुर तामाङ	हायर पर्चेज कर्जा	१३,७७,८६५।८३	४७,४०६।४१	१४,२५,२७२।२४	गोमा तामाङ
					घरायशी कर्जा	१८,००,०००	७३,६६१।८४	१८,७३,६६१।८४	सागर तामाङ
३.	गीता देवी तामाङ	भलुवा १, सुनसरी भई हाल : दुहवी-७, सुनसरी		धर्मराज तामाङ	सरल कृषि कर्जा	१०,००,०००	८७,३३९।२९	१०,८७,३३९।२९	अमृत बहादुर तामाङ
४.	रितु कस्मेटिक तथा आर्ट सेन्टर, प्रो.तुफान सिंह चौधरी	औरावनी-२, सुनसरी		राज नारायण चौधरी	व्यापार कर्जा	९,८९,४६५।४८	३७,१८३।९४	१०,२६,६४९।४२	गिताकुमारी माझी
५.	सुभाषचन्द्र चौधरी	सोनापुर-४, सुनसरी	बाबुराम माझी	सखिचरण माझी	व्यक्तिगत ओ.डी.	४,०४,५२५।४५	३८,१३१।६०	४,४२,६५७।०५	ललिता चौधरी
६.	मनिकुमारी भगत थरुनी	साविक तनमुना-९, सुनसरी भई, हाल : सुन्दरहरैचा न.पा.-४, मोरङ ।		धनिलाल भगत थारु	घरायशी कर्जा	३,००,०००	१३,२८२।८९	३,१३,२८२।८९	
७.	श्यामकुमारी विश्वास	साविक औरावनी-२ भई हाल : गढी गा.पा.-२, सुनसरी		नारायण प्रसाद चौधरी	घरायशी कर्जा	७,५०,०००	३७,९१९।७०	७,८७,९१९।७०	विशाल चौधरी

कृषि विकास बैंक लि.
कोशी प्रदेश कार्यालय, बिराटनगर



'मायावी'मा प्रशान्त ताम्राकार

दिवाकर भट्टराईले निर्देशन गर्न लागेको नयाँ नेपाली फिल्म 'मायावी'मा अभिनेता प्रशान्त ताम्राकार अनुबन्धित भएका छन् । फिल्म 'ऐश्वर्य' र 'क्याप्टेन'पछि दिवाकर र प्रशान्तको यो तेस्रो सहकार्य हो । यस फिल्मका लागि दीपिका प्रसाईं, सुशील सिटौला, करिश्मा श्रेष्ठलगायत कलाकार अनुबन्धित भइसकेका छन् ।



'ह्याप्पी डिभोर्स'मा केकी र रिमा

केकी अधिकारी र रिमा विश्वकर्माको मुख्य भूमिकामा चलचित्र 'ह्याप्पी डिभोर्स' बन्ने भएको छ । मंगलबार चलचित्रको कथासार बुझाउने म्युजिकल प्रिभ्युसमेत सार्वजनिक गरिएको हो । अभिनेता विमलेश अधिकारीको निर्देशनमा बन्ने यो चलचित्र जनवरीदेखि छायांकन हुनेछ ।

जथाभावी प्रयोग नगरौं 'एन्टिबायोटिक'

एन्टिबायोटिक रेसिस्टेन्सको चुनौती विकासोन्मुख देशमा भयावह



डा. नवीन रौनियार
कन्सल्ट्यान्ट फिजिसियन
नेपाल पुलिस अस्पताल

'एन्टिबायोटिक' ब्याक्टेरिया मार्ने औषधि हो । पछिल्लो समय संसारभर नै ब्याक्टेरियाविरुद्ध लड्ने एन्टिबायोटिकको क्षमतामा ह्रास आइरहेको छ । यस्तो अवस्थालाई मेडिकल भाषामा 'एन्टिबायोटिक रेसिस्टेन्स' भनिन्छ । जथाभावी प्रयोगका कारणले गर्दा एन्टिबायोटिकले काम गर्न छाडेको देखिन्छ । जसले गर्दा एन्टिबायोटिक रेसिस्टेन्स संसारभर अहिले चुनौतीको विषय बनेको छ । एन्टिबायोटिक रेसिस्टेन्सको चुनौती विकसित देशमा भन्दा पनि विकासोन्मुख देशमा अझ भयावह छ ।

एन्टिबायोटिक औषधि स्वास्थ्य संस्था र मेडिकलमा सजिलै उपलब्ध हुन्छन् । यसको प्रयोगमा राज्यको निगरानी देखिँदैन । जसले गर्दा अनावश्यक प्रयोग बढेको हो । चिकित्सककहाँ आइपुग्दासम्म बिरामीले आफूखुसी खरिद गरेर एन्टिबायोटिक सेवन गरिसकेका हुन्छन् । नेपाल, भारतलगायत मुलुकमा ८० प्रतिशत बिरामीले औषधि पसलबाट एन्टिबायोटिकको प्रयोग गरेको पाइन्छ । सामान्य बिरामी भइहाल्यो भने चिकित्सकको परामर्शविना एन्टिबायोटिक दिइन्छ ।

एन्टिबायोटिक औषधि एक सयभन्दा बढी किसिमका हुन्छन्, तर संक्रमण रोक्न थोरै किसिमका यस्ता औषधि मात्र प्रयोगमा ल्याइन्छ । निमोनिया, पिसाबमा संक्रमण, घाँटीको संक्रमण, पेटमा संक्रमणलगायत विभिन्न समस्याको निवारणमा यस्ता औषधि प्रयोग गरिन्छ । संक्रमणको किसिम, अवस्थालगायत विभिन्न आधारमा फरक खालका एन्टिबायोटिक प्रयोग गरिन्छ । अर्थात्, बिरामीको जाँच गरेर मात्र औषधि सेवन गर्नुपर्ने हुन्छ ।

एन्टिबायोटिकको क्षमता कम हुनुका कारण

जथाभावी एन्टिबायोटिक प्रयोगले बिरामीमा नकारात्मक असर परिरहेको हुन्छ । सामान्य बिरामी तथा रोग लाग्यो भने चिकित्सककहाँ जानुको सट्टा मेडिकलमा गएर एन्टिबायोटिक खाने चलन छ । जसले गर्दा शरीरमा नकारात्मक असर पुगिरहेको हुन्छ ।

तसर्थ, चिकित्सकसँग परामर्श गरेर मात्रै औषधि किन्नुपर्छ । विशेषगरी मिर्गौलाका बिरामीले पनि औषधि सेवन गर्दा ध्यान दिनुपर्छ । कतिपय अवस्थामा एन्टिबायोटिक औषधिको प्रयोग घातक पनि हुन सक्छ । जस्तै, गर्भावस्थामा एन्टिबायोटिक औषधि प्रयोग गर्दा यसले नकारात्मक परिणाम दिन्छ । त्यसैले चिकित्सकले सिफारिस नगरी आफैं औषधि प्रयोग गर्नुहुँदैन । त्यस्तै, आफूले प्रयोग गरेर बाँकी रहेको एन्टिबायोटिक अरूलाई प्रयोग गर्न पनि दिनुहुँदैन ।

बिरामीले डोजअनुसार औषधि प्रयोग नगर्दा थप अन्य समस्या निम्तिन सक्छ र लामो समय निको नहुन सक्छ । त्यस्तै, यसको जभाभावी सेवन गर्दा मानिसमा दीर्घकालीन असर पर्छ । बिरामी हुँदा सामान्य एन्टिबायोटिकले काम गर्न सक्दैन ।

चिकित्सकले सिफारिस गरेको पूरा औषधि नखाँदा, पसलेले बिरामीको उमेर र तौलको अनुपातमा एन्टिबायोटिकको मात्रा मिलाएर नदिँदा, कीटाणुको जाँच नगरी नै औषधि दिँदा एन्टिबायोटिकको गलत प्रयोग हुन सक्छ । जसले गर्दा औषधिले काम गर्न छोड्छ ।

नेपालजस्ता विकासोन्मुख देशमा एन्टिबायोटिकको अधिक प्रयोग भइरहेको हुन्छ । बिरामीले औषधिको पूरा डोज नलिँदा तत्काल रोग निको भए पनि स्वास्थ्यमा नकारात्मक असर परिरहेको हुन्छ । त्यस्तै, कहिलेकाहीं रोग निको नभएर मानिसमा एक किसिमको डर बढ्दै जान्छ । जसले गर्दा भयावह अवस्था सिर्जना हुन सक्छ । उपचारमा लामो समय लाग्ने हुँदा खर्चिलो हुन्छ । जसले गर्दा आर्थिक भार बढ्दै जान्छ । शरीरमा एन्टिबायोटिकले काम गर्न छाड्नुको प्रमुख कारण पनि यसको जथाभावी प्रयोग नै हो ।

शरीरमा एन्टिबायोटिक आवश्यक नभएको अवस्थामा पनि यसको प्रयोग गर्दा क्षमता घट्दै जाने गर्छ । जस्तो, भाइरल इन्फेक्सन अर्थात् रुघाखोकी सामान्यतया केही दिनमा आफैं निको हुने गर्छ, तर यसका लागि समेत एन्टिबायोटिकको प्रयोग गर्ने गरिन्छ ।

रोकथाम

एन्टिबायोटिक औषधि विभिन्न किसिमका हुने भएकाले सम्बन्धित रोगको परीक्षणविना प्रयोग गर्नुहुँदैन । सबै एन्टिबायोटिक औषधि सबैका लागि उपयुक्त नहुन सक्छ । बच्चामा पनि एन्टिबायोटिक औषधिले असर पार्ने भएकाले निकै ख्याल गर्नुपर्ने हुन्छ । कसरी सेवन गर्ने भन्ने कुरा एकदमै महत्त्वपूर्ण हुन्छ । रोग लागेपछि उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु राम्रो हो । तसर्थ, संक्रमणबाट बच्न सतर्क रहनुपर्छ । नियमित हात धुने, सरसफाइमा ध्यान दिने, स्वस्थ खानपान गर्ने, बिरामीसँग दूरी कायम राख्ने, आवश्यकताअनुसार खोपहरू लगाउनेलगायत उपायले विभिन्न संक्रमणबाट बच्न सकिन्छ ।

नियन्त्रणका केही उपाय

- सार्वजनिक जनचेता
- स्वस्थ खानपान अभ्यास
- नियन्त्रित फार्मेसी
- प्रभावकारी पहिचान र उपचार
- एन्टिबायोटिकको अधिक र गलत प्रयोगलाई निरुत्साहन
- कुखुरा/बाख्रालगायत जनावर तथा तरकारीमा एन्टिबायोटिकको प्रयोग कम गर्ने ।

बालबालिकामा क्रिकेट मोह

नतिजा होइन, क्षमता अभिवृद्धि महत्त्वपूर्ण

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को अनुसन्धानअनुसार विश्वमा क्रिकेट समर्थकहरूको संख्या एक अर्बभन्दा माथि छ । यसमध्ये ९० प्रतिशत समर्थक दक्षिण एसियाका छन् । यसमा पुरुष समर्थकको संख्या ६१ प्रतिशत र महिलाको संख्या ३९ प्रतिशत छ ।

पछिल्लो समय नेपालमा पनि क्रिकेटको माहोल बढ्दै गइरहेको छ । भर्खरै मात्र नेपालले एसिया कपमा पाकिस्तान र भारतसँग प्रतिस्पर्धा गऱ्यो । नेपाली टोलीका खेलाडीको खेल हेर्न धेरै युवा तथा बालबालिका क्रिकेटतर्फ आकर्षित छन् ।

क्रिकेटमा करिअर बनाउने सपना धेरैले देख्छन् । तर, सही गाइडेन्स र प्रशिक्षणको कमीका कारण धेरैको सपना अधुरै रहन्छ । राम्रो क्रिकेटर बन्नका लागि कुनै एक डिपार्टमेन्टमा मात्रै उत्कृष्ट भएर पुग्दैन । ब्याटिङ, बलिङ, फिल्डिङ र विकेट किपिङ अर्थात् अलराउन्ड स्किल जरुरी छ ।

राम्रो क्रिकेट खेलाडी बन्नका लागि समय लाग्छ । पर्याप्त अभ्यास चाहिन्छ । अभ्यासले नै बच्चाहरूको क्षमता अभिवृद्धि हुन्छ र उनीहरू



प्रोफेसनल क्रिकेटर बन्ने बाटोमा अघि बढ्छन् । त्यसैले स्कुले जीवनदेखि नै क्रिकेट सिक्नु राम्रो हुन्छ । आफ्ना बच्चालाई व्यावसायिक क्रिकेटर बनाउन चाहने अभिभावकले केही कुरा ख्याल गर्न जरुरी हुन्छ । बच्चाले एउटा लक्ष्य तय गर्नुपर्छ र पूरै एकाग्रतासहित त्यसलाई हासिल गर्नका लागि मिहिनेत गर्नुपर्छ ।

भारतीय क्रिकेट टिमका प्रशिक्षक राहुल द्रविड भन्छन्, 'जब अभिभावकले बच्चामा थोरै क्षमता देख्छन् । तब उनीहरू खुसी हुन्छन् र बच्चालाई उत्साहित बनाउँछन् । कहिलेकाहीं हामी आवश्यकताभन्दा धेरै उत्साहित भइदिन्छौं र बच्चाबाट ठूलो अपेक्षा राख्छौं । यसले दबाब सिर्जना हुन्छ र उनीहरूलाई असफल पनि बनाउन सक्छ ।'

उनी थप्छन्, 'अर्कोतर्फ प्रशिक्षक हुन्छन् । विभिन्न संघसंस्था, स्कुल, क्लब र एकेडेमीले खेल जिताउने प्रशिक्षकलाई बोनसको व्यवस्था गरेका हुन्छन् । त्यही कारण कतिपय प्रशिक्षक खेल जिताउनेतर्फ केन्द्रित हुन्छन् । मेरो विचारमा जुनियर लेभलमा खेल सिकाउने हो । उनीहरूमा धेरैभन्दा धेरै स्किल विकास गराउने हो । नतिजामा केन्द्रित हुँदा ठ्याक्कै उल्टो प्रभाव पर्न सक्छ ।'

अभ्यासका दौरान बच्चाको क्षमता आकलन गरेर सीप विकासमा केन्द्रित हुनुपर्ने उनको सुझाव छ । कमजोर पक्ष कसरी सुधार्ने र आफ्नो क्षमता अभिवृद्धि गर्ने भनेर सिकाउनु महत्त्वपूर्ण हुन्छ ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
शाखा कार्यालय: धादिङबेशी, धादिङ फोन: ०१०-५२१२४४/४७

को

शाखा कार्यालय धादिङबेशी, धादिङको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०६/०३ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय धादिङबेशी, धादिङबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नर्सी बहादुर महतको बुहारी, राम बहादुर महतको पत्नी, धादिङ जिल्ला, मुरलीभञ्ज्याङ गा. वि. स./न.पा. वडा नं ५ स्थित स्थायी ठेगाना भएको **भगवती महत (ना.प्र.प.नं. १८४९, धादिङ)**

व्यक्तिगत जमानतकर्ताको विवरण

जंग ध्वज महतको नाति, नर्सी बहादुर महतको छोरा, धादिङ जिल्ला, मुरलीभञ्ज्याङ गा. वि. स./न.पा. वडा नं ५ स्थित स्थायी ठेगाना भएको **राम बहादुर महत (ना.प्र.प.नं. ५४९, धादिङ)**

धितोमा रहेको सम्पतिको विवरण

१. **राम बहादुर महतको** नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला, मुरलीभञ्ज्याङ गा.वि.स./न.पा. वडा नं. ५ (सिट नं. ५/च) स्थित कि.नं. ७६ को क्षेत्रफल ५-०-०-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. **भगवती महतको** नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला, मुरलीभञ्ज्याङ गा.वि.स./न.पा. वडा नं. ५ (सिट नं. ५/क) स्थित कि.नं. २४० को क्षेत्रफल २-८-२-१ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०२/१३ मा दर्ता नं. २०५४२३/०७५/०७६ कायम भई दर्ता भएको नुवाकोट जिल्ला, विदुर न.पा वडा नं. २ स्थित **त्रिशुली साईन्टिफिक कन्सर्न प्रा. लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. हरी प्रसाद कोइरालाको नाति, बद्री प्रसाद कोइरालाको छोरा, धादिङ जिल्ला, मुरलीभञ्ज्याङ गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **नारायण प्रसाद कोइराला (ना.प्र.प.नं.: ४५७२, धादिङ)**

२. बद्री प्रसाद कोइरालाको बुहारी, नारायण प्रसाद कोइरालाको पत्नी, धादिङ जिल्ला, कल्लेरी गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **गीता खतिवडा (ना.प्र.प.नं.: २/३८३४, धादिङ)**

धितोमा रहेको सम्पतिको विवरण

गीता खतिवडा कोइरालाको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला, साबिक मुरलीभञ्ज्याङ गा.वि.स./न.पा. वडा नं. २ (सिट नं. २/क) (हाल धादिङ जिल्ला, निलकण्ठ न.पा. वडा नं. ८) स्थित कि.नं. ११४१ र ११३७ को क्रमशः क्षेत्रफल २-३-०-२ र १-४-३-२ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०६/०३ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय धादिङबेशी, धादिङबाट प्राप्त गर्न सकिनेछ ।

२. खुट्टाखुट्टै धितोको लागि खुट्टाखुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०६/१७ गते बुधबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय धादिङबेशी, धादिङमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०६/१८ गते बिहिबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय धादिङबेशी, धादिङमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय धादिङबेशी, धादिङबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खुट्टाखुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय धादिङबेशी, धादिङमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

सेनाको योगदान समेटिएको नयाँ गीत

काठमाडौं/ नेपाली सेनाको योगदान समेटिएको 'राष्ट्रिय एकताको प्रतीक वीर नेपाली सेना' बोलको गीत सार्वजनिक गरिएको छ । जंगी अड्डास्थित त्रिभुवन आर्मी अफिसर्स क्लबको सभामण्डप हलमा मंगलबार आयोजित एक विशेष समारोहबीच प्रधानसेनापति प्रभुराम शर्माले भिडियोसहित गीत विमोचन गरेका हुन् ।

नेपाली सेनाका उपरथी बाबुराम श्रेष्ठको शब्द रहेको गीतमा सुवास तिमिल्सिना र गीता पाण्डेको आवाज रहेको छ । गीतकार श्रेष्ठले कार्यक्रममा नेपाली सेनाले स्थापनाकालदेखि निस्वार्थ भावले अनवरत रूपमा देश र जनताको सेवा गर्दै आइरहेको बताए ।

गीतकार एवं प्राध्यापक हेम भण्डारीले गीतमा नेपाली सेनाको परिचय, योगदान र विशेषता समेटिएको टिप्पणी गरे । गीतको भिडियोमा नेपाली सेनाले गरेको योगदानलाई प्रस्तुत गरिएको छ । राजेन्द्र बजगाईंले संगीत भरेको गीतलाई दिनेश सुनामले संगीत संयोजन गरेका हुन् । नेपाली सेनाका सेनानी विशेष पौडेलले निर्देशन गरेको गीतको भिडियोलाई प्रकाश हुमागाईं र किशोर डंगोलले सम्पादन गरेका हुन् ।

०८० को भैरव पुरस्कार मुन पौडेललाई दिइने

साहित्यकार अभि सुवेदीलाई वाङ्मय तथा बद्रीनाथलाई प्रतिभा पुरस्कार

काठमाडौं/ यस वर्षको भैरव पुरस्कार वरिष्ठ हास्यव्यंग्यकार मुन पौडेललाई प्रदान गरिने भएको छ । यो पुरस्कारको राशि एक लाख ११ हजार एक सय ११ रुपैयाँ रहेको छ । एक लाख एक हजार एक सय ११ रुपैयाँ राशिको भैरव वाङ्मय पुरस्कार प्रा.डा. अभि सुवेदीलाई प्रदान गरिने भैरव पुरस्कार गुठीले जनाएको छ । त्यस्तै, ५१ हजार एक सय ११ रुपैयाँ राशिको भैरव प्रतिभा पुरस्कार व्यङ्ग्यकार बद्रीप्रसाद दाहाल (भस्मासुर) लाई प्रदान गरिने भएको छ ।

भैरव पुरस्कार गुठीका अध्यक्ष वरिष्ठ साहित्यकार रोचक घिमिरेको अध्यक्षतामा बसेको बैठकले पुरस्कृत व्यक्तिहरूको नाम अनुमोदन गरेको हो । पुरस्कृत व्यक्तिको नाम छनोट गर्न गुठीले साहित्यकार नरेन्द्रराज पौडेलको संयोजकत्वमा



मुन पौडेल

साहित्यकारद्वय बाजुराम पौडेल र वसन्त रिजाल सदस्य रहेको चयन समिति गठन गरेको थियो । भैरव अर्याल स्मृति दिवसको दिन यही असोज १९ गते शुक्रबार राजधानीको गोकर्णेश्वर-५ स्थित भैरव स्मृति भवनमा एक कार्यक्रम गरी घोषित पुरस्कार वितरण गरिने गुठीका सचिव वसन्त रिजालले बताए ।

तौल नियन्त्रण गर्न जुम्बा



जुम्बा अन्य फिटनेस वर्कआउटभन्दा फरक छ । यसले वर्कआउटभन्दा पनि एउटा डान्स पार्टीजस्तो महसुस गराउँछ । सबै उमेरसमूहकाले यो गर्न सक्छन् । १२ देखि ६० वर्षसम्मका मानिस आउन सक्छन् । स्टेप फलो गर्नलाई धेरै सहज छ । कहिलेकाहीं इन्स्ट्रक्टरले तपाईंलाई सीधै सिकाउँछन् । कहिलेकाहीं इन्स्ट्रक्टरले गरेका स्टेप ऐनामा हेरेर तपाईंले सिक्नुहुन्छ । तर, जसरी सिके पनि तपाईंको अनुहारमा हाँसो भने हुनेछ, यो नै महत्त्वपूर्ण कुरा हो । स्ट्रेसबाट बाहिर निस्कनका लागि र फिटनेसका लागि जुम्बा महत्त्वपूर्ण छ ।

जुम्बाका धेरै मानसिक तथा शारीरिक फाइदा छन् । यसले तपाईंको शरीरलाई स्वस्थ राख्छ । तपाईंलाई ऊर्जाशील बनाउँछ ।

जुम्बामा झन्डै एक घन्टाको क्लास हुने गर्छ । जसमध्ये १० मिनेट वार्मअप र पाँच मिनेट कुलडाउन हुन्छ । त्यसपछिको समय त पार्टी गरेजसरी बित्छ ।

स्वप्नदर्शी नेतृत्वको जनअपेक्षा

निश्चित समय र सीमित स्रोतसाधनबाट मुलुकको एक युगको आकांक्षालाई अगाडि बढाएर नयाँ व्यवस्था स्थापित गर्न सक्नु नेतृत्वको सफलता हो



● भुवन न्यौपाने

अग्रलेख

प्रसिद्ध कूटनीतिज्ञ एवम् अमेरिकी पूर्वविदेशमन्त्री हेनरी किसिन्जरको हालै प्रकाशित पुस्तक 'लिडरसिप'मा विश्वका प्रतिष्ठित राजनीतिज्ञमध्ये ६ जनाले देश, काल र परिस्थितिमा निर्वाह गरेको भूमिकालाई विश्लेषण गरेका छन् । किसिन्जरले पुस्तकमा विभिन्न उपशीर्षकमा विश्लेषण गर्दै नेतृत्वले देखाएको शासकीय कौशलबारे चर्चा गरेका छन् । कोनार्ड एडेनाउर (जर्मनी), चार्ल्स डी गाउल्ले (फ्रान्स), रिचार्ड निक्सन (अमेरिका), अनवार सदात (मध्य अरब), ली क्वान यू (सिंगापुर) र मागरिट थ्याचर (बेलायत) बारे किसिन्जरले चर्चा गरेका छन् । विभिन्न समयमा विश्वका फरक मुलुकका शीर्ष तहमा पुगेका नेतृत्वको शासकीय कौशलका माध्यमबाट मुलुकको राजनीतिमा प्रभावशाली योगदान दिन सफल नेतृत्वको विश्लेषण रोचक छ । पुस्तकमार्फत भावी नेतृत्व परिकल्पना कस्तो होला भन्ने निकै सान्दर्भिक र महत्त्वाकांक्षी विषयलाई उठाएका छन् किसिन्जरले । राजनीतिमा मात्र होइन, कुशल नेतृत्व हरेक बहुआयामिक पक्षमा अनिवार्य आवश्यकता हो । तर, नीतिहरूको सर्वश्रेष्ठ र मूल राजनीतिले त्यस्ता बहुआयामलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने हुँदा राजनीतिक नेतृत्वका सन्दर्भमा विश्वभर निकै चासोसाथ हेरिन्छ । राजनीति, समाज र आर्थिक रूपान्तरणका लागि कुशल मियोको भूमिका अद्वितीय रहन्छ । हामीले अन्य आयाममा भन्दा पनि राजनीतिमा कुशल नेतृत्वको अपेक्षा बढी गर्छौं ।

कस्तो हो कुशल नेतृत्व : आदर्श राज्य र कुशल नेतृत्वको कल्पना निकै गहिरो छ । अथवा कल्पनाको राज्य युटोपियन, रामराज्य अयोध्यापुरी, महाभारतका श्रीकृष्णको वृन्दावन, गोकुलधाम कि मथुरा, युधिष्ठिरको हस्तिनापुर कि इन्द्रप्रस्थ, रावणको लंका, यशुको भ्याटिकन सिटी, मोहम्मदको मक्का मदिना, कुन हो आदर्श राज्य ? को थिए आदर्श नेतृत्व ? के हुन् आदर्श राज्यका मानकहरू ? प्राचीन पश्चिमा राजनीतिक दार्शनिक सुकरात, प्लेटो, अरस्तु या पूर्वीय दार्शनिक मनु, कौटिल्य र कन्फयुसियस, आखिर को थिए आदर्श नेतृत्व ? मध्ययुगका म्याकियावेलीदेखि जोन लक, इमान्युयल कान्ट, रुसो, कार्ल मार्क्स, लेनिन र माओ आधुनिक राजनीतिक दार्शनिक गान्धी, मन्डेला, को थिए त प्रभावशाली नेतृत्व ? यो समग्र राजनीतिशास्त्रकै निम्ति महत्त्वपूर्ण प्रश्न हुन सक्छ । हामी हरेक कल्पनामा सर्वगुण सम्पन्न नेतृत्वको खोजी गर्छौं । यही हाम्रो कमजोरी छ कि सर्वगुण सम्पन्न नेतृत्व आदर्शमा मात्र हुन सक्छ । तर, यथार्थ र व्यवहारवादी राजनीतिमा सम्भव छैन । पर्फेक्ट लिडर कल्पनाको दुनियाँ युटोपियनमा मात्र सम्भव छ भन्ने तर्क आधुनिक राजनीतिक दार्शनिकले गर्छन् । मानिसका तर्क, वितर्क र सोचअनुसार नेतृत्व फरक-फरक शैली र गुणको हुन सक्छ । साँच्चै सर्वमान्य नेतृत्वचाहिँ कस्तो होला त ? पक्कै पनि राजनीतिको नेतृत्व मात्र सर्वमान्य नहुन सक्छ । विश्वव्यापी व्यापारको सञ्जालबाट आफ्नो इम्पायर खडा गरेका धनाढ्य पनि त कुशल नेतृत्वकै परिणाम होलान् । खेल जीवनमा पटक-पटक उच्च मानपदवी जितेका हस्तीको कलालाई कसरी लिने ? वर्तमान उत्तर-आधुनिक समयमा निश्चित भूगोल, निश्चित संघ, संस्थालाई मात्र होइन, विश्वलाई नै 'म्यानिपुलेट' गरेर शासन गरिरहेका सोसल मिडियाका मालिक पनि कुशल नेतृत्वको हकदार हुन नसक्लान् त ?

विश्व राजनीतिको वर्तमान परिवेशलाई विश्लेषण गर्ने हो भने सम्पन्नशाली मुलुकका शक्तिशाली नेतृत्वको योगदान पनि आफ्नै स्थानमा महत्त्वपूर्ण छ । फोर्ब्स र टाइम म्यागजिनको सूचीमा सी जिनफिङ, भ्लादिमिर पुटिन, जो बाइडेन, ओल्फ सान्चोस, जेफ बेजोस, वारेन वफेट, बिल गेट, नरेन्द्र मोदी, ल्यारी पेज, इमान्युयल म्याक्रोँ र ऋषि सुनकलाई विश्वकै प्रभावशाली नेतृत्वका रूपमा उल्लेख गरिएको छ । किसिन्जरले उल्लेख गरेजस्तै निश्चित मापदण्ड र सूचकबाट प्रभावशाली नेतृत्व चुन्नु निकै कठिन विषय हो । तर, निश्चित समय र सीमित स्रोतसाधनबाट मुलुकको एक युगको आकांक्षालाई अगाडि बढाएर नयाँ व्यवस्था स्थापित गर्न सक्नु नेतृत्वको सफलता हो ।

नेपाली राजनीतिमा नेतृत्व : नेपालको सन्दर्भमा भने हेनरी किसिन्जरले तुलना गरेजस्तै नेतृत्व विगत र वर्तमानमा कस्तो छ ? र, भविष्यमा कस्तो सम्भावना रहला ? के नेपालमा प्रभावशाली नेतृत्व उदयको संकेत वा लक्षण देखिन्छन् ? भन्ने अर्थपूर्ण खोज निकै चाखलाग्दो छ । नेपालको राजनीतिक कालखण्डका विभिन्न आरोह-अवरोहमा संघर्ष गरेका समकालीन नेतृत्व किसिन्जरका नजरमा परे या परेनन् ? हाम्रो इतिहासलाई किसिन्जरले महत्त्व दिए अथवा दिएनन् ? के नेपाली भूमिले इतिहासको कालखण्डमा त्यस्ता नेतृत्वको जन्म दिनै सकेन त ?

नेपालको राजनीतिक कालखण्डलाई मुख्यतः तीन चरणमा राखेर चर्चा गर्न सकिन्छ । एक प्रजातन्त्र प्राप्तिपूर्वको समय, दोस्रो, प्रजातन्त्रपछिको समय र तेस्रो, जनआन्दोलनदेखि गणतन्त्र हुँदै हालसम्मको समय । यस लेखमा विशेषतः प्रजातन्त्र प्राप्तिपश्चात्को समयलाई जोड दिन खोजिएको छ । १०४ वर्षे जहानियाँ राणा शासनको अन्त्य र लामो विरासत बोकेको राजतन्त्र अन्त्य गर्दै लोकतान्त्रिक गणतन्त्र स्थापनाका नायकलाई बिर्सन मिल्दैन । प्रजातन्त्रमार्फत नागरिकको अधिकार सुनिश्चित गर्ने नेतृत्वदायी भूमिकामा बिपी कोइराला, सुवर्णशमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलगायत नेताको योगदान अविस्मरणीय छ । निरक्षरतामा निदाइरहेको समाजलाई राजनीतिक चेतनामार्फत बिउँझाएर व्यवस्थाकै



परिवर्तन गर्नु सामान्य कर्म होइन ।

पञ्चायत शासन ढालेर जनआन्दोलनमार्फत बहुदलीय व्यवस्थाको स्थापना गर्ने अथक नायकलाई पनि यहाँ बिर्सन मिल्दैन । जनताको बहुदलीय जनवादलाई व्याख्या गर्ने मनमोहन अधिकारी, पुष्पलाल र मदन भण्डारीजस्ता स्वच्छ नेतृत्वले प्रतिपादन गरेका सिद्धान्त पनि युगौन छन् । राजनीतिक उतारचढावबीच दश वर्षसम्म सशस्त्र द्वन्द्व हाँकेका पुष्पकमल दाहाल 'प्रचण्ड', बाबुराम भट्टराई, मोहन वैद्यलगायतले हाँकेको माओवादीलाई शान्तिवार्तामार्फत राजनीतिको मूल प्रवाहमा ल्याउने गिरिजाप्रसाद कोइरालाको नेतृत्व यहाँनेर स्मरणीय छ । अर्कातर्फ गणतन्त्र, संविधान, संघीयता, समावेशी, समानुपातिक व्यवस्था र सामाजिक न्यायका सूत्रधार प्रचण्ड-बाबुरामलाई नै मान्नुपर्छ । जनप्रतिनिधिले लेखेको संविधान जारी गर्ने नेतृत्वमा भने सुशील कोइराला अब्बल ठहरिए । समकालीन नेपली राजनीतिको नेतृत्वको चर्चा गर्ने हो भने शेरबहादुर देउवा, प्रचण्ड र केपी ओली शीर्ष स्थानमा देखिन्छन् । वर्तमान राजनीतिक परिस्थितिको विश्लेषण गर्ने हो भने यी नेतृत्वप्रति आमवितृष्णा चुलिँदो छ । विगत तीन दशकदेखि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा यिनै नेतृत्वले शासकीय बागडोर समालिरहेका छन् । तर, अपेक्षाकृत उपलब्धि हासिल हुन सकेको छैन । राजनीतिक परिवर्तनका लागि यिनको योगदान रहे पनि आममानिसमा भने वितृष्णा बढ्दो छ । राजनीतिक नेतृत्वमा शून्यताको यस्तो अवस्थालाई नवआधुनिक राजनीतिशास्त्रका विश्लेषकले 'कलेक्टिभ फेलियर अफ लिडर'को संज्ञा दिन्छन् । नेतृत्वको देवत्वकरण, मपाईँत्वकरण र प्रियतावादी सोचका कारण सामाजिक रूपमा अपेक्षाकृत नेतृत्वविहीनताको परिस्थिति देखिन्छ ।

> राजनीतिक अधिकारको अथक लडाइँबाट देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए पनि जनताको दिमागमा सञ्चार भएजस्तो महत्त्वाकांक्षी रूपान्तरण देखिएन, राजनीतिक स्थिरता कायम हुन सकेन र राजनीतिक, आर्थिक, सामाजिक आयाममा देखिएका वितृष्णालाई राजनीतिक नेतृत्वले सम्बोधन गर्न सकेन

भावी नेतृत्वको अपेक्षा : नेपालमा पछिल्लो राजनीतिक व्यवस्था बदलिएपछि आमअपेक्षामा जनताको अवस्था पनि बदलिन्छ भन्ने थियो । राजनीतिक अधिकारको अथक लडाइँबाट संघीय लोकतान्त्रिक गणतन्त्रजस्तो जनकेन्द्रित व्यवस्था लागू भयो । तर, जनताका दिमागमा सञ्चार भएजस्तो महत्त्वाकांक्षी रूपान्तरण भने देखिएन । राजनीतिक स्थिरता कायम हुन सकेन । राजनीतिक, आर्थिक, सामाजिक आयाममा देखिएका वितृष्णा राजनीतिक नेतृत्वप्रति पोखिएको छ । फलस्वरूप, व्यवस्था राम्रो हुँदाहुँदै पनि अवस्था परिवर्तन नभएपछि सडकका चियापसलहरूमा 'अटोक्रेटिक लिडर'ले केही दशक शासन गरिदिए पनि हुन्थ्यो भन्ने तर्क पनि सुनिन थालेका छन् ।

'ग्रेट लिडर्स ह्याभ नो रुल'का लेखक केभिन क्रुसले फोर्ब्स म्यागजिनमा नेतृत्व भनेको के हो ? भन्ने प्रश्न गर्दै यसका 'कम्प्लेक्सिसटी' र 'सिमप्लिसिटी'का आयामलाई केलाएका छन् । सबै मुलुकले वहन गर्ने कम्प्लेक्सिसिटी उस्तै हुन सक्दैनन् । नेपालजस्तै भूपरिवेष्टित ४४ मुलुक पक्कै पनि उस्तै छैनन् । विश्वका अल्पविकसित मुलुकको विकासशील मुलुकमा स्तरोन्नति हुने प्रक्रिया र चरण पनि भिन्नभिन्न नै छ । अझै राजनीतिक र कूटनीतिक संवेदनशीलताका हिसाबले त नेपाल अहिले निकै चासोपूर्ण भूराजनीतिक परिवेशमा देखिन्छ । क्रुसले भनेजस्तै कम्प्लेक्सिसिटीमा कुशलतापूर्वक मुलुकको नेतृत्व गर्नु र सिमप्लिसिटीमा मुलुकको अवस्थालाई सामान्यीकृत रूपमै सार्वभौमिकता बचाइराख्नु नेतृत्वको राजनीतिक कौशल हो ।

नेपालको भावी राजनीति यिनै कम्प्लेक्सिसिटी र सिमप्लिसिटीका आयामलाई कसले कुशलतापूर्वक सञ्चालन गर्न सक्छ भन्ने विषयमा निर्भर रहन्छ । राजनीति संवेदनशीलता र सम्भावनामा दुवै अवसर र चुनौतीले भरिएको हुन्छ । एउटा कुशल राजनीतिज्ञले शासकीय नेतृत्व गर्न पायो भने जरैदेखि परिवर्तनको प्रयत्न गर्छ । त्यसले जग राख्छ । बलियो जग भनेको बलियो व्यवस्था हो । व्यक्तिको शक्तिले होइन कि व्यवस्थाको बलले मुलुकमा सुशासनको अभ्यास र समुन्नतिको जग बस्ने हो । भावी राजनीतिको ऐनामा कांग्रेसका गगन थापा, विश्वप्रकाश शर्मा, प्रदीप पौडेल, नेकपा एमालेका शंकर पोखरेल, योगेश भट्टराई, प्रदीप ज्ञवाली, माओवादी केन्द्रमा वर्षमान पुन, जनार्दन शर्मा, रास्वपामा रवि लामिछाने, स्वर्णिम वाग्लेजस्ता नेताको तुलनात्मक अध्ययनमा सबैभन्दा समयानुकूल नेतृत्व को छ भन्ने नै मूल चासोको प्रश्न हो । त्यस्तै, उदीयमान स्वतन्त्र नेतृत्व बालेन शाह, हर्क साम्पाङ, सागर ढकालजस्ता नेताको पनि समाजले परीक्षण गर्न चाहेको छ ।

नेपालमा पछिल्लो समय वैकल्पिक राजनीतिको वेगले अनपेक्षित नतिजा देखाइरहेका छन् । राजनीति र सामाजिक संरचनामा आएका परिवर्तनले प्रियतावादी नेतृत्वको स्वप्नदर्शितामा अपेक्षा बढ्दो छ । पुराना र ठूला दलहरूले केही पनि गरेनन्, भ्रष्टाचारको विकृति र अविकासका कारक यिनै हुन् त्यसैले हामी समाजमा जरैदेखि परिवर्तन ल्याउँछौं भन्ने भाष्य सिर्जना गरेर राजनीतिक मैदानमा उत्रिएकाहरूको विगत र वर्तमानको कार्यशैलीबाट भविष्यमा कस्तो नेतृत्वको अपेक्षा गर्न सकिन्छ ? कानुनी शासन र सुशासनका नारा लगाउनेहरूका व्यवहारमा उस्तै प्रवृत्ति पाइन्छ त ? पर्फेक्ट लिडरका केही सूचक भएर नै समाजले मूल्यांकन गरेको छ कि वितृष्णाको आहालमा मौकाको खोजी गर्नेहरू धेरै छन् ।

राजनीतिक कौशल कति महत्त्वपूर्ण छ भन्ने कुरा पछिल्लो समय विकसित राजनीतिक घटनाक्रमले नै बताउँछ । सामाजिक सञ्जालको स्वप्न शासनबाट यथार्थमा अवतरण हुने शासन कुन हो । नागरिकका अधिकार, सामाजिक सुरक्षा, सामाजिक न्याय, सुशासन र समुन्नतिसहितको लोककल्याणकारी शासन व्यवस्थाका लागि कस्तो नेतृत्व चाहिन्छ ? अपवादबाहेक युवावयमा राज्यसत्ताको नेतृत्व गरेका कति नेतृत्व सफल देखिन्छन् ? राजनीतिले गरेको समाजको परिकल्पना के हो ? समाजले निर्देश गरेको राजनीति कस्तो हुनुपर्ने हो ? समाजको माग राजनीतिज्ञमा किन पर्दैन ? राजनीतिमार्फत समाजमा के र कस्ता प्रभाव परेका छन् ? यस्ता प्रश्नले सार्थक उत्तरको खोजी गरिरहेका छन् । यसर्थ, स्वप्नदर्शी नेतृत्वको जनअपेक्षाले कतै लोकतन्त्र अयोग्यहरूको शासन त बनिरहेको छैन ?

---

३ प्रश्न

लोकतान्त्रिक समाजवादी पार्टीका नेता **सुरेन्द्रकुमार झा**लाई



संविधान दिवस (३ असोज) लाई कसरी मनाउँदै हुनुहुन्छ ?

वर्तमान संविधानको कार्यान्वयन बिस्तारै अघि बढ्दै छ । तर, मधेसी, आदिवासी जनजाति तथा उपेक्षित वर्गका लागि भने यो संविधान सोचेजस्तो बन्न सकेन । यो उनीहरूका लागि खुसीको दिन होइन । त्यसैले, यस दिनलाई हामीले कालो दिवसका रूपमा मनाउँदै आएका छौं र यसपालि पनि त्यसै गर्छौं ।

संविधानअन्तर्गत नै रहेर निर्वाचनमा भाग लिने, सांसद, मन्त्री बन्ने अनि त्यही संविधानको विरोध गर्ने, किन ?

हामीले यो संविधान मान्दैनौं भनेका छैनौं । यो संविधान निर्माणमा हाम्रो पनि सक्रिय सहभागिता रह्यो । तर, घोषणाको दिनसम्म पुग्दा हाम्रा केही 'रिजर्भेसन' रहे । घोषणाकै दिनमा भएको विरोध कार्यक्रममा हाम्रा तर्फका शत्रुघन पटेलले सहादत नै प्राप्त गर्नुभयो । उहाँहरूलाई सम्झँदै हामी कसरी खुसी मनाउन सक्छौं ? त्यसैले, यो दिन हाम्रा लागि कालो दिवस नै हो ।


देशभर खुसियालीसाथ संविधान दिवस मनाउन संविधानमा के-के विषय संशोधन हुनु आवश्यक छ ?

यो संविधान राम्रो हुँदाहुँदै पनि यसमा कैयौं कमीकमजोरी छन् । प्रधानमन्त्री नियुक्तिलगायत विषयमा अदालतसम्म गुहार्नुपर्ने अवस्था त्यत्तिकै आएको होइन । यो संविधान प्रत्यक्ष कार्यकारीमूलक पनि छैन र परम्परागत संसदीय चरित्रको पनि छैन । पूर्ण समानुपातिक समावेशी पनि छैन । सामर्थ्य र पहिचानका आधारमा प्रदेश संरचना छैनन् । यी विषयमा संशोधन जरुरी छ । संशोधनमार्फत सबैले यो देश मेरो पनि हो भनेर गौरव गर्न सक्ने अवस्था बन्यो भने मात्र खुसीसाथ संविधान दिवस मनाउने वातावरण बन्छ ।

प्रेरक प्रसंग

अटोग्राफका शब्द

जर्ज बर्नार्ड सा अंग्रेजी कविता तथा नाटकका क्षेत्रमा अलगै परिचय स्थापित गर्न सक्षम व्यक्तित्व हुन् । उनीसित भेटघाट गरी संवाद गर्न, उनलाई घरमा बोलाएर भोजन गराउन तथा उनको सन्देशसहितको अटोग्राफ आफ्ना नोटबुकमा सुरक्षित राख्न चाहने मानिस निकै थिए ।



लन्डनका एक युवक पनि जर्ज बर्नार्ड साका निकै ठूला प्रशंसक थिए । उनी जसरी भए पनि सालाई भेटेर उनको सन्देशसहितको अटोग्राफ लिन चाहन्थे । यसका लागि उनी साका हरेक कार्यक्रमबारे जानकारी राखिरहेका हुन्थे । एकपटक ती युवकको गाउँनजिकै आयोजना गरिने एक साहित्यिक कार्यक्रममा सा पनि सहभागी हुने उनले जानकारी पाए । कार्यक्रमबारे थाहा पाएदेखि नै उनी सो दिनको व्यग्र प्रतीक्षामा रहे । अन्ततः कार्यक्रमको दिन पनि आइपुग्यो । उनी निर्धारित समयभन्दा दुई घन्टाअघि नै कार्यक्रम आयोजना हुने हलमा पुगेर दर्शकदीर्घाको अघिल्लो पंक्तिमा बसे । तोकिएकै समयमा बर्नार्ड सा पनि कार्यक्रम स्थलमा पुगे । मौका पाउनासाथ ती युवकले आफ्नो डायरी बर्नार्ड साको हातमा दिँदै भने- मेरा प्रिय कविज्यू, कृपया यस डायरीमा संसारभरका युवाका लागि विशेष सन्देश लेखेर आफ्नो अमूल्य हस्ताक्षर गरिदिनुभएमा म कृतकृत्य हुने थिएँ ।

मुसुक्क हाँस्दै बर्नार्डले युवकको हातबाट डायरी लिए र आफ्नो सुन्दर लिपिमा लेखे- हे संसारभरका नवयुवकहरू हो, यसरी अर्काको बेकारका अटोग्राफ एकत्रित गर्ने कार्यमा आफ्नो अमूल्य समय बर्बाद नगर । बरु आफैँ यति योग्य बन कि तिम्रो अटोग्राफ लिन अन्य मानिसले तँछाडमछाड गरून् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

समाचारमा सत्यता छैन

२०८०/०४/०४ गते त्यस नयाँ पत्रिका राष्ट्रिय दैनिकमा 'भन्सार जाँचपास भएर बाहिरिएको करिब सय केजी सुन ट्याक्सीबाट बरामद' शीर्षकको समाचारमा मेरो तस्बिरसहित त्यसमा मेरो संलग्नता रहेको भन्ने विषयहरू सत्य नभएको, भ्रामक र कपोलकल्पित रहेको जानकारी गराउँछु ।

म र मेरो परिवारले व्यक्तिगत रूपमा तथा प्रत्यक्ष एवं परोक्ष रूपमा अन्य व्यक्तिसँग मिली वा अन्य व्यक्तिलाई परिचालन गरी गैरकानुनी कुनै कारोबार गर्ने गरेको छैन । म र मेरो परिवारको कारोबार, आय सबै अभिलेखबद्ध, पारदर्शी भई कानुनबमोजिम पेस हुने विवरण राज्यको पूर्ण जानकारीका विषय हुन् । पत्रिकामा नाम उल्लेख गरिएका अन्य कुनै पनि व्यक्तिसँग मेरो कारोबार र सम्बन्ध हुनु त परको कुरा, कोही-कसैसँग चिनजानसमेत नभएको स्पष्ट गर्न चाहन्छु । विदेशबाट पठाएको भनिएको वस्तु आयात गर्ने, उक्त वस्तु भन्सार जाँचपास गराउने र वस्तु जिम्मा लिने कुनै पनि चरणमा मेरो संलग्नता छैन ।

मसँग तहाँबाट यस विषयमा कोही कसैले जानकारीसमेत मागेको छैन । समाचारमा मलाई सम्पर्क गर्न खोज्दा सम्पर्क नभएको उल्लेख गरिए पनि यो सरासर झुटो हो । व्यक्तिको ख्याति एवं प्रतिष्ठा उसको सबै सम्पत्तिभन्दा ठूलो र महत्त्वपूर्ण पुँजी हो । मैले कानुनसम्मत व्यापार व्यवसाय गरी आफ्नो निष्ठापूर्ण व्यावसायिक पहिचान बनाएको छु । एक सामान्य नागरिकसरह मेरो आफ्नो वैयक्तिक, पारिवारिक एवं सामाजिक पहिचान, प्रतिष्ठा र सम्मानमा विनाआधार समाचारमा उल्लेखित गैरकानुनी क्रियाकलापमा मेरो तस्बिरसहित संलग्नता रहेको भन्ने समाचारले मेरो अन्तरहृदयमा गहिरो चोट पुऱ्याई मर्माहत पार्ने कार्य भएको छ ।

अतः यस्तो मिथ्या, कपोलकल्पित र भ्रामक समाचारको खण्डन गर्न तथा कसले र किन यस्तो समाचार सम्प्रेषण गऱ्यो भन्ने यथातथ्य पहिल्याउन पनि म अनुरोध गर्दछु । प्रस्तुत समाचार प्रेस काउन्सिल ऐन, २०४८ र पत्रकार आचारसंहिता, २०७३ को प्रस्तावना, ऐ. आचारसंहिताको बुँदा नं. ५ विभिन्न बुँदामा उल्लेखित भावना, मर्म र उद्देश्यविपरीत स्वार्थपूर्तिका लागि सम्प्रेषण भएको स्पष्ट छ । पत्रकारको कलमले सत्यलाई छायामा पार्ने र आधारहीन र असत्य व्यहोरालाई आधार मानी अन्यलाई आक्षेप लगाई समाचार दिइनु पत्रकारिताका लागि व्यावसायिक मर्यादाको घोर उल्लंघन र निन्दनीय कार्य हो । पत्रकार आचारसंहिता, २०७३ को बुँदा नं. ६ मा उल्लेखित व्यवस्थाअनुसार गर्नुहुनेछ भन्ने विश्वासका साथ यो अनुरोध गरेको छु ।

● **दीपककुमार मलहोत्रा**
मिति : २०८०/०६/०२

नयाँ पत्रिकाको टिप्पणी

नयाँ पत्रिकामा ४ साउन ०८० मा प्रकाशित उक्त समाचारमा बरामद सुन दीपक मलहोत्राकै हो भनेर दाबी गरिएको छैन । उनी पनि छानबिनको दायरामा रहेको मात्रै उल्लेख थियो । विगतमा पनि सुन तस्करीमा संलग्न व्यक्तिहरू यो प्रकरणमा पनि जोडिएको अनुसन्धानमा संलग्न स्रोतहरूको भनाइ समाचारमा छ । मलहोत्रा विगतमा पनि पटक-पटक तस्करीमा संलग्न विवादास्पद व्यक्ति भएका कारण प्रारम्भिक अनुसन्धानको घेरामा रहेको समाचारमा उल्लेख थियो । ०५६ मा नै परी थापा नेतृत्वको राजस्व चुहावटको छानबिनसम्बन्धी संयुक्त संसदीय समितिले मलहोत्रा सुन स्करीमा संलग्न रहेको भन्दै कारबाहीका गर्न सुझाएको थियो । उनले विदेशी मुद्रा निकासी गरेर अवैध रूपमा सुन ल्याउने गरेको समितिको ठहर थियो । व्यक्तिगत रूपमा मलहोत्रासँग नयाँ पत्रिकाको कुनै दुर्भावना र प्रतिशोध नरहेको स्पष्ट पार्दछौं ।

'भिआइपी' ठग उम्किन नपाऊन्

सोझासीधा नेपालीलाई प्रलोभनमा पारेर करोडौं ठगी गर्ने ठग दिनेश कोइरालाविरुद्ध सरकारले कडाभन्दा कडा सजाय दिलाउने प्रयत्न गर्नुपर्छ । यस्ता ठगले गरिब तथा निमुखा गाउँलेलाई समेत झुक्याएर सुकुम्बासी बनाएको समाचारले मनै कुँडियो । एकपटक विश्वास गरिसकेपछि उनीहरू आफ्नो सर्वस्व सुम्पिनसमेत तयार हुन्छन् । जसको परिणामस्वरूप दिनेश कोइरालाजस्ता ठग आफ्नो लक्ष्यमा सफल हुन्छन् । त्यसैले, यस्ता 'भिआइपी' ठगलाई अब सरकारले सकभर कडाभन्दा कडा कानुनी सजाय दिलाउनबाट पछि हट्नु हुँदैन । ठग कोइराला अहिले पक्राउ परिसकेको भएकाले निजको सम्पूर्ण सम्पत्ति रोक्का गरी पीडितको रकम अविलम्ब फिर्ता गराइयोस् ।

● **कोमल परियार**, टुसालचोक, काठमाडौं

देश/विदेश




● फराज अहमद

बेलायती प्रधानमन्त्री ऋषि सुनकको भारत भ्रमणलाई लिएर विभिन्न प्रतिक्रिया आएका छन् । मोदी समर्थकले उनको हिन्दू आस्था र अक्षरधाम मन्दिर भ्रमणको प्रशंसा गरेका छन् भने बेलायती मिडिया र सांसदले मन्दिर भ्रमणलाई बेलायती उदारताका रूपमा हेरेका छन् । आजको भारतमा यी प्रतिक्रियाले मलाई आरिफ मोहम्मद खानको टिप्पणीको सम्झना गरायो । तत्कालीन प्रधानमन्त्री विश्वनाथप्रसाद सिंहले मण्डल आयोगको प्रतिवेदन लागू गरेपछि आरिफ मायावतीको बहुजन समाज पार्टी (बसपा) सदस्यका रूपमा १२औं लोकसभामा सामेल भएका थिए ।

भारतीय जनाता पार्टी (भाजपा) त्यतिबेला 'मन्दिर वहीं बनाएंगे' (मन्दिर त्यहीं बनाउँछौं) भन्ने नारा उछालेर बलियो हिन्दुत्वको अडान लिइरहेको थियो र भाजपा सूक्ष्म-इस्लामद्वेषी सन्देशसाथ सत्तासीन भएको थियो । पत्रकारसँगको कुराकानीमा आरिफले 'के मुसलमानले यो सरकारलाई साँच्चै संकटमा पार्न सक्छ ? कुनै पनि मुसलमानले भारतको प्रधानमन्त्री बन्ने त्याकत राख्दैन' भन्दै भाजपाको हिन्दुत्वको राजनीतिको खण्डन गरेका थिए । हाल गेरुवा अवतार लिएका (भाजपा सदस्यता लिएका) आरिफ आफ्नै टिप्पणी सम्झन चाहन्नन् होला । तर, उनको टिप्पणी उनले सोचेभन्दा पनि बढी सत्य साबित भएको छ । १३ महिना चलेको १२औं र १७औं लोकसभाको अन्त्य नजिकिँदै गर्दा गंगामा धेरै पानी बगिसकेको छ र प्रधानमन्त्री नरेन्द्र मोदीले आफूलाई माता गंगाको परम-भक्तका रूपमा उभ्याएका छन् । मोदी प्रधानमन्त्री हुँदा लोकसभामा मुसलमान प्रतिनिधित्व उल्लेखनीय रूपमा घटेको छ र यसको श्रेय उनैलाई जान्छ । १४औं लोकसभा (सन् २००४ देखि २००९) मा ३४ जनाको कीर्तिमानी संख्यामा मुसलमान सांसद बनेका थिए तर १६औं लोकसभामा मुसलमान सांसदको आँकडा २२ मा झरेको थियो । उत्तर प्रदेशको वाराणसीमा मोदीको चुनावी छनोटले ८० लोकसभा सिट भएको राज्यमा व्यवहारतः मुसलमान प्रतिनिधित्व हट्यो । सन् २०१४ को आमचुनावमा उत्तरप्रदेशबाट एकजना पनि मुसलमान सांसद निर्वाचित भएनन् । पछि १६औं लोकसभाको अन्त्यतिर मे २०१८ मा बेगम तबस्सुम हसन कैरानाबाट निर्वाचित भइन तर भाजपाका प्रदीपकुमार चौधरीले १७औं लोकसभामा सो क्षेत्रमा विजय हासिल गरेपछि पुनः उत्तर प्रदेश मुसलमान सांसदरहित बन्यो ।

सन् १९६० को दशकको उत्तरार्धमा हालको भाजपाको पूर्ववर्ती संगठन जनसंघको उदय र इन्दिरा गान्धीको प्रधानमन्त्रीको समयमा पनि एक स्थानीय व्यापारीले मेरी आमालाई 'अझै देउ इन्दिरा गान्धीलाई भोट, जाऊ इन्दिरा गान्धीलाई नै सोध' भन्थे । ती व्यापारीले तिमारपुर बाबु कोलोनीमा रहेको मुसलमान सरकारी विद्यालयकी शिक्षिका रहेकी मेरी आमाले इन्दिरा गान्धीलाई भोट दिएकी थिइन् भन्ने अनुमान गरेका थिए । त्यतिखेर पनि संघीहरूले अर्थात् राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस)का सदस्यले भारतमा शासन गर्न असमर्थ हुनुका पछाडि मुसलमानलाई दोष दिन्थे (स्मरण रहोस्, आरएसएस भाजपाको वैचारिक संगठन हो) । यी संघीहरूको अन्तिम लक्ष्य मुसलमान मतलाई अप्रासंगिक बनाउनु थियो ।

१२औं र १३औं लोकसभासम्म जब भाजपाले अटल बिहारी वाजपेयी र लालकृष्ण आडवाणीको नेतृत्वमा सत्तासीन हुन सफल भएको थियो । अन्य 'धर्मनिरपेक्ष' पार्टीसँग गठबन्धनमा हुँदा आरएसएसको मुसलमान मतलाई कमजोर बनाउने सपना सफल हुन सकेन । १२औं लोकसभामा २७ मुस्लिम सांसद थिए, जहाँ उत्तरप्रदेशबाट ६, पश्चिम बंगालबाट ६, बिहारबाट पाँच र भारतका अन्य हिस्साबाट १० जना थिए । यो



तस्बिर : ऋषि सुनक/@ऋ

संख्या ११औं लोकसभाको तुलनामा धेरै थियो अर्थात् त्यतिबेला जम्मा २४ मुसलमान सांसद थिए । १३औं लोकसभाले बाजपेयी-आडवाणीको नेतृत्वमा रहेको एनडिएका संघ समर्थकलाई थप निराश बनायो । त्यसबेला २८ जना सांसद मुसलमान समुदायका थिए । देशको पहिलो शिख प्रधानमन्त्रीका रूपमा डा. मनमोहन सिंह र सोनिया गान्धीको नेतृत्वमा युपिएअन्तर्गत १४औं लोकसभाले छद्म-राष्ट्रवादीलाई ठूलो धक्का पुऱ्यायो । मुसलमान प्रतिनिधित्व ३४ सांसदको सर्वकालीन उच्चस्तरमा पुगेको थियो । सो चुनावमा उत्तर प्रदेशबाट नौजना, अविभाजित विहार (झारखण्डसहितको विहार) बाट ६ जना र कर्णाटक, महाराष्ट्र एवं तमिलनाडुबाट पनि एक-एकजना मुसलमान सांसद निर्वाचित भएका थिए । १५औं लोकसभामा मुसलमान सांसदको संख्या २५ मा झरेको थियो । गिर्दो नतिजाका बाबजुद मुलुकको राजनीतिमा मुसलमानलाई 'धमिरा' भन्नेहरू सन्तुष्ट हुन सकेनन् ।

मोदी नेतृत्वमा आरएसएसको लामो समयदेखिको सपना साकार भयो किनभने तमिलनाडु, उत्तर प्रदेश, कर्णाटक र महाराष्ट्रबाट एकजना पनि मुसलमान सांसद निर्वाचित भएका थिएनन् । यही कारणले मे २०१४ मा मोदीले जित हासिल गरेपछि विश्व हिन्दू परिषद्का तत्कालीन अन्तर्राष्ट्रिय अध्यक्ष अशोक सिंघलले पत्रकार सम्मेलनमा 'एक हजार वर्षपछि अन्ततः हामीले स्वतन्त्रता हासिल गरेका छौं' भन्ने घोषणा गरेका थिए । मोदी आफैंले विदेशमा आफ्नो सार्वजनिक भाषणमा यो भावनालाई बारम्बार दोहोऱ्याएका थिए ।

अहिले हिन्दुत्व ब्रिगेडले बेलायतमाथि 'जित' हासिल गर्ने हिन्दू धर्मावलम्बी ऋषि सुनकका लागि उत्सव मनाइरहेका छन् । वास्तवमा औपचारिक रूपमा इसाई तर उदारवादी बेलायतले आफ्नो प्रधानमन्त्रीको रूपमा हिन्दू धर्मावलम्बी ऋषि सुनकलाई खुल्ला दिलले स्वीकार गर्छन्

■ चिसियो भारत-क्यानडा सम्बन्ध

देश निकाला गरियो एकअर्काका कूटनीतिज्ञ



क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले क्यानडेली नागरिक तथा प्रमुख शिख नेता हरदीप सिंह निज्जरको गत जुनमा भएको हत्यामा भारतीय संलग्नताको 'विश्वसनीय आरोप'माथि क्यानडाले अनुसन्धान गरिरहेको बताएसँगै दुई देशले एकअर्काका कूटनीतिज्ञ निष्कासन गरेका छन् ।

निज्जर पश्चिमी क्यानडाका प्रमुख शिख नेता थिए । स्थानीय प्रहरीका अनुसार उनलाई गत जुनमा ब्रिटिस कोलम्बियाको सरेस्थित शिख मन्दिरबाहिर दुईजना बन्दुकधारीले गोली हानेर हत्या गरेका थिए । उनको हत्याबाट क्यानडाको शिख समुदाय स्तब्ध र आक्रोशित थियो । भारतको गृह मन्त्रालयको आतंकवादी सूचीमा निज्जरको नाम पनि थियो ।

ओटावा/ क्यानडाले आफ्नो भूमिमा भएको एक शिख अभियन्ताको हत्यामा भारतको संलग्नता रहेको आरोप लगाएपछि ओटावा र नयाँदिल्ली दुवैले एकअर्काका वरिष्ठ कूटनीतिज्ञलाई आफ्नो देशबाट निष्कासित गरेका छन् । क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले क्यानडेली नागरिक तथा प्रमुख शिख नेता हरदीप सिंह निज्जरको गत जुनमा भएको हत्यामा भारतीय संलग्नताको 'विश्वसनीय आरोप'माथि क्यानडाले अनुसन्धान गरिरहेको बताएसँगै 'टिट-फर-ट्याट' प्रकरण आएको हो । यसबाट नयाँदिल्ली र ओटावाबीचको सम्बन्ध थप चिसिएको छ ।

'विगत केही हप्तादेखि क्यानडाका सुरक्षा एजेन्सीहरूले क्यानेडेली नागरिक हरदीप सिंह निज्जरको हत्यामा भारत सरकारका एजेन्टको संलग्नताको विश्वसनीय आधारमाथि अनुसन्धान गरिरहेका छन्,' ट्रुडोले सोमबार संसद्मा भने, 'सरकारले यो हत्याका दोषीलाई कारबाही गने आवश्यक सबै कदम चाल्नेछ ।' यो प्रकरणमा क्यानडाले एकजना भारतीय कूटनीतिज्ञलाई देश निकाला गरेको छ । क्यानडाका विदेशमन्त्री मेलानी जोलीले उक्त व्यक्ति भारतीय दूतावासमा कार्यरत भारतीय खुफिया एजेन्सीका प्रमुख रहेको बताएकी छन् । उनले क्यानडा यो हत्याको जरोसम्मै पुग्ने बताउँदै ट्रुडोले यो विषय अमेरिकी राष्ट्रपति जो बाइडेन र बेलायती प्रधानमन्त्री ऋषि सुनक दुवैसँग उठाएको बताइन् ।

जवाफमा भारतको विदेश मन्त्रालयले भारतस्थित वरिष्ठ क्यानेडियन कूटनीतिज्ञलाई मंगलबार देश निकाला गरेको छ । 'उक्त कूटनीतिज्ञलाई आगामी पाँच दिनभित्र भारत छाड्न आदेश दिइएको छ,' भारतीय विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यो निर्णयले हाम्रो आन्तरिक मामिलामा क्यानडाका कूटनीतिज्ञहरूको हस्तक्षेप र भारतविरोधी गतिविधिमा उनीहरूको संलग्नताप्रति भारत सरकारको चिन्तालाई प्रतिबिम्बित गर्छ ।'

निज्जर पश्चिमी क्यानडाका प्रमुख शिख नेता थिए । स्थानीय प्रहरीका अनुसार उनलाई गत जुनमहिनामा ब्रिटिस कोलम्बियाको सरेस्थित शिख मन्दिरबाहिर दुईजना नकाबपोस बन्दुकधारीले गोली हानेर हत्या गरेका थिए । उनको हत्याबाट क्यानडाको शिख समुदायलाई स्तब्ध र आक्रोशित थियो । क्यानडाको शिख समुदाय भारतबाहिरको सबैभन्दा ठूलो शिख समुदाय हो ।

ट्रुडोको टिप्पणीपछि क्यानडाका शिख समुदायका दुई प्रमुख समूह 'ब्रिटिस कोलम्बिया गुरुद्वारा काउन्सिल (बिसिजिसी)' र 'ओन्टारियो गुरुद्वारा कमिटी (ओजिसी)'ले क्यानडा सरकारलाई 'भारतसँगको सबै गुप्तचरी, अनुसन्धान र अभियोजन सहकार्य तत्काल स्थगन गर्न' आग्रह गरेका छन् ।

विश्व शिख संगठनका अनुसार निज्जर कथित खालिस्तान नामको एउटा अलगै राज्य निर्माणका मुखर समर्थक थिए । पृथकतावादी खालिस्तान आन्दोलनलाई भारतमा गैरकानुनी घोषित गरिएको छ र यसलाई भारत सरकारले राष्ट्रिय सुरक्षा खतराको रूपमा लिएको छ । यो आन्दोलनसँग संलग्नता भएका समूहहरू भारतको गैरकानुनी गतिविधि (रोकथाम) अधिनियम (युएपिए) अन्तर्गत 'आतंकवादी संगठन'को रूपमा सूचीकृत छन् । भारतको गृह मन्त्रालयको आतंकवादीको सूचीमा निज्जरको नाम पनि सूचीकृत थियो ।

सन् २०२० मा भारतीय राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआइए)ले उनीमाथि 'खालिस्तान'को पक्षमा विश्वभरका शिख समुदायलाई कट्टरपन्थी बनाउने प्रयास गरेको आरोप लगाएको थियो । निज्जरले शिखहरूलाई अलगावको पक्षमा मतदान गर्न, भारत सरकारविरुद्ध आन्दोलन गर्न र हिंसात्मक गतिविधिहरू गर्न उक्साउने गरेको आरोप एनआइएले लगाएको थियो ।

भारतले मंगलबार ट्रुडोको आरोपलाई 'बेतुका र दुराशययुक्त' भन्दै खारेज गरेको छ । 'हामी विधिको शासनप्रति दृढ प्रतिबद्धतासहितको लोकतान्त्रिक राज्यव्यवस्था हौं,' भारतको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस्ता निराधार आरोपले क्यानडामा आश्रय पाएका खालिस्तानी आतंकवादी र अतिवादीहरूबाट ध्यान अन्यत्रै मोड्ने र भारतको सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथि खतरालाई मात्रै निरन्तरता दिन्छ । यस मामिलामा क्यानेडियन सरकारको निष्क्रियता लामो समयदेखिको र निरन्तर चिन्ताको विषय बनेको छ ।'

हवाइट हाउसले उक्त आरोपप्रति गहिरो चिन्ता व्यक्त गरेको राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता एड्रिएन वाट्सनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । 'हामी हाम्रा क्यानेडियन साझेदारहरूसँग नियमित सम्पर्कमा रहन्छौं । क्यानडाको अनुसन्धान अघि बढाउनु र दोषीलाई न्यायको कठघरामा ल्याउनु महत्त्वपूर्ण हुन्छ,' वाट्सनको विज्ञप्तिमा भनिएको छ ।

क्यानेडियन प्रहरीले निज्जरको हत्यामा संलग्न कसैलाई पनि पक्राउ गरेको छैन । तर, अगस्टमा प्रहरीले एक विज्ञप्ति जारी गर्दै तीनजना शंकास्पद व्यक्तिमाथि अनुसन्धान गरिरहेको बताएको थियो । साथै, फरार गाडीको विवरण जारी गर्दै सर्वसाधारणको सहयोगको अपिल गरेको थियो ।

खालिस्तानका प्रवासी समर्थक

शिख धर्मको स्थापना गुरु नानकले १५औं शताब्दीमा पञ्जाबमा गरेका थिए । यो धर्मका विश्वभर लगभग दुई करोड ५० लाख अनुयायी छन् । भारतको एक अर्ब ४० करोडको कुल जनसंख्यामा शिख समुदायको हिस्सा दुई प्रतिशतभन्दा कम रहे पनि उत्तरी राज्य पञ्जाबमा भने शिख समुदाय बहुमतमा छ । यो राज्य कुनै समय शक्तिशाली शिख साम्राज्य थियो ।

आधुनिक खालिस्तानी आन्दोलन सन् १९४७ मा बेलायतबाट भारतीय स्वतन्त्रसँगै उदय भएको हो । सो समय केही शिखले पञ्जाबका शिखका लागि अलग्गै राष्ट्रको माग गरेका थिए । उपनिवेशबाट स्वतन्त्र भएसँगै हतार-हतार भारतलाई धार्मिक आधारमा दुई देशमा विभाजित गरियो । मुस्लिमहरूलाई नवगठित देश पाकिस्तानमा र हिन्दू र शिखहरूलाई नयाँ स्वतन्त्र भारतमा पठाइयो । पञ्जाबलाई काटेर दुई देशमा विभाजित गरिएपछि पञ्जाबले खराब हिंसा साक्षात्कार गरेको थियो । यही समयमा शिखहरूले राजनीतिक र सांस्कृतिक स्वायत्तताको संघर्ष सुरुवात गरेपछि खालिस्तान आन्दोलनले प्रश्रय पायो । पछिल्ला वर्षमा आन्दोलनका अनुयायी र भारत सरकारबीच हिंसात्मक झडप भएका छन्, जसमा धेरैको ज्यान गइसकेको छ ।

सन् १९८४ मा तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले भारतीय सेनालाई अमृतसरस्थित स्वर्ण मन्दिरमा घुसेर शिख पृथकतावादीहरूलाई मार्न आदेश दिइन् । त्यस अप्रेसनले शिख समुदायमा ठूलो आक्रोश पैदा गऱ्यो । पछि गान्धी आफ्नै शिख अंगरक्षकहरूबाट मारिइन् । उनको मृत्युपछि, भड्किएको घातक हिंसामा तीन हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो । मृत्यु हुनेमा अधिकांश शिख थिए ।

यो घटनाको एक वर्षपछि टोरन्टो विमानस्थलबाट उडेको एयर इन्डियाको एक विमानमा शिख पृथकतावादीले बम विस्फोट गराउँदा भारतीय मूलका थुप्रै क्यानेडियनसहित विमानमा सवार सबै ३२९ जनाकै मृत्यु भएको थियो । भारतभित्र खालिस्तान समर्थकहरू थोरै भए पनि यो आन्दोलनले विश्वव्यापी डायस्पोरा, विशेषगरी क्यानडा, बेलायत र अस्ट्रेलियामा केही शिखहरूबाट सहानुभूति पाइरहेको छ । ती शिखहरूको एउटा सानो तर प्रभावशाली संख्याले खालिस्तानको अवधारणालाई समर्थन गर्छ । उनीहरूले अलग खालिस्तान राज्य स्थापना गर्ने सहमति जुटाउन समय-समयमा जनमतसंग्रह पनि गर्ने गरेका छन् ।


-सिएनएनबाट

उत्तर कोरियाको स्वार्थमा बढिरहेको छ रुससँगको घनिष्टता



● जस्टिन हास्टिन

हास्टिन युनिभर्सिटी अफ सिड्नीका अन्तर्राष्ट्रिय सम्बन्ध र तुलनात्मक राजनीतिशास्त्रका प्रध्यापक हुन् ।



उत्तर कोरियाली नेता किम जोङ उन र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन (दायाँ) सेप्टेम्बर १३ मा रुसको अमुर क्षेत्रको भोस्टोची कोस्मोड्रोममा । तस्बिर : एपी

उत्तर कोरियाली नेता किम जोङ उनले रुस भ्रमणका क्रममा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई आफ्नो 'पूर्ण र निःसर्त समर्थन'को प्रतिबद्धता व्यक्त गरे । विश्लेषकहरूले अनुमान गरेका छन् कि यस प्रतिबद्धताअन्तर्गत युक्रेनमा रुसी युद्धका लागि गोलाबारुदको सहयोग पनि समावेश हुन सक्छ । यद्यपि, उत्तर कोरियाली गोलाबारुदको विश्वसनीयता र रुससम्म पुऱ्याउन हजारौं माइलको लामो ढुवानी आवश्यकतालाई मनन गर्दा यो रुसका लागि सीमित सहयोग हुन सक्छ ।

तर किम के चाहन्छन् ? सधैंजस्तै उत्तर कोरियालाई खानेकुरा, मल र सम्भावित अन्य मानवीय सहायताको खाँचो छ । तर, किम खाद्यान्न सहायताका लागि मात्र रुसको यात्रा गर्छन् भन्नेमा भने संशय देखिन्छ । उत्तर कोरियाको आणविक हतियार र क्षेप्यास्त्र कार्यक्रम अहिले एक महत्त्वपूर्ण मोडमा पुगेको छ । बाहिरी प्रमाणीकरण असम्भव भए पनि उत्तर कोरियाको आणविक हतियारले काम गर्ने देखिन्छ । सरकारले सन् २००६ देखि २०१७ सम्म ६ वटा आणविक परीक्षण गरिसकेको छ । उत्तर कोरियाले बढ्दो परिष्कृत ब्यालिस्टिक मिसाइलको पनि परीक्षण गरेको छ ।

तर, उत्तर कोरियाका क्षेप्यास्त्रहरू एन्टी-ब्यालिस्टिक मिसाइल प्रणालीलाई भेद्न सक्छन् कि सक्दैनन् भन्ने कुरा भने स्पष्ट भइसकेको छैन । त्यस्तै, उसले क्षेप्यास्त्रहरूको शीर्षभागमा रहने आणविक हतियारलाई कुन हदसम्म घटाउन (मिसाइलमा अटाउने गरी सानो आकारमा डिजाइन वा निर्माण गर्न) सक्छ , मिसाइललाई कसरी सटिक रूपमा लक्षित गर्छ र कसरी निरन्तर रूपमा प्रक्षेपण गर्न सक्छ भन्ने पनि प्रस्ट छैन । पछिल्ला केही महिनामा उत्तर कोरियाको दुइटा असफल जासुस उपग्रहको प्रक्षेपणले यसको विश्वसनीयतामा समस्या रहेको संकेत गर्छ । रुसले सैद्धान्तिक रूपमा उत्तर कोरियालाई हतियार विकासमा दशकौंको अनुभवको साथसाथै उन्नत स्याटेलाइट प्रविधिको ज्ञान प्रदान गर्न सक्छ । यसले उत्तर कोरियाको जासुसी उपग्रह कार्यक्रमलाई वर्षौंको प्रयासपछि थप प्रगति प्रदान गर्न सक्छ ।

रुसले उत्तर कोरियालाई पनडुब्बी प्रविधि पनि प्रस्ताव गर्न सक्छ, जसले सरकारलाई आणविक हतियार प्रक्षेपण गर्ने वैकल्पिक माध्यम प्रदान गर्छ । उत्तर कोरियाले पहिलेदेखि नै पनडुब्बीबाट प्रक्षेपण गर्न सकिने ब्यालेस्टिक मिसाइलहरू विकास गरिरहेको बताइएको छ ।

पनडुब्बी र मिसाइल प्रविधिमा भएको प्रगतिले जापान र दक्षिण कोरियालाई आफ्ना अवरोध अझ बलियो बनाउने कार्यलाई सम्भावित रूपमा धक्का दिन सक्छ । यद्यपि, चीन र उत्तर कोरियाको कथित धम्कीको सामना गर्दै दुवै देशले पहिले नै आफ्नो सैन्य क्षमता विकास गरिरहेका छन् । उनीहरूले एक-आपससँग र संयुक्त राज्य अमेरिकासँग सहयोग अघि बढाइरहेका छन् । तसर्थ, यो प्रवृत्ति अपरिवर्तित रहने सम्भावना छ ।

> कोरियाले चिनियाँ निर्भरताका कारण आउन सक्ने प्रभावलाई कम गर्न अन्य देशसँग सम्बन्ध पुनर्विकास गर्न खोजेको छ । सन् ०१८ र ०१९ मा दक्षिण कोरिया, अमेरिका र रुससँगको शिखर सम्मेलन यस रणनीतिको एक हिस्सा थियो, तर यसले उत्तर कोरियाका लागि ठोस लाभ दिन सकेन

रुसले पक्कै पनि उत्तर कोरियालाई औद्योगिकस्तरमा सैन्य सहायता प्रदान गर्न सक्दैन । यो वास्तवमा रुसको सबैभन्दा ठूलो कमजोरी हो । युक्रेनसँगको युद्धका कारण रुसले हतियार र गोलाबारुद उत्पादन गर्नेभन्दा धेरै छिटो-छिटो खपत गरिरहेको छ । उत्तरको नयाँ उच्च-प्रविधियुक्त हतियारहरू उत्पादन गर्ने क्षमता संयुक्त राष्ट्रसंघीय प्रतिबन्धद्वारा सीमित बनेको छ (यद्यपि पश्चिमी, उच्च-प्रविधियुक्त उपकरण र केही सामग्रीको आयात अझै पनि नजिकैका देशमार्फत भइरहेको छ) ।

नयाँ आर्थिक साझेदारको प्रस्ताव

रुसले उत्तर कोरियालाई आफ्नो रणनीतिक द्विविधाबाट बाहिर निस्कने बाटो पनि दिएको छ । सन् २००९ मा उत्तर कोरियाको आणविक कार्यक्रमलाई लिएर संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले प्रतिबन्ध लगाएपछि धेरै देशले उत्तर कोरियाली सरकारसँगको व्यापार सम्बन्ध तोडेका थिए । यसले उत्तरलाई असहज ढंगमा चीनमा निर्भर बनायो ।

फलस्वरूप उत्तर कोरियाले चिनियाँ निर्भरताका कारण ऊबाट आउन सक्ने प्रभावलाई कम गर्न अन्य देशसँग सम्बन्ध पुनर्विकास गर्न खोजेको छ । सन् ०१८ र ०१९ मा दक्षिण कोरिया, अमेरिका र रुससँगको शिखर सम्मेलन यस रणनीतिको एक हिस्सा थियो, तर यसले उत्तर कोरियाका लागि ठोस लाभ दिन सकेन ।

पूर्वी रुसमा पुटिनसँग किमको पछिल्लो शिखर वार्ता यही नीतिको निरन्तरता हो । अहिले, परिस्थिति परिवर्तन भएको छ । किमले संयुक्त राष्ट्रसंघको प्रतिबन्धलाई प्रभावकारी रूपमा निष्प्रभाव बनाउने एक मार्ग पहिल्याएका छन् । उत्तर कोरियालाई प्रविधि र अन्य प्रतिबन्धित वस्तु प्रदान गर्न चीनका लागि मुख्य बाधक चिनियाँ कम्पनीमाथि अमेरिकाको सम्भावित हल्का प्रतिबन्ध र अमेरिकी डलरको लेनदेनबाट अलग हुने त्रास हो । यही कारण उत्तर कोरियालाई बेइजिङले चिनियाँ सहायता सीमित गरेको छ ।

रुस अहिले पश्चिमा प्रतिबन्धअन्तर्गत छ । रुसले उत्तर कोरियालाई सहायता प्रदान गर्दा दुष्परिणामको मतलब हुने भएन । रुस आणविक हतियार र मिसाइल प्रसारमा संलग्न हुन नचाहेको हदसम्म मात्र सीमित छ र आफ्नै सिमानामा परिष्कृत आणविक-सशस्त्र देश सिर्जना गर्ने विषयमा पनि ऊ सावधान छ ।

यस हप्ता किमसँगको भेटमा उत्तर कोरियालाई यसको स्याटेलाइट कार्यक्रममा मद्दत गर्नेसहित सहयोगका सबै विकल्प छलफलका लागि प्रस्ताव गरिएको रुसी राष्ट्रपति पुटिनले बताए । भनिरहन आवश्यक छैन कि यो संयुक्त राष्ट्रसंघको प्रतिबन्धको साथै मिसाइल प्रविधि नियन्त्रण प्रणालीमा रुसको आफ्नै प्रतिबद्धतामा प्रत्यक्ष उल्लंघन हुनेछ ।

यदि रुसले अब संयुक्त राष्ट्रसंघको प्रतिबन्धहरूको वास्ता गर्दैन भने यसले उत्तर कोरियालाई सैन्य प्रविधि मात्र नभई सबै सामानमा प्रतिबन्ध बाइपास गर्ने अर्को सम्भवतः अझ सुसंगत माध्यम दिन्छ । रसियालाई नयाँ आर्थिक साझेदारका रूपमा पछ्याउँदा भ्लादिभोस्टोक र उत्तर कोरियाबीचको रेलमार्ग, साथै उत्तर कोरिया र पूर्वीरुसबीचको ढुवानी मार्गहरू खुल्छन्, जसले उत्तर कोरियाको कोइला तस्कर गर्ने समूहलाई प्रोत्साहन पनि गर्न सक्छ ।

-द कन्भर्सेसनबाट

इतिहासमा आज

सेप्टेम्बर २०



सन् २०१९ : विश्वका १८५ देशमा विद्यार्थीले एकैपटक जलवायु परिवर्तनविरुद्ध शीघ्र कदम चाल्न माग गर्दै विरोध च्याली आयोजना गरे । यी च्यालीलाई स्विडिस अभियन्ता ग्रेटा थनवर्गले आह्वान गरेकी थिइन् ।

सन् १९५२ : वैज्ञानिकहरूले डिएनएमा अनुवांशिक सूचना हुने पुष्टि गरे ।

सन् १९६७ : बेनिन नाइजेरियाबाट अलग भएर स्वतन्त्र राष्ट्र बन्यो ।

सन् १९७७ : भियतनामले संयुक्त राष्ट्रसंघको सदस्यता पायो ।

सन् १९९० : सोभियत संघको एक एकाइ जर्जियाको स्वशासित क्षेत्र साउथ ओसेटियाले जर्जियाबाट अलग भएको घोषणा गऱ्यो ।


सन् 2000 : बेलायतको वैदेशिक जासुसी संस्था एमआई-सिक्सको लन्डनस्थित मुख्यालयमा रुसमा निर्मित मार्क २२ एन्टी-ट्यांक मिसाइल प्रहार । आक्रमण नर्दन आयरल्यान्डमा बेलायती शासनको अन्त्यका लागि लडिरहेको 'रियल आइरिस रिपब्लिकन आर्मी'ले गरेको थियो ।

सन् २००१ : अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसले अमेरिकी संसद्(कंग्रेस) को संयुक्त बैठकमा 'आतंकवादविरुद्ध युद्ध' घोषणा गरे ।

सन् २०११ : अमेरिकाले 'डन्ट आस्क, डन्ट टेल' नीति अन्त्य गर्दै समलिंगी पुरुष र महिलालाई खुला रूपमा सेनामा भर्ती खुलायो ।

सन् २०१५ : ग्रिसमा भएको आकस्मिक निर्वाचनमा एलेक्सिस सिपरस र उनको वामपन्थी दल सिरिजा पार्टी विजेता घोषित भयो ।

भारतको नयाँ संसद् भवनमा बस्यो पहिलो बैठक



नयाँ संसद् भवन



नयाँ संसद् भवनमा सांसदहरू

नयाँदिल्ली/ भारतका सांसदहरू आजदेखि नयाँ संसद् भवनमा सरेका छन् । गणेश चौथीको साइत पारेर औपनिवेशिक युगको पुरानो संसद् भवनबाट सांसदहरू नयाँ संसद्मा सरेका हुन् ।

झन्डै एक सय वर्षअघि जनवरी १९२७ मा बेलायती शासकहरूले अधिल्लो संसद् निर्माण गरेका थिए । पहिले गोलाकार सांसद रहेकोमा अहिलेको नयाँ संसद् भवन भने त्रिभुजाकारको रहेको छ । नयाँ संसद् भवनमा आठ सय जनप्रतिनिधि सहजै बस्न सक्नेछन् । उक्त भवन मे २८ मा देशका प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गरेका थिए ।

उद्घाटनका लागि देशकी राष्ट्रपतिलाई नबोलाइएको विरोधमा विपक्षी दलका सांसदहरूले भने सो समारोह बहिष्कार गरेका थिए । सभामुखले आजका लागि संसद्को विशेष बैठक आह्वान गरेका थिए ।

यसै सिलसिलमा नयाँ भवनमा विधायकहरू स्थानान्तरण भएका हुन् । आज भएको तल्लो सदनको बैठकमा सांसदमा महिला प्रतिनिधित्वको ३३ प्रतिशत 'कोटा' राख्ने विधेयक पेस गरिएको थियो ।

सुदूरको मुहार फेर्न महाकाली परियोजना

पञ्चेश्वर बहुउद्देश्यीय जलविद्युत् परियोजना कार्यान्वयनले सुदूरपश्चिमको तराई भूभागमा सिँचाइ र पर्याप्त विद्युत् आपूर्ति भई देशलाई आर्थिक समुन्नतितर्फ बढाउँछ



अर्थ संवाद

• हिक्मतसिंह ऐर

वि.सं. २०५२ माघ २९ गते नेपाल र भारत सरकारबीच महाकाली नदीबाट जलविद्युत् उत्पादन एवं पानी व्यवस्थापनार्थ ऐतिहासिक महाकाली सन्धि भएको थियो। उक्त जलविद्युत् विकास परियोजनाको सन्धिका १२ वटा दफामा ब्यारेज, ड्याम तथा जलविद्युत्गृह आदिको निर्माण एवं पानीको व्यवस्थापनसहित दुई देशबीच मुख्य रूपमा (क) शारदा ब्यारेजबाट पानी वितरणको सम्झौता, (ख) टनकपुर ब्यारेजबाट पानी वितरण र त्यही तालबाट विद्युत् उत्पादन र सोको वितरणको सम्झौता, (ग) पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाबाट पानी र ३,२४० मेगावाट विद्युत् उत्पादन गरी सोको वितरण गर्नेसम्बन्धी सम्झौता भएको थियो।

उक्त जलविद्युत् परियोजनाको महाकाली सन्धिले सुदूरपश्चिमको मुहार फेर्छ भन्ने नेताको अभिव्यक्ति सुन्दासुन्दै तीन दशक हुन लाग्दा पनि हामी यो सपना देख्न छोडेका छैनौं। हाम्रा प्रधानमन्त्रीज्यूहरू जबजब भारत भ्रमणमा जानुहुन्छ, यो विषयले प्राथमिकता पाएकै हुन्छ। पछिल्ला केही दिनमा यस सन्धिको कार्यान्वयन हुनेतर्फ बढ्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निस्किने अन्तिम तयारीमा रहेको र दुई देशका सचिवस्तरीय बैठकले परियोजनालाई निर्णायक स्थितिमा पुऱ्याइएको भन्ने थाहा पाएँ।

पञ्चेश्वर बहुउद्देश्यीय जलविद्युत् परियोजनाको कार्यान्वयनले सम्पूर्ण सुदूरपश्चिमको तराई भूभागसम्म सिँचाइका लागि पानी र पर्याप्त विद्युत् आपूर्ति भई सम्पूर्ण राष्ट्रलाई ठूला आर्थिक समुन्नतितर्फ बढाउनेछ भन्ने आशा छ। साथै, यसबाट उत्तरी भारतको उत्तराखण्ड, उत्तर प्रदेश, दिल्ली राज्यका औद्योगिक क्षेत्रले पनि यसको प्रत्यक्ष लाभ लिन सक्ने देख्छु। यस्तो अति महत्वपूर्ण परियोजनामा मित्रराष्ट्र भारत र केन्द्रीय सरकारमा बसेका दुई देशका पदाधिकारीको उदासीनताले धेरै प्रश्न उब्जाउँछ। यस परियोजनाको कार्यान्वयन समयमा नभई नेपालको विकासमा हुन गएको क्षतिको सही मूल्यांकन अर्थतन्त्रका विश्लेषकले गर्नुपर्ने हुन्छ, पछि समयले त्यसको लेखाजोखा त राख्ने नै छ।

बितेका वर्षमा सुदूरपश्चिमसँगै जोडिएको भारतको उत्तराखण्ड राज्यमा भारतले एक हजार मेगावाट क्षमताको टिहरी परियोजना निर्माण गरी भागीरथी नदीसहित सम्पूर्ण हिमशृंखलाबाट बग्ने साना-ठूला नदीको जलस्रोत संकलन गरी गढवालमा टिहरी एकीकृत जलविद्युत् परियोजनाको सफल कार्यान्वयन गरेको छ। त्यस्तै, उत्तराखण्डकै पिथौरागढ जिल्लामा, घौलीगंगा नदीमा पनि घौलीगंगा जल परियोजना निर्माण गरी २८० मेगावाट विद्युत् उत्पादन गरिरहेको छ। तर, सिमाना जोडिएको मित्रराष्ट्र नेपाललाई महाकाली नदीमा जलविद्युत्को विकास गर्ने विशाल सपना देखाई सन्धि गरी बैठकमाथि बैठक राखी यत्रो समय पर्खाएर कहाँ पुऱ्यायो र अब कहाँ पुऱ्याउने हो भन्ने चिन्ता हामी सुदूरपश्चिमवासीलाई छ।

पञ्चेश्वर बहुउद्देश्यीय जलविद्युत् परियोजना सन्धिको कार्यान्वयन समय अवधिले सुदूरपश्चिमवासीमा पर्ख र हेरको स्थितिमा पुऱ्याएको छ। बोलौं मित्रराष्ट्र रिसाउने, नबोलौं कहिलेसम्म यही स्थितिमा पर्खने ? त्यसैले हाम्रो आर्थिक विकासबारे अन्य उपाय र विकल्पको रणनीतिक योजना हुनुपर्छ, बन्नुपर्छ।

विडम्बना, भारत यो परियोजनाको पर्खाइमा नरहेको देखिन्छ। त्यहाँ विकासका कार्य निरन्तर जारी छन्। महाकाली नदीपारिको किनारमा च्याफ्टिङ गतिविधि गर्न रिसोर्ट बनेका छन्। त्यसको फाइदा भारतीय पर्यटन व्यवसायी र पर्यटकले लिइरहेका छन्। उक्त भूखण्डमा टनकपुरदेखि पिथौरागढ-धार्चुलासम्म सडक स्तरोन्नति गरी धार्चुलादेखि कालापानी हुँदै ताक्लाकोटसम्म पुग्ने सडक बनाएको छ। अबको केही दिनमा भारत सरकारले त्यही सडक सञ्जालबाट भारतीय पर्यटकलाई कैलाश मानसरोवर यात्रा गराउनेछ। यस्तो रणनीतिक रूपले महाकाली नदी किनारबाट महत्वपूर्ण सडक सञ्जालको निर्माण विस्तार गरी आर्थिक गतिविधि बढाई सम्पूर्ण उत्तराखण्ड राज्यले आर्थिक विकासमा ठूलो फड्को मार्ने दिशातर्फ उन्मुख देखिन्छ।

पञ्चेश्वर जलविद्युत् परियोजना सन्धिले विद्युत् उत्पादन र पानीको बाँडफाँट कार्यलाई हामीबीच बाधा होला, रोक्ला, तर अन्य आर्थिक गतिविधिका लागि रोकेको छैन। भारतले जस्तै हामीले पनि सुदूरपश्चिमको तराई भूभागलाई माथि पहाडको भूभागसँग सबैभन्दा छोटो पक्की सडक बाटोबाट जोड्नुपर्ने देखिन्छ। त्यसैले नेपाल सरकारले पनि महाकाली नदीको नेपालतर्फको किनारमा सडक निर्माण तिव्र गतिले अगाडि बढाउनुपर्ने हुन्छ। आर्थिक दृष्टिकोणले अति नै महत्वपूर्ण सम्भावना बोकेको महाकाली करिडोरको सडक निमार्णकार्य मुख्य तह दुई खण्डमा विभाजित गर्न सकिन्छ। माथिल्लो भाग जसमा दार्चुला सदरमुकाम खलंगादेखि तिंकर भञ्ज्याङसम्मको १४० किमि पक्की सडक निमार्ण गर्नुपर्छ। यस भागको पहाडमा नेपाली सेनाले १२ वर्षअघि नै ट्यूाक खोली सडक विभागले सडक निर्माण गरिरहेको छ। तर, हालसम्म प्रगति न्यून छ। यस खण्डमा भएको कामको रफ्तार हेर्दा निकै समय लाग्ने देखिन्छ। अतः यसलाई राष्ट्रिय प्राथमिकताको सडकका रूपमा अघि बढाउनुपर्ने देखिन्छ।

महाकाली करिडोरको तल्लो खण्ड दार्चुलाभन्दा कञ्चनपुरसम्म पुग्ने पुरानो २७१ किमि लामो भीमदत्त राजमार्गको साँघुरो पक्की सडक हाल चालू छ। तर, यसलाई अझै छोटो र चौडा बनाई सीधै पहाडी क्षेत्रबाट मधेसको भारतीय नाकानजिकका ठाउँमा झार्न आवश्यक देखिन्छ। यसका लागि वर्तमान महेन्द्रनगर, झाँसी टनकपुर लिंकरोड पक्की सडक निर्माण भइसकेर ब्रह्मदेव बजार, कञ्चनपुरसम्म जोडिने क्रममा छ। त्यसै सडकलाई ब्रह्मदेव बजारबाट भित्री मधेश पर्शुराम क्षेत्र हुँदै बैतडी पञ्चेश्वरसम्मको पक्की सडक निर्माण कार्य सुरु गरी तराई र पहाडका कृषिलगायतका उत्पादनको यथोचित भारत र आन्तरिक बजारमा पुऱ्याउने व्यवस्था गर्नुपर्ने आवश्यक देखिन्छ।

साथै, परापूर्वकालदेखि सुदूरपश्चिम पहाडबाट तराई पैदल मार्गबाट आउने-जाने स्थानीयको बाटो कञ्चनपुर झलारीबाट उत्तरका जोगबुडा पर्शुराम नगरपालिका हुँदै बुडरको बाटो डडेल्धुरा पुग्ने गरेको थियो। त्यही पैदलमार्गका केही स्थानमा ग्राभेल हाली कच्ची मार्ग भई मोटर चल्ने गरेको छ। तर, उक्त मार्गलाई पक्की सडक बनाउन सके पहाडबाट तराई छिटो झर्ने अर्को वैकल्पिक बाटो विकास हुन सक्छ। सडकमार्ग भई सुदूरपश्चिमका पहाडी सातवटा जिल्ला बैतडी, दार्चुला, डडेल्धुरा, बझाङ आदिको कृषि उपज, जडीबुटी तथा त्यहाँ पहाडमा रहेको चुनढुंगा खडियाको विशाल भण्डारलाई पनि सजिलै नजिकको भारतीय बजार रुद्रपुर औद्योगिक क्षेत्र, बरेलीबजार, दिल्ली नोयडा औद्योगिक क्षेत्रमा छोटो बाटोबाट ढुवानी गर्न सकिन्छ। त्यस्तै, हाम्रा पहाडी जंगलमा बर्सेनि उत्पादन भई खेर जाने धासेखरपात र जडीबुटीलाई पनि नजिकैको भारतीय बजार हरिद्वार, देहरादुन आदिका स्थापित आर्युवेदीय दबाई बनाउने पतञ्जली, डाबर, हिमालयन हर्बस् आदिजस्ता फैक्ट्रीलाई पनि हाम्रो कच्चा पदार्थका साथै कृषि एवं दुग्धजन्य सामग्री पनि भारतीय बजारमा सहजै पुऱ्याउन सकिन्छ। तर, यसमा भारत सरकारकै सौहार्द्रपूर्ण व्यवहार र हाम्रो सरकार र निजी क्षेत्रको इच्छाशक्ति पनि हुनुपर्छ।

पछिल्लो समय नेपाली गोलभेँडा भारतमा निर्यात भएको उदाहरणले हाम्रा कृषकलाई हौसला दिएको छ नै, सम्भावनाको ढोका पनि खुल्न सक्छ। यस वर्ष प्रधानमन्त्री पुष्पकमल दाहालज्यूको भारत भ्रमणमा भारत सरकारले बैतडीको झुलाघाटमा पक्की पुल बनाइदिने सम्झौता गरेको छ। यो एउटा राम्रो उपलब्धि हो।

यसले नेपाललाई आफ्नो मध्यपहाडी राजमार्ग परियोजनालाई व्यापक रूपले अघि बढाउन मौका दिनेछ। यसबाट आर्थिक लाभ लिन सकिने विश्वास छ। झुलाघाटबाट नेपालले प्रसिद्ध पदमार्ग ग्रेट हिमालय ट्रेलको ट्रेकिङ सुरु हुने पश्चिमको प्रवेशबिन्दु बनाएको छ। यसले नेपालको ट्रेकिङ क्षेत्रको विकासमा भारतसँगै जोडी ट्रेकिङ प्याकेजको प्रचार प्रसार गर्न सकिन्छ। सुदूरपश्चिमको पर्यटकीय क्षेत्रमा बैतडी झुलाघाटबाट प्रवेश गरी स्थानीय रहनसहन हेर्न गाउँघरका होमस्टे, स्थानीय लजहरूमा बसी त्यस भेगका सम्पदाहरू हेर्दै खप्तड क्षेत्रका फाँट, रामारोशन क्षेत्रका ताल, बडिमालिका त्रिवेणीका फाँट, नाटेश्वरी आदि अनेकौं स्थान हुँदै रारा तालसम्मको अद्भुत पदयात्रामा अनेकौं वनस्पति, पशुपक्षी र स्थानीय संस्कृतिको दर्शन गर्न पाउने ट्रेकिङ सर्किट रुट दुवैतर्फबाट चलाउन सकिने सम्भावना देखिन्छ।

ग्रेट हिमालयन ट्रेलको सम्भावनासँगै देवभूमि सर्किटको पनि इन्डो-नेपाल प्याकेज बनाउन सकिन्छ। भारतको उत्तराखण्ड प्रदेशका पर्यटन व्यवसायीले आफ्ना विभिन्न धार्मिक स्थलको व्यापक प्रचार प्रसार गरी भ्रमण गराइरहेका छन्। त्यसै भूगोलसँगै महाकाली नदीको पूर्वमा नेपालतर्फ माता भगवतीका नौवटा शक्तिपीठ बाजुराको बढीमालिका, डोटीको शैलेश्वरी, डडेल्धुराको उग्रतारा, बैतडीको मेलौली भगवती, डिलासैनी, त्रिपुरासुन्दरी देवी, अछामको वरदा देवी र बझाङको सुर्मादेवी भगवती माताहरूको शक्तिपीठ रहेका छन्। यहाँ शिवका प्रसिद्ध मन्दिर बैजनाथ, सिद्धनाथ, मलिकाअर्जुन, बैधनाथ, सहस्रलिंग, वीर बेताल, वीर घटाल, लटैनाथ आदि अनेकौं देवालय पनि यसै महाकाली करिडोरवरपर छन्। दुवै देशका धार्मिक स्थल जोडी संयुक्त रूपमा भारत र सुदूरपश्चिम प्रदेशमा प्रसिद्ध धार्मिक स्थलहरूको भ्रमण प्याकेज बनाउन सकिन्छ। यस्तै, संयुक्त प्याकेजमा महाकाली नदीको नेपालतर्फको पूर्वी भूभागमा पनि च्याफ्टिङ व्यवसाय विकास हुन सक्ने विशाल सम्भावना छ। यसतर्फ पनि पर्यटन व्यवसायीहरूले ध्यान दिनुपर्दछ।

विभिन्न धार्मिक ग्रन्थमा सुदूरपश्चिम र कुमाउँ क्षेत्रलाई मानस खण्ड भनी वर्णन गरेको पाइन्छ। कुमाउँ, गढवाल र सुदूरपश्चिमका जनताको जनस्तरमा विशेष सम्बन्ध देखिन्छ। दुवैको संस्कृति, रीतिरिवाज, चाडपर्व, खानपिन, लोकसंस्कृति, बिहेबारी आदि सम्पूर्ण मित्रवत् सम्बन्ध परापूर्वकालदेखि नै चल्दै आएको पाइन्छ। त्यसैले हाम्रो आर्थिक विकासमा पर्यटकीय गतिविधिलाई सकारात्मक रूपमा जोड्न सक्ने हो भने देवभूमि सर्किट, ग्रेटर हिमालयन ट्रेकिङ, महाकाली च्याफ्टिङ र कैलाश मानसरोवर यात्रा प्याकेज संयुक्त रूपमा सञ्चालन हुन सक्छन्। यसका लागि आवश्यक पूर्वाधारमध्ये पर्यटन व्यवसायीबीच हुनुपर्ने व्यापारिक साझेदारी र सहकार्य देखिँदैन। त्यहीअनुसारको फिल्डमा दक्ष जनशक्ति र यातायातको सुविधा पर्याप्त मात्रामा उपलब्ध छैन। यसतर्फ प्रदेश, केन्द्र सरकार एवं पर्यटन क्षेत्रका व्यवसायीहरूको ध्यान जानुपर्छ।

पर्यटकीय भ्रमण प्याकेज संयुक्त रूपमा सञ्चालन हुन तराई र पहाडबीच छिटो समयमा पुग्न सक्ने सडक चाहिन्छ। पर्यटकीय सम्पदा हामीसँग पर्याप्त छन्। तर, त्यसको बजारीकरण र कनेक्टिभिटी अत्यन्त आवश्यक हुन्छ। तराई-पहाड जोड्ने सडक सञ्जाल त्यसको मुख्य पूर्वाधार हो। बाह्रैमास चल्ने सडकविना आर्थिक गतिविधि हुन सक्दैन र दिगो विकास पनि सम्भव छैन। सुदूरपश्चिमको प्रदेश सरकार, केन्द्रीय नेपाल सरकार एवं सम्पूर्ण अन्तर्राष्ट्रिय दातृ संघसंगठनले सुदूरपश्चिमको वास्तविक विकास द्रुत गतिमा हेर्न चाहन्छन् भने अबको अर्जुनदृष्टि केवल प्रदेशको उत्तर-दक्षिणको सडक कनेक्टभिटीका लागि माथि सुझाइएको महाकाली करिडोर जोड्ने सडक ब्रह्मदेव बजार, पर्शुराम नगरपालिका हुँदै दार्चुलासम्मको सडक सञ्जालको निर्माणमा आवश्यक बजेट खर्च गर्नुपर्ने देखिन्छ।

साथै, यस उत्तर-दक्षिणको कनेक्टिभिटीमा तत्काल चीनसँगको नाका तिब्बत, ताक्लाकोटसम्म पुग्न नेपालबाट दार्चुलाको टिंकर भञ्ज्याङ र बझाङको उरै भञ्ज्याङको बाटा छन्। यी दुईवटा नाका वा त्यसमध्ये एउटा नाका तत्काल खोल्नुपर्ने हुन्छ। नयाँ खुल्ने नाकाबाट नेपाल हुँदै अन्तर्राष्ट्रिय पर्यटकहरूको आवागमन गर्न पाउने अनुमतिबारे प्रधानमन्त्रीज्यूको आसन्न चीन भ्रमणमा माग राखी पूर्वाधारसमेत बनाइदिन अनुरोध गर्नुपर्ने देख्छु।

भारत सरकारले आगामी वर्ष सन् २०२४ देखि भारतको धार्चुला, कालापानी हुँदै कैलाश मानसरोवर धार्मिक यात्रा सुरु गर्ने भइसकेको छ। हाम्रो सरकारले पनि मानसरोवरतर्फ केही पाइला चालेको सन्देश दिन नयाँ नाका खोल्नुपर्छ। यसो गर्दा सुदूरपश्चिम क्षेत्र मात्र नभई सम्पूर्ण नेपाली पर्यटन व्यवसायी पनि उत्साहित हुनेछन्। त्यस भेगबाट हुन सक्ने नयाँ रुटको नयाँ प्याकेज तयार गरी पर्यटकीय क्रियाकलापमा थप आकर्षण थपिन सक्छ।

(ऐर नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक हुन्)



> जलविद्युत् परियोजना सन्धि कार्यान्वयन समयावधिले सुदूरपश्चिमवासीलाई पर्ख र हेरको स्थितिमा पुऱ्याएको छ। बोलौं मित्रराष्ट्र रिसाउने, नबोलौं कहिलेसम्म यही स्थितिमा पर्खने ? अतः हाम्रो आर्थिक विकासबारे अन्य विकल्पको रणनीतिक योजना हुनुपर्छ।

मजदुर आन्दोलनले बढाउला कारको मूल्य ?

चिपको कमी, उच्च माग र वैश्विक आपूर्तिमा गिरावट आउँदा आन्दोलनअघि नै कारको मूल्य बढ्न थालेको हो

अमेरिकामा यतिबेला कार खरिदकर्ता आन्दोलनको नयाँ चरण 'स्टिकर सक'मा प्रवेश गरेका छन्। युनाइटेड अटो वर्कर्स (युएडब्लू) ले गरेको यो आन्दोलनले छिटै विश्राम नलिएमा लोकप्रिय कारको आपूर्तिमा संकटको संकेत देखिन थालेको छ।

जबसम्म यो आन्दोलन जारी रहन्छ, तबसम्म कार उत्पादनमा पनि उत्ति नै कमी आउनेछ। यस्तै, डिलरहरूले बिक्री बढाउन भनेर कार उत्पादक कम्पनीबाट पाउँदै आएको सुविधा पनि गुमाउनेछन्। र, यसको असर आमउपभोक्तामा देखिनेछ।

केही विशेषज्ञ डिलर लट खाली हुन केही हप्ता लाग्ने बताउँछन्। फोर्ड, जनरल मोटर्स र स्टेलान्टिसले बिहीबार आन्दोलनअघि कारको सूची बनाउँदै युएडब्लूले कम्तीमा अहिलेका लागि तीनवटा प्लानमै आन्दोलन सीमित गर्ने घोषणा गरेका छन्।

अटो उद्योगबारे जानकारी दिने एडमन्ड्स इन्साइट्सका निर्देशक इभान ड्युरीका अनुसार अहिलेको कारको सूचीस्तर र बिक्रीको गति हेर्दा धेरैजसो कार खरिदकर्ताले केही महिनासम्म खासै परिवर्तन महसुस गर्नुपर्दैन। एडमन्ड्सको तथ्यांकअनुसार 'डेट्रोइट थ्री'का सवारीसाधन अगस्टमा बिक्री हुनुअघि औसत ५२ दिन पहिले सूचीकृत थिए। जुन गत वर्षको सुरुवातमा ३१ दिनभन्दा बढी हो।

युएडब्लूले कम मात्रै कार उत्पादन गर्ने फोर्ड ब्रोनकोस र रेन्जर, जिप च्यांग्लर्स, सेभ्रोलेट (मझौला साइज पिकअप) र जिएमसी भ्यान बनाउने कारखानामा आन्दोलन गर्न सुरु गरेको छ। कारण, व्यापारीसँग यी कारको स्टक पर्याप्त छ। युएडब्लूले फोर्डसँग अर्थपूर्ण छलफल भएको जनाइरहँदा स्टेलेन्टिसले भने युनियनलाई ताजा अवस्थाबारे जानकारी दिएको छ। स्टेलेन्टिसमा उत्तरी अमेरिकाका मुख्य सञ्चालक अधिकृत मार्क स्टेवार्टका अनुसार उनको कम्पनीसँग उपभोक्तामाथि परेको प्रभाव कम गर्न केही आकस्मिक योजना छन्। उनको भनाइमा कम्पनी ग्राहकलाई प्रोत्साहित गर्न चाहन्छ।

यदि जारी आन्दोलन रोकिएन भने बजारमा कारका केही ब्रान्ड र मोडेलको कमी हुन सक्छ। यसमा पनि ठूला बिक्रेता या सवारीसाधनको आपूर्ति पहिल्यैदेखि कम भइसकेको छ। जसमा सेभ्रोलेट, सिल्भराडो र ताहोई, जिएमसी सिएरा र फोर्डको एफ-सिरिजअन्तर्गतका पिकअप भ्यान पर्छन्। तर, मेक्सिकोमा रहेका कार कम्पनीका प्लान्टले पाटपुर्जाको आपूर्ति हुँदासम्म केही मोडेल भने उत्पादन गर्न सक्छन्।

डेट्रोइटको बिग थ्रीमार्फत कारको आपूर्ति आन्दोलन कति लामो समयसम्म चल्छ र यो अन्य प्लान्टमा कति तीव्रतापूर्वक फैलिन्छ भन्नेमा भर पर्छ। अटो विश्लेषक गारेट नेल्सन उत्पादक कम्पनीले बिक्री बढाउन डिलरलाई दिएको सुविधा खोसिन सक्ने बताउँछन्। उक्त सुविधाले डिलरलाई स्टिकर प्राइस घटाउन सघाउ पुग्नेछ। साथै, उनीहरू प्रायः बिस्तारै बिक्री हुने मोडेलमा केन्द्रित हुन सक्छन्।

फोर्ड, जिएम र स्टेलेन्टिस र फिएट क्रिसरलका कार पाउन कठिन हुनेछ। यसको प्रभाव बजारमा अवश्य पर्छ। जो उपभोक्तालाई गाडी चाहिन्छ, उनीहरू सम्भवतः टोयोटा, होन्डा र टेस्लाजस्ता प्रतिस्पर्धीतिर आँखा लगाउनेछन्। तर, यी कम्पनीले मौकाको फाइदा उठाउँदै अतिरिक्त शुल्कसमेत लिन सक्छन्।

अहिले व्यवसाय मात्रै होइन, मूल्य पनि सर्वत्र प्रभावित छ। गत वर्षको उच्चतम तुलनामा प्रयोग गरिएका कारको भ्यालुमा पनि अहिले गिरावट आएको छ। तर, यो फेरि बढ्न सक्छ। कारण, उपभोक्ताले सस्तो मूल्यमा नयाँ विकल्प खोजिरहेका छन्।

यसैगरी, भाडामा कार लिने उपभोक्ता र अवधिको अन्त्यतिर आउने ग्राहकलाई मर्का पर्ने देखिन्छ। सेकेन्ड ह्यान्ड कारको बजार उच्च हुँदा भाडामा लगाउने कम्पनीले आफ्ना कार फिर्ता लिनुका साथै भाडाको समयावधिसमेत नथप्न सक्छन्। यसले कहीं न कहींबाट उपभोक्तालाई नै प्रभावित पार्छ। यसैगरी, अमेरिकामा जसले अहिले नयाँ, सेकेन्ड ह्यान्ड वा भाडामा कार लिन खोजेको छ, उसले उच्च ब्याजदरको सामना गर्नुपर्छ।

बैंकरेटका अनुसार यो हप्ता नयाँ सवारी कर्जाको ब्याजदर ७.४६ प्रतिशत छ। त्यसैगरी, सेकेन्ड ह्यान्डका लागि ८.०६ प्रतिशत छ।

उच्च ब्याजदरले दैनन्दिन जीवनलाई त प्रभावित पारेको छ नै, गाडी किन्न इच्छुक व्यक्तिलाई समेत हतोत्साहित गरेको छ। अमेरिकी केन्द्रीय बैंकले यो महिना सवारी कर्जाको ब्याजदर १४.२ प्रतिशत पुगेको बताएको छ। यो सन् २०१३ देखि बैंकले तथ्यांक राख्न सुरु गरेयताकै सर्वाधिक बढी हो।

अटो श्रमिकको सम्भावित आन्दोलन सुरु हुनुअघिदेखि नै कारको मूल्य बढ्न थालेको विश्लेषक बताउँछन्। चिपको कमी, वैश्विक आपूर्तिमा गिरावट र उच्च माग हुँदा बजारमूल्य स्वतः बढ्यो। केली ब्लुबुकका अनुसार सन् २०२० मा नयाँ कारको औसत मूल्य ३९ हजार डलर थियो। तर, उक्त मूल्य बढेर यो वर्ष ४८ हजारमाथि पुगेको छ। आन्दोलन छिटै समाप्त भयो भने पनि कार उत्पादक कम्पनीको श्रममूल्य बढ्दा मूल्य नघट्ने निश्चितप्रायः छ।

यता, युएडब्लूले चार वर्षमा ३६ प्रतिशत तलब वृद्धिको माग राखेको छ। साथै, अन्य माग पनि छन्, जसले कम्पनीको खर्च मात्रै वृद्धि गर्छ। शनिबार मात्रै स्टेलेन्टिसले प्रतिघन्टा तलबमा २१ प्रतिशत ज्याला वृद्धिका लागि नयाँ प्रस्ताव दिएको छ। यो फोर्ड र जिएमको प्रस्ताव भएको बताइएको छ।

- एपी



> आन्दोलन जारी रहँदासम्म कार उत्पादनमा पनि कमी आउनेछ। यस्तै, डिलरहरूले बिक्री बढाउन भनेर कार उत्पादक कम्पनीबाट पाउँदै आएको सुविधा पनि गुमाउनेछन्। र, यसको असर आमउपभोक्तामा नै देखिनेछ।

अंक र अर्थ

गत आवदेखि चालू आवको भदौसम्म सिमेन्ट तथा क्लिंकर निर्यातको अवस्था

महिना	सिमेन्ट र क्लिंकर निर्यात (रु)
साउन	४९ लाख
भदौ	४० लाख
असोज	एक करोड २६ लाख
कात्तिक	एक करोड ३५ लाख
मंसिर	९१ लाख
पुस	४ करोड २० लाख
माघ	८ करोड ७ लाख
फागुन	१३ करोड ७६ लाख
चैत	११ करोड ७६ लाख
वैशाख	१३ करोड १२ लाख
जेठ	१२ करोड ३२ लाख
असार	१० करोड २९ लाख
साउन	२३ करोड ५० लाख


सेयर बजार

२ असोज ०८०

नेप्से १,९८५.४३ ▲ १६.२४ ०.८२%

कारोबार रकम: १,१७,६६,८०,७५७.५

जम्मा सेयर: ४३,३६,५८३



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ३ असोज ०८०

संविधान जारीपछिका आठ वर्ष : जिडिपी र प्रतिव्यक्ति आय दोब्बर भयो, सार्वजनिक ऋण साढे तीन गुणाले बढ्यो

अस्थिर राजनीतिक अवस्था, कमजोर नेतृत्व क्षमता र विपत् एवं महामारीलगायत कारण देशमा औसत विकास मात्रै

कृष्ण रिजाल/नयाँ पत्रिका

जनताका प्रतिनिधिले बनाएको संविधानसभाले ३ असोज ०७२ मा नेपालको संविधान जारी गरेपछि देशमा तीव्र आर्थिक विकास हुने आमअपेक्षा थियो । राजनीतिक दलका नेता, बुद्धिजीवी र निजी क्षेत्रले पनि देश अब आर्थिक समृद्धितर्फ लम्किने उद्घोष गरे । विडम्बना संविधान जारीपछिका आठ वर्षमा देशले अपेक्षित आर्थिक उन्नति भने गर्न सकेको देखिँदैन । अस्थिर राजनीतिक अभ्यास, नेतृत्वको कमजोर क्षमता र विश्वव्यापी महामारीका कारण देशले औसत विकास मात्रै हासिल गर्न सकेको देखाउँछ ।

नेपालको संविधान जारी भएपछिका आठ वर्षमा अर्थतन्त्रको आकार र प्रतिव्यक्ति आय दोब्बरले बढेको छ । गरिबी केही घटेको र औसत आयु भने बढेको छ । यसैगरी, विद्युत्, टेलिफोन र इन्टरनेटको पहुँच पनि बढेको छ । तर, संविधान जारी हुनुअघि र जारी भइसकेपछि थालिएका सडक, सिँचाइलगायत थुप्रै पूर्वाधार परियोजना समयमै सम्पन्न हुन सकेका छैनन् । बुढीगण्डकी जलविद्युत् आयोजना, काठमाडौं-तराई-मधेश द्रुतमार्गलगायत आर्थिक एवं रणनीतिक महत्त्वका परियोजनाले गति लिएका छैनन् । आम्दानी र खर्चको सन्तुलन नमिल्ने प्रवृत्तिमा सुधार आउन सकेको छैन । सञ्चित कोष घाटा पाँच गुणा बढेको छ । त्यस्तै, सार्वजनिक ऋण तीन गुणाले बढेको छ ।

संविधान जारी भएको आठ वर्षमा जनताले देख्ने गरी विकास नभएको राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष अर्थशास्त्री डा. विश्वनाथ पौडेल बताउँछन् । 'यस अवधिमा ऊर्जामा राम्रो प्रगति भयो, तर सडक यातायात र कृषि क्षेत्रमा राम्रो भएन । सडक पूर्वाधार विकास नहुँदा आर्थिक गतिविधि बढ्न सकेन, अन्य क्षेत्रसमेत प्रभावित भए, कृषि क्षेत्रको विकास नहुँदा परनिर्भरता अझ बढ्यो,' उनले भने, 'संविधान जारी भएपछि विकास हुन्छ भन्ने जनतामा जुन विश्वास थियो, त्यसअनुसार काम भएन, जनताले देखिने गरी विकासचाहिँ भएन । रेमिट्यान्सका कारण अर्थतन्त्रको आकार बढेको भए पनि आन्तरिक उत्पादन नबढेका कारण त्यो दिगो नहुने उनको विश्लेषण छ । 'संविधान जारी भएपछि कामै नभएको होइन, केही भएका छन्, सुरुवात भएका छन्, तर अपेक्षित हुन सकेका छैनन्,' उनले भने ।

संविधान जारी भएको आर्थिक वर्ष ०७२/७३ मा २६ खर्ब आठ अर्बबराबर रहेको नेपालको जिडिपीको आकार बढेर अहिले ५३ खर्ब ८१ अर्बबराबर पुगेको छ । सात सय ६८ अमेरिकी डलरबराबर रहेको प्रतिव्यक्ति आय बढेर एक हजार तीन सय ९९ डलरबराबर पुगेको छ । २१.६ प्रतिशतमा रहेको गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १५.१ प्रतिशतमा झरेको छ । जलविद्युत्को जडित क्षमता आठ सय ५१ मेगावाट रहेको थियो, अहिले दुई हजार ६ सय ६६ मेगावाट पुगिसकेको छ । ७४ प्रतिशत रहेको विद्युत्को पहुँच बढेर ९५ प्रतिशत पुगिसकेको छ । टेलिफोन र इन्टरनको पहुँच पनि उच्चदरमा बढेको छ ।

आर्थिक वर्ष ०७९/८० मा सञ्चित कोष ३९ अर्ब ७६ करोडले घाटामा गएको छ । यससँगै हालसम्मको सरकारी सञ्चित कोष घाटा एक खर्ब ६ अर्ब ३३ करोड पुगिसकेको छ । जबकि, आर्थिक वर्ष ०७२/७३ मा सञ्चित कोष २२ अर्ब ६५ करोडले मात्रै घाटामा रहेको थियो । आर्थिक वर्ष ०७२/७३ मा ६ खर्ब २७ अर्ब रहेको कुल सार्वजनिक ऋण २२ खर्ब २१ अर्ब पुगिसकेको छ ।

यो आठ वर्षमा सडक पूर्वाधार भने सुस्त देखिन्छ । संविधान जारी भएको आर्थिक वर्ष ०७२/७३ देखि हालसम्म जम्मा पाँच हजार किलोमिटर सडक (सबै किसिमका) मात्रै बनेका छन् । सडक यातायातको कुल लम्बाइ २९ हजार ३१ किमिबाट बढेर ३४ हजार एक सय किमि पुगेको छ । अन्तरदेशीय रेलमार्गमा उल्लेखनीय प्रगति हुन सकेको छैन । पूर्व-पश्चिम रेलमार्ग निर्माण सुरु भएको छैन । हालसम्म पनि देशमा जलाशययुक्त (स्टोरेज) जलविद्युत् आयोजना थपिएका छैनन् । सडक, रेल, सिँचाइजस्ता पूर्वाधारको विकास नहुँदा देशले आर्थिक विकासमा अपेक्षित गति लिन नसकेको हो ।

संविधान जारी भइसकेपछि पनि देशमा राजनीतिक स्थायित्व कायम हुन नसकेका कारण अपेक्षित आर्थिक विकास नभएको नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष शेखर गोल्छा बताउँछन् । 'संविधान जारी भएपछि देशमा राजनीतिक स्थायित्व आएको आभास भएको थियो, अब देश आर्थिक उन्नतीतर्फ अघि बढ्छ भन्ने आमविश्वास थियो । राजनीतिक मुद्दा सकिएकाले अब आर्थिक मुद्दाले मात्रै प्राथमिकता पाउँछन् भन्ने हाम्रो बुझाइ थियो । तर, अपेक्षअनुसार काम भएनन् । अझै पनि दलहरू सत्ता राजनीतिमै केन्द्रित देखिए । आर्थिक मुद्दा ओझेलमा पर्दा अपेक्षाअनुसार विकास हुन सकेन । अहिले जेजति आर्थिक सूचक देखिएको छ, त्यो पनि रेमिट्यान्सका कारण भएको हो । रेमिट्यान्स हरेकजसो नेपालीको घरमा पुगेको छ, त्यसले अर्थतन्त्रको आकार प्रतिव्यक्ति आय बढाएको छ । तर, आन्तरिक उत्पादन बढ्न सकेको छैन । रोजगारी सिर्जना हुन सकेको छैन ।

पूर्वाधार विकासमा राज्यले खर्च गर्न सकेको भए त्यसले रोजगारी सिर्जना गराउँथ्यो, आर्थिक गतिविधि अझ बढाउँथ्यो, मूल्य अभिवृद्धि हुन्थ्यो, पर्यटक बढ्थे, बजार विस्तार हुन्थ्यो, तर त्यसो हुन सकेन । ऊर्जा क्षेत्रमा केही प्रगति भएको देखिन्छ । तर, परिमाण र गुणस्तर अझै अपेक्षाकृत छैन । सडक पूर्वाधार कमजोर छ । भएका सडक जीर्ण किसिमका छन्, अन्तर्राष्ट्रिस्तरको कुनै सडक बनाउन सकिएको छैन । सडकका सबै ठूला आयोजना समयमै सम्पन्न हुन सकेका छैनन् । यसले हाम्रो लागत बढाएको छ, मूल्य वृद्धि बढाएको छ । कृषि क्षेत्रले गति नै लिन सकेको छैन ।

हाम्रो राज्यको संरचना अझ बढी खर्चिलो भएको छ, त्यसले लाभ दिएको छ कि छैन ? अध्ययन गर्नुपर्छ । निर्वाचन प्रणालीले पनि बलियो सरकार दिन सक्ने देखिँदैन । जबसम्म राजनीतिक स्थिरता हुँदैन, तबसम्म उच्चदरको विकास हासिल गर्न गाह्रो हुन्छ । हामीले जेजति काम गर्नुपर्थ्यो, त्यो गर्न सकेनौं, जेजति विकास हुन सक्थ्यो त्यो हुन सकेन, त्यसको मूल कारण भनेकै अस्थिर राजनीति नै हो ।

■ संविधान जारी हुनुअघि र पछिको आर्थिक अवस्था

संकेत/क्षेत्र	आव ०७२/७३	०७९/८०
कुल गार्हस्थ्य उत्पादन (जिडिपी)	२६ खर्ब ८ अर्ब	५३ खर्ब ८१ अर्ब
प्रतिव्यक्ति आय	९४ हजार रुपैयाँ	१ लाख ८२ हजार रुपैयाँ
गरिबीको रेखामुनि रहेको जनसंख्या	२१.६ प्रतिशत	१५.१ प्रतिशत
बहुआयामिक गरिबीमा रहेको जनसंख्या	२८.६२ प्रतिशत	१७.४ प्रतिशत
सार्वजनिक ऋण	६ खर्ब २७ अर्ब	२२ खर्ब २१ अर्ब
जिडिपीको अनुपातमा सार्वजनिक ऋण	२४.०६ प्रतिशत	४१.२९ प्रतिशत
सञ्चित कोषको अवस्था	-२२६५ करोड	-१०६३३ करोड
अपेक्षित आयु	६९ वर्ष	७२ वर्ष
खानेपानी पुगेको जनसंख्या	८३.६ प्रतिशत	९७ प्रतिशत
आधारभूत सरसफाइ पुगेको जनसंख्या	८१ प्रतिशत	१०० प्रतिशत
राष्ट्रिय राजमार्गमा जोडिएका सदरमुकाम	७३	७६
टेलिफोन/मोबाइल घनत्व	११०.३ प्रतिशत	११७.९१ प्रतिशत
इन्टरनेट सेवामा पहुँच	४४.४ प्रतिशत	१३४.७६ प्रतिशत
विद्युत् उत्पादन (जडित क्षमता)	८५१ मेगावाट	२६६६ मेगावाट
विद्युत्को पहुँचमा पुगेको जनसंख्या	७४ प्रतिशत	९५ प्रतिशत
सिँचाइ (हेक्टर लाखमा)	१३ लाख ७४ हजार	१५ लाख ३३ हजार
सडक यातायातको कुल लम्बाइ	२९०३१ किमि	३४ हजार १ सय किमि
निर्यात	७० अर्ब	१ खर्ब ५७ अर्ब
आयात	७ खर्ब ८१ अर्ब	१६ खर्ब ११ अर्ब
व्यापार घाटा	७ खर्ब ८१ अर्ब	१४ खर्ब ५४ अर्ब
मानव विकास सूचाकांक	०.५४०	०.६०२
अन्तर्राष्ट्रिय एयरपोर्ट	१	३
विदेशी विनिमय सञ्चिति	१५.८ महिनाको आयात धान्ने	९.४ महिनाको वस्तु तथा सेवा आयात धान्ने
रेमिट्यान्स आय	६ खर्ब ६५ अर्ब	१२ खर्ब २० अर्ब

■ सत्ताकेन्द्रित राजनीतिले आर्थिक मुद्दा ओझेलमा पर्दा अपेक्षकृत विकास भएन

● **शेखर गोल्छा**, निवर्तमान अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



संविधान जारी भएपछि देशमा राजनीतिक स्थायित्व आएको आभास भएको थियो, अब देश आर्थिक उन्नतितर्फ अघि बढ्छ भन्ने आमविश्वास थियो । राजनीतिक मुद्दा सकिएकाले अब आर्थिक मुद्दाले मात्रै प्राथमिकता पाउँछन् भन्ने हाम्रो बुझाइ थियो । तर, अपेक्षअनुसार काम भएनन् । अझै पनि दलहरू सत्ता राजनीतिमै केन्द्रित देखिए । आर्थिक मुद्दा ओझेलमा पर्दा अपेक्षाअनुसार विकास हुन सकेन । अहिले जेजति आर्थिक सूचक देखिएको छ, त्यो पनि रेमिट्यान्सका कारण भएको हो । रेमिट्यान्स हरेकजसो नेपालीको घरमा पुगेको छ, त्यसले अर्थतन्त्रको आकार प्रतिव्यक्ति आय बढाएको छ । तर, आन्तरिक उत्पादन बढ्न सकेको छैन । रोजगारी सिर्जना हुन सकेको छैन ।

पूर्वाधार विकासमा राज्यले खर्च गर्न सकेको भए त्यसले रोजगारी सिर्जना गराउँथ्यो, आर्थिक गतिविधि अझ बढाउँथ्यो, मूल्य अभिवृद्धि हुन्थ्यो, पर्यटक बढ्थे, बजार विस्तार हुन्थ्यो, तर त्यसो हुन सकेन । ऊर्जा क्षेत्रमा केही प्रगति भएको देखिन्छ । तर, परिमाण र गुणस्तर अझै अपेक्षाकृत छैन । सडक पूर्वाधार कमजोर छ । भएका सडक जीर्ण किसिमका छन्, अन्तर्राष्ट्रिस्तरको कुनै सडक बनाउन सकिएको छैन । सडकका सबै ठूला आयोजना समयमै सम्पन्न हुन सकेका छैनन् । यसले हाम्रो लागत बढाएको छ, मूल्य वृद्धि बढाएको छ । कृषि क्षेत्रले गति नै लिन सकेको छैन ।

हाम्रो राज्यको संरचना अझ बढी खर्चिलो भएको छ, त्यसले लाभ दिएको छ कि छैन ? अध्ययन गर्नुपर्छ । निर्वाचन प्रणालीले पनि बलियो सरकार दिन सक्ने देखिँदैन । जबसम्म राजनीतिक स्थिरता हुँदैन, तबसम्म उच्चदरको विकास हासिल गर्न गाह्रो हुन्छ । हामीले जेजति काम गर्नुपर्थ्यो, त्यो गर्न सकेनौं, जेजति विकास हुन सक्थ्यो त्यो हुन सकेन, त्यसको मूल कारण भनेकै अस्थिर राजनीति नै हो ।

■ केही नभएको होइन, तर जनताले देख्ने गरी विकास भएन

● **डा. विश्वनाथ पौडेल**, पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग



संविधान जारी भएको आठ वर्ष भयो । भुइँचालो गएकै वर्ष संविधान जारी भयो, त्यसपछि हामी पुनर्निर्माणमा पनि बढी केन्द्रित भयौं । संविधान जारी भएपछि पछिल्ला आठ वर्षमा नेपालले ऊर्जा क्षेत्रमा राम्रो प्रगति गरेको छ । लोडसेडिङको अवस्थाबाट हामी विद्युत् निर्यात गर्न सक्नेसम्ममा पुगेका छौं । तर, अन्य क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न सकेनौं ।

सबैभन्दा विकास हुनुपर्ने र नभएको क्षेत्रचाहिँ सडक यातायात भयो । थुप्रै आयोजना ठेक्का लागेर पनि काम हुन सकेनन् । सडक आयोजनामा प्रगति नहुँदा त्यसले अन्य क्षेत्रको विकासलाई समेत प्रभावित बनायो । अन्य देशको तुलनामा हामी पछाडि परेका कारण सडक पूर्वाधार नभएर पनि हो । काठमाडौंलाई जोड्ने कुनै पनि महत्त्वपूर्ण सडकको निर्माण वा स्तरोन्नति सकिएन । शिक्षा र स्वास्थ्यमा उल्लेखनीय प्रगति भएन । जनशक्ति उत्पादनदेखि परिचालनमा समस्या देखिएको छ । संविधान जारी भएपछि विकास हुन्छ भन्ने जनतामा जुन विश्वास थियो, त्यसअनुसार काम भएन । जनताले देखिने गरी विकासचाहिँ भएन ।

रेमिट्यान्सका कारण कुल गार्हस्थ्य उत्पादन बढेको छ । तर, आन्तरिक उत्पादन बढेको छैन । कृषि क्षेत्रमा पनि राम्रो भएन । सिँचाइ आयोजनामा प्रगति भएन । कृषि आधुनिक हुन सकेन । आन्तरिक उत्पादन नबढेसम्म अहिले भएका प्रगतिहरू क्षणिक हुन सक्छन् । कामै नभएको होइन, केही भएका छन्, सुरुवात भएका छन्, तर अपेक्षित हुन सकेका छैनन् ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

गाडी चलेपछि अर्गानिक आलुले पायो बजार

लमजुङ/ मनाङमा गाडी चलेसँगै आलुले बजार पाउन थालेको छ । आफन्तलाई कोसेलीका रूपमा पठाइने आलु हिजोआज बिक्री हुन थालेकोमा मनाङका बासिन्दाहरू चकित परेका छन् । आफूलाई चाहिने आलु राखेर अरू आलु जिल्लामा कार्यरत कर्मचारी, पाहुना र आफ्ना आफन्तलाई कोसेली दिँदै आएका तिनै मनाङवासीलाई अहिले आलु बिक्री गर्दैमा फुर्सद छैन ।

कृषि ज्ञानकेन्द्र मनाङका अनुसार हरेक वर्ष मनाङमा आलु उत्पादनमा उत्साहजनक वृद्धि भइरहेको छ । यतिवेला मनाङमा आलु किन्नका लागि चितवन, पोखरा, लमजुङलगायतका स्थानका व्यापारीहरू मनाङ पुगेका छन् ।मनाङका किसानले विगतका वर्षहरूमा कुल उत्पादनको ४० प्रतिशत मात्रै आलु निर्यात गर्ने गरे पनि बेँसीसहर-मनाङ सीधा यातायात चल्न थालेपछि ९० प्रतिशत आलु निर्यात हुने गरेको कृषि ज्ञानकेन्द्रले जनाएको छ । 'अघिल्ला वर्षहरूमा हामीले उत्पादन गरेको आलु बाहिरी जिल्लाहरूमा पठाउने सम्भावना नै थिएन,' मनाङकी स्थानीय मनकुमारी गुरुङ भन्छिन्, 'विगतका वर्षभन्दा अहिले आलु उत्पादन राम्रो भएको छ । बाहिरी जिल्लाका व्यापारीहरू आलु किन्नका लागि घरमै आइपुगेका छन् ।'

मनाङमा उत्पादन भएको आलुलाई किसानले प्रतिकिलो ५० देखि ६० रुपैयाँका दरले बिक्री गर्दै आएका छन् । सजिलैसँग पाक्ने र स्वादिलो हुने हुँदा बाहिरी जिल्लाहरूमा मनाङको आलुले स्थान पाएको कृषकले बताएका छन् ।

मनाङका चारवटै गाउँपालिकामा आलु उत्पादनले गति लिन थालेको छ । साबिकको जिल्ला कृषि विकास कार्यालय मनाङले ठाउँ-ठाउँमा भण्डारगृहको स्थापनासमेत गरिदिएको छ । 'कार्यालयले आलु भण्डार गर्ने घर बनाइदिएपछि सजिलो भएको छ' कृषक गुरुङले भनिन्, 'गाउँसम्म मोटर आएको छ । उत्पादन भएको आलु मोटरमा राखेपछि सीधै बेँसीसहर पुग्छ ।' मनाङ नासो गाउँपालिका धारापानीकी कृषक विष्णु गुरुङ भन्छिन्, 'हामीले समूह बनाएर आलुखेतीदेखि बिउबिजन उत्पादनसमेत गर्दै आएका छौं ।'

सडक अलपत्र पारेर भाग्ने व्यवसायीका मेसिनरी औजारमा नगरपालिकाको ताला

खोटाडमा **केदार लाफा**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले सडक स्तरोन्नतिको काम अलपत्र छाडेर भाग्ने निर्माण व्यवसायीको मेसिनरी औजार नियन्त्रणमा लिएको छ । नगरपालिकाले मेसिनरी औजार नियन्त्रणमा लिएपछि छुटाउनका लागि राजनीतिक दबाब आउन थालेको नगर प्रमुख तीर्थराज भट्टराईले बताए ।

नगरपालिकाले जिल्लाको दक्षिणी क्षेत्र जोड्ने दिक्तेल-खोटाङ बजार सडकखण्डअन्तर्गत दिक्तेलस्थित अस्पतालचोकदेखि लफ्याङको दुबेचिवासम्मको (तीन किलोमिटर) सडक स्तरोन्नतिको काम अलपत्र छाडेर हिँड्ने ढुकुछु/बगाले/बिएन्टी जेभी निर्माणको एउटा स्काभेटर, दुईवटा ट्रिपर तथा एक-एकवटा रोलर र ग्रेडर नियन्त्रणमा लिएको हो ।

सडक स्तरोन्नतिको काम अलपत्र पारेर सम्पर्कविहीन बनेका निर्माण व्यवसायीले निर्माणस्थलबाट मेसिनरी औजारसमेत उठाएर लैजान थालेपछि नगरपालिकाको तर्फबाट मंगलबार नियन्त्रण लिइएको नगरका प्रवक्ता दिनेश घिमिरेले जानकारी दिए । 'निर्माण कम्पनीका प्रतिनिधिले 'मेसिन कन्डिसनमा भए-नभएको जाँच गर्न आएको' भन्दै ग्रेडर स्टार्ट गरेर हिँडाएको जानकारी स्थानीय बासिन्दाबाट पायौं । नगर प्रहरीको टोलीसँग पछ्याउँदै जाँदा नभेटेपछि बाटोमा पर्ने प्रहरीचौकी दोर्पाचिउरीडाँडाका प्रहरीलाई परिचालन गरेर ग्रेडर नियन्त्रणमा लिइएको छ,' उनले भने, 'निर्माणस्थलमा रहेका अन्य मेसिनसमेत लैजाने तयारी गरेको जानकारी प्राप्त भएपछि नगरपालिकाको तर्फबाट सबै औजारमा ताला हालिएको छ । उक्त ताला निर्माण व्यवसायीले पुनः सडक स्तरोन्नतिको काम सुरुवात नगरेसम्म रहन्छ ।'



नगरपालिकाले मेसिनरी औजार नियन्त्रणमा लिएपछि छुटाउनका लागि राजनीतिक दबाब आउन थालेको नगर प्रमुख तीर्थराज भट्टराईले बताए । 'निर्माण व्यवसायीले अलपत्र छाडेको अस्पतालचोक-लफ्याङको दुबेचिवा (तीन किलोमिटर) सडक स्तरोन्नतिको काम सम्पन्न गर्ने अवधि अब १९ दिन मात्र बाँकी छ । तोकिएको समयमा कुनै पनि हालतमा सम्पन्न हुने सम्भावना छैन,' उनले भने, 'निर्माण व्यवसायीको यतिसम्म लापरबाही देखियो कि, निर्माणस्थलमा खटाइएका कामदारलाई समेत अलपत्र पारेर भागेका रहेछन् ।

ढुकुछु/बगाले/बिएन्टी जेभी निर्माणले भ्याटसहित पाँच करोड ६ लाख ५५ हजार पाँच सय ८६ रुपैयाँमा दिक्तेलस्थित अस्पतालचोकदेखि लफ्याङको दुबेचिवासम्मको सडक ०७९ पुस २८ गतेसम्म स्तरोन्नति सम्पन्न गर्ने गरी ठेक्का लिएको थियो । सो निर्माण कम्पनीले ०७८ जेठ २० गते ठेक्का सम्झौता गरेको थियो ।

म्यानपावर कम्पनीको सेवा शुल्क बढाइने

१० हजार रहेको सेवा शुल्क अब श्रमिकको महिनाको तलबबराबर हुने

मुना कुँवर/नयाँ पत्रिका

सरकारले म्यानपावर व्यवसायीको सेवा शुल्क वृद्धि गर्ने निर्णय गरेको छ । वैदेशिक रोजगारीमा पठाइएबापत म्यानपावर व्यवसायीले श्रमिकको एक महिनाको पारिश्रमिकबराबर सेवा शुल्क लिन पाउने गरी निर्णय गरेको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहालले श्रम आप्रवासनका विषयमा छलफल गर्न गत साता विभिन्न १३ वटा मुलुकका राजदूतहरूलाई काठमाडौं डाकेका थिए । विदेशस्थित नियोग प्रमुखसहित श्रम मन्त्रालय, परराष्ट्र मन्त्रालय र गृह मन्त्रालयका प्रतिनिधिसहितको उच्चस्तरीय बैठकले विभिन्न ४७ बुँदामा छलफल गरेको थियो । छलफलमा म्यानपावर व्यवसायीको लिने पाउने शुल्कको वृद्धि गरिने निर्णय गरेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा सचिव केवलप्रसाद भण्डारीले बताए । '१० हजार सेवा शुल्क व्यावहारिक भएन भन्ने बैठकको निष्कर्ष हो । त्यसैले वृद्धि गर्ने भन्ने विषयमा सबै सहमति भएका हुन् । तर, निश्चित कति हुने भन्ने निर्क्योल भएको छैन,' उनले भने । यस विषयमा व्यवसायीसँग बसेर छलफल गरेपछि निर्णय गरिनेछ । सेवा शुल्क सीमा पनि तोकिने उनले बताए ।

०७२ साल असारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा शून्य लागत प्रणालीको घोषणा गरेको थियो । मन्त्रालयले खाडी तथा मलेसियामा जाने श्रमिकले कुनै पनि शुल्क भुक्तानी गर्नुनपर्ने व्यवस्था गरेको थियो । तर, सेवा शुल्कबापत म्यानपावर व्यवसायीले १० हजार रुपैयाँसम्म लिन सक्ने व्यवस्था गरेको थियो । तर, म्यानपावर व्यवसायीले १० हजारको रसिद दिएर श्रमिकबाट दुई लाख रुपैयाँसम्म असुल गर्दै आएका थिए । जसका कारण श्रमिक स्वदेश फर्केको अवस्थामा आफूले भुक्तानी गरेको रकम नपाउने तथा सरकारले राजस्व पनि गुमाउँदै आएको मन्त्रालयको ठहर थियो । त्यसैले म्यानपावर व्यवसायीले लिने सेवा शुल्कको विषयमा पूर्वश्रममन्त्री कृष्णकुमार श्रेष्ठले नै आन्तरिक छलफल सुरु गरेका थिए । त्यस्तै, म्यानपावर व्यवसायीले पनि सेवा शुल्क वृद्धि गर्न सरकारसँग आग्रह गर्दै आएका थिए । श्रममन्त्री शरतसिंह भण्डारीले पनि सेवा शुल्क पुनरावलोकन गर्ने बताउँदै आएका छन् ।

■ गैरकानुनी रूपमा बसेको श्रमिकको शव झिकाउन छुट्टै कोष खडा गरिने

गैरकानुनी रूपमा विदेशमा श्रम गर्दै आएका श्रमिकको मृत्यु भएको अवस्थामा पनि सरकारले नै शव नेपाल ल्याउने सरकारले निर्णय गरेको छ । प्रधानमन्त्री र राजदूतसहितको उच्चस्तरीय छलफलमा यस्तो निर्णय गरिएको हो । विदेशमा मृत्यु भएका श्रमिकको शव र कोमामा रहेका सबै श्रमिकलाई सरकारले नै नेपाल झिकाउने भएको छ ।

हालको व्यवस्थाअनुसार औपचारिक रूपमा विदेशमा श्रम गरिरहेको अवस्थामा मृत्यु भएका श्रमिकको शव मात्रै सरकारले नेपाल झिकाउँदै आएको थियो । वैदेशिक रोजगार बोर्डले श्रमिकको शव नेपाल ल्याउनेदेखि लिएर श्रमिकको घरसम्म नै पुऱ्याउने



१० हजार सेवा शुल्क व्यावहारिक भएन भन्ने बैठकको निष्कर्ष हो । त्यसैले वृद्धि गर्ने भन्ने विषयमा सबै सहमति भएका हुन् । तर, कति हुने भन्ने निर्क्योल भइसकेको छैन ।

● **केवलप्रसाद भण्डारी**, सचिव, श्रम मन्त्रालय

गर्छ । तर, गैरकानुनी रूपमा रहेका श्रमिकको मृत्यु भएकामा भने बोर्डले समन्वय मात्रै गर्दै आएको छ । शव झिकाउने खर्चको हकमा भने श्रमिकको परिवारले नै व्यहोर्नुपर्ने अवस्था थियो । यसले पीडित श्रमिकका परिवारलाई झनै पीडा थपिने हुँदा सरकारले आफैंले शव ल्याउने व्यवस्था गर्ने निर्णय गरेको हो । तर, यसका लागि भने सरकारले छुट्टै कोष खडा गर्ने भएको छ । त्यस्तै, विदेशका हस्पिटलमा रहेका श्रमिकलाई पनि सरकारले नेपाल झिकाउने निर्णय गरेको छ । यसका लागि कूटनीति नियोगहरूले समन्वय गर्नेछन् ।

त्यस्तै, विभिन्न कारणले गैरकानुनीमा रूपमा विदेशमा रहँदै आएका नेपाली श्रमिकलाई वैधानिकता प्रदान गरिने भएको छ । श्रम अवधि सकिएर गैरकानुनी भएका, भिजिट भिसामा गएर गैरकानुनी भएका, काम परिवर्तन गर्दा गैरकानुनी भएकालगायतका विभिन्न कारणले गैरकानुनी भएका श्रमिकलाई एकपटकका लागि वैधानिक हुने मौका दिने निर्णय भएको छ । यसका लागि दूतावासका श्रमसहचारीले समन्वयन गर्नेछन् । यसका साथै विदेशी मुलुकका जेलमा रहेका नेपाली श्रमिकलाई आममाफीका लागि नियोगले पहल गर्नेसमेत निर्णय भएको छ ।

■ आठ मुलुकमा थप दूतावास विस्तार गरिने

सरकारले विभिन्न आठवटा मुलुकमा दूतावासले खोल्ने निर्णय गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहालसहित बसेको उच्चस्तरीय छलफलले सम्भावित गन्तव्य मुलुकमा दूतावास खोलिने निर्णय भएको हो ।

पछिल्लो समयमा युरोपका विभिन्न मुलुकमा नेपाली श्रमिक जान थालेका छन् । यी मुलुकहरूले आप्रवासी श्रमिकलाई भित्र्याउने नीति लिएसँग नेपाली श्रमिकको पनि आकर्षण बढ्न थालेको हो । तर, यी मुलुकमा दूतावास नहुँदा श्रमिकहरू थप जोखिममा परेका छन् । तसर्थ, छलफलमा पोर्चुगल, रोमानिया, माल्टा, साइप्रस, क्रोएसिया, माल्दिभ्स, पोल्यान्ड र टर्कीमा दूतावास खोल्ने निर्णय गरेको हो । जहाँ परराष्ट्र सेवाको उपसचिव, श्रम मन्त्रालयको अधिकृतस्तरको श्रम सहचारी र एकजना स्थानीय कर्मचारी रहेछन् । तोकिएका मुलुकमा दूतावास खोल्नका लागि प्रक्रिया पुऱ्याउन प्रधानमन्त्री दाहालले मन्त्रिपरिषद्मा प्रस्ताव ल्याउन परराष्ट्र मन्त्रालयलाई निर्देशन दिएका छन् । यसलाई विशेष प्राथमिकता दिई आवश्यक कार्य अगाडि बढाउन अर्थ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिइएको छ ।

वैदेशिक रोजगार ऐनबमोजिम पाँच हजार नेपाली श्रमिक रहेको मुलुकमा दूतावास स्थापना गर्नुपर्ने व्यवस्था छ ।

जलविद्युत्मा लगानीको समस्या हुँदैन : गभर्नर अधिकारी

नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले जलविद्युत् आयोजनामा बैंक लगानीको समस्या नहुने बताएका छन् । १० वर्षमा २० हजार मेगावाट उत्पादन गर्नका लागि पनि लगानीको समस्या नहुने उनको भनाइ छ । सोमबार स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)सँगको भेटमा उनले यस्तो बताएका हुन् ।

इप्पान अध्यक्ष गणेश कार्कीले बैंकले विद्युत् आयोजनामा लगानी गर्न नसकेको भन्दै बैंक तथा वित्तीय संस्थालाई आफ्नो कुल लगानीमा २० प्रतिशत ऊर्जा क्षेत्रमा लगानी गर्नैपर्ने व्यवस्था गरिदिन गभर्नर अधिकारीसँग आग्रह गरेका थिए । जवाफमा अधिकारीले बैंकसँग लगानीको समस्या नरहेको र १० वर्षमा २० हजार मेगावाट उत्पादन गर्दा पनि लगानीको समस्या नहुने बताएका हुन् । गभर्नर अधिकारीले नेपालबाट वार्षिक १२-१३ खर्ब रुपैयाँको विद्युत् निर्यात भई व्यापार घाटाको अवस्था अन्त्य हुने बताएका छन् । उक्त परिमाणको विद्युत् निर्यात गर्न विकास गर्नुपर्ने विद्युत् आयोजनाका लागि लगानीमा समस्या नहुने उनको भनाइ थियो ।

राष्ट्र बैंकले दुई सय मेगावाटभन्दा ठूला आयोजनालाई आधारदरमा १ प्रतिशत मात्र थप गरी कर्जा प्रवाह गर्ने व्यवस्था गरिरहेकाले उक्त व्यवस्था सबै जलविद्युत् आयोजनामा कार्यान्वयन गरिदिन इप्पानले आग्रह गरेको छ ।



नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको निर्देशनअनुसार निर्माणाधीन अवस्थाको ब्याज आम्दानीलाई लाभांश बाँड्न नमिल्ने र मोराटोरियम प्रियड थप गर्दाको अवस्थामा कर्जा पुनर्संरचना-पुनर्तालिकीकरण भएको मानी १२.५ प्रतिशतको कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने भएकाले बैंक तथा वित्तीय क्षेत्र यस क्षेत्रमा थप लगानी गर्न हतोत्साहित भएको इप्पानको भनाइ छ । यसमा निर्माणाधीन अवस्थाको ब्याज आम्दानीबाट समेत लाभांश बाँड्न पाउने यसअघिकै व्यवस्थालाई निरन्तरता दिन इप्पानले माग गरेको छ ।

नेपाली बैंक वित्तीय संस्थाले ऊर्जामा लगानी गरेको रकमको ब्याज अत्यधिक महँगो भएको भन्दै नेपाल सरकारको जमानतमा अन्तर्राष्ट्रिय बजारबाट नवीनतम वित्तीय उपकरणहरू जस्तै, सोभरियन बन्ड वा ग्रिन बन्ड वा जलवायु बन्डका माध्यमबाट वित्तीय स्रोतको जोहो गरी नेपाल राष्ट्र बैंकमार्फत स्वच्छ ऊर्जाको क्षेत्रमा पुनर्कर्जाको व्यवस्था गरिदिन पनि इप्पानले अनुरोध गरेको थियो । जवाफमा गभर्नर अधिकारीले बन्डको विषय अर्थ मन्त्रालयको भएको, तर राष्ट्र बैंक त्यसमा सहजीकरण गर्न तयार नै रहेको बताए । १० वर्षमा २५ हजार मेगावाट उत्पादन र १५ हजार मेगावाट निर्यात गर्ने राष्ट्रिय चाहनालाई पूरा गर्न बैंक तथा वित्तीय संस्थाले पुँजीका रूपमा समेत लगानी गर्न सक्ने र अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि आवश्यक हेजिङ, लगानी तथा लाभांश र लगानी फिर्तासम्बन्धी नीति नियम सहज, छिटो र पारदर्शी बनाइदिन पनि इप्पानले गभर्नर अधिकारीसँग अनुरोध गरेको छ ।

त्यस्तै, इप्पानले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिकामा जलविद्युत् आयोजनाको जोखिम भार १०० प्रतिशत काय

दर्ता नं. १५५३-०६५/६६ डि.स.का.काठमाडौं

सञ्चार श्रमिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

काठमाडौं महानगरपालिका वडा नं.११, सिंहदरबारप्लाजा, काठमाडौं

पन्ध्रौं वार्षिक साधारणसभाको सूचना

२०८० असोज ०२ गते

नेपाल टेलिकममा कार्यरत कर्मचारी मात्र सदस्य बन्न पाउने गरि दर्ता भएको यस सहकारी संस्थाको **१५औं वार्षिक साधारणसभा, मिति २०८० असोज २० गते शनिबार बिहान ११:०० बजे होटल पौवा, पशुपतिप्लाजा, गौशाला काठमाडौंमा** बस्ने भएकोले सम्पूर्ण शेयरधनी सदस्यहरुलाई उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं । कारणबस व्यक्तिगत ठेगानामा पठाइने निमन्त्रणा प्राप्त हुन नसकेमा पनि यसै सूचनालाई आधारमानी उपस्थित हुन समेत अनुरोध छ । संस्थाको तथा लेखा परिक्षकको प्रतिवेदन लगायतका विवरण २०८०/०६/१४ गते देखि इमेल अध्यावधिक रहेको हकमा इमेल मार्फत र अन्यको हकमा संस्थाको कार्यालयबाट तथा साधारण सभाको दिन सभा स्थलबाट प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

साधारण सभाको प्रस्तावहरू :

१. संस्थाको वार्षिक प्रतिवेदन २. लेखा समितिको प्रतिवेदन ३. लेखापरीक्षकको प्रतिवेदन/आर्थिक प्रतिवेदन ४. विनियम पुनर्लेखन ५. शेयर लाभांश वितरण ६. लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक ७. एक सञ्चालक सदस्य पदको निर्वाचन ८.विविध ।

पुनश्च : शेयरधनीहरुको सहभागीता तथा जानकारीका लागि निर्वाचन अधिकृतबाट प्राप्त निर्वचन कार्यक्रम निम्नानुसार रहेको व्यहोरा अनुरोध छ ।

निर्वाचन कार्यक्रम :

- **२०८०/०६/१८ :** बिहान ११ बजे मतदाताको नामावली प्रकाशन
- **२०८०/०६/१८ :** दिनको १:०० बजे बाट २:०० बजे सम्म मतदाताको नामावली उपर दाबी विरोध
- **२०८०/०६/१८ :** दिनको ४:०० बजे मतदाताको अन्तिम नामावली प्रकाशन
- **२०८०/०६/१९ :** बिहान १०:०० बजे देखि १२:०० बजे सम्म उम्मेरद्वारको दरखास्त
- **२०८०/०६/१९ :** दिनको १:०० बजे उम्मेरद्वारको नामावली प्रकाशन
- **२०८०/०६/१९ :** दिनको १:३० बजे देखि २:३० बजेसम्म उम्मेरद्वार उपर दावी विरोध
- **२०८०/०६/१९ :** दिनको ३:०० बजे उम्मेरद्वारको अन्तिम नामावली प्रकाशन
- **२०८०/०६/२० :** दिनको २:०० बजे देखि मतदान प्रारम्भ
- **मतगणना प्रारम्भ :** मतदान समाप्त भएपछि
- **निर्वाचन परिणाम घोषणा :** मतगणना समाप्त भएपछि

नोट : साधारणसभाको दिन बाहेक निर्वाचन अधिकृतको कार्यालय संस्थाको कार्यालयमा नै रहने छ । उम्मेद्वारी दिनेले २०८०/०६/२० गते दिनको १:०० बजे सम्म निवेदन दिई उम्मेद्वारी फिर्ता लिन सकिने छ ।

आज्ञाले
वासुदेब अधिकारी
कार्यकारी प्रमुख

एनएमबि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"

केन्द्रीय कार्यालय : पोखरा-२५, हेम्जा, कास्की
फोन : ०६१-४००४२७, ४००४७७

गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०६/०३)

तपसिलमा उल्लेखित ऋणीले यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस लघुवित्त वित्तीय संस्थाबाट ऋणीलाई बारम्बार तर ताकेता गर्दा तथा राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि सो सूचना प्रकाशित गरिएको छ । लघुवित्त वित्तीय संस्थाको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति खरिद गर्न चाहने इच्छुक महानुभावहरुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस लघुवित्त वित्तीय संस्थाको कर्जा असूली विभागमा वा सम्बन्धित शाखा कार्यालयमा समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन (उक्त दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखि दिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालय, पोखरा २५, हेम्जा, कास्कीबाट वा सम्बन्धित शाखा कार्यालयबाट रु. १,०००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण	
१. **शाखा कार्यालयः बाहुनी कर्जा शिर्षक र नं.: लघुउद्यम कर्जा, १०८५MEG०००१२** **ऋणीको नाम : उषा देवि राजधामी** पतिको नाम : हरी नारायण राजधामी बुबाको नाम : सहर्दव राजधामी ससुराको नाम : दयाराम राजधामी ठेगाना : बेलबारी गा.पा./न.पा.-०६ बोराबन, मोरङ ना.प्र.नं. :०५-१६-७०-०००५४	**क) नामः उमेश कुमार राजधामी** बाबुको नामः महिनारायण राजधामी बाजेको नामः भगत लाल राजधामी पत्नीको नामः शारदा राजधामी ठेगानाः बेलबारी गा.पा./न.पा.-०६ बोराबन, मोरङ ना.प्र.नं. ०५/६०२२	**ख) नामः हरी नारायण राजधामी** बाबुको नाम : दयाराम राजधामी बाजेको नाम : भुवन राजधामी ठेगानाः बेलबारी गा.पा./न.पा.-०६ बोराबन, मोरङ ना.प्र.नं. :४१२३/८९
धितो रहेको सम्पत्तिको विवरण : मालपोत कार्यालय मोरङको हरि नारायण राजधानी नाममा दर्ता/श्रेष्ता कायम रहेको मोरङ जिल्ला कसेनी न.पा वडा नं. ०६ मा रहेको कित्ता नं. ५१४ को क्षेत्रफल ०-२-२-० को जग्गा, सो जग्गामा बने को घर र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।		

ऋणीको विवरण	जमानीकर्ताको विवरण	
२. **शाखा कार्यालयः बाहुनी** **कर्जा शिर्षक र नं. : व्यक्तिगत लघुउद्यम कर्जा 085IML00014** **ऋणीको नाम : रुपा देवि भण्डारी** बाबुको नामः विर बहादुर कार्की पतिको नामः छत्र बहादुर भण्डारी ससुराको नामः रघविर भण्डारी ठेगाना : होक्लाबारी-२, मोरङ हालः कानेपोखरी-१, मोरङ ना.प्र.नं. :५५४/३१	**क) नामः छत्र बहादुर भण्डारी** बाबुको नाम : रघुविर भण्डारी बाजेको नामः विर बहादुर काकी पत्निको नामः रुपा देवि भण्डारी ठेगाना : लखनपुर-४ झापा हालः कानेपोखरी-१, मोरङ ना.प्र.नं. : २३१११७७०	**ख) नामः शुसिला भण्डारी** बाबुको नाम : छत्र बहादुर भण्डारी पतिको नाम : हेम प्रसाद पौडेल ससुराको नामः मान बहादुर पौडेल ठेगानाः होक्लाबारी-२,मोरङ हालः कानेपोखरी-१, मोरङ ना.प्र.नं. :१५४९८ **ग) नामः गायित्री दाहाल** बाबुको नाम : भुवन सिं दाहाल पतिको नाम : रोशन भण्डारी ससुराको नामः छत्र बहादुर भण्डारी ठेगानाः कमल-४, झापा ना.प्र.नं. : ०४२०४२-४२५९
धितो रहेको सम्पत्तिको विवरणः मालपोत कार्यलय बेलबारीमा रुपा देवि भण्डारीको नाममा दर्ता/श्रष्ता कायम रहेको मोरङ्ग जिल्ला होक्लाबारी न.पा./गा.वि.स वडा नं. २ मा रहेको कित्ता नं.२३२ को क्षेत्रफल ०-८-१८-०.७५ को जग्गा, सो जग्गामा बनेको घर र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलपात समेत ।		

ऋणीको विवरण	जमानीकर्ताको विवरण	
३. **शाखा कार्यालयः चन्द्रौटा कर्जा शिर्षक र नं. व्यक्तिगत लघुउद्यम कर्जा, १०१IML०००००४** **ऋणीको नाम : सिमा देवान** पतिको नाम : वसिकर बुबाको नाम : भुपाल दमाई ससुराको नाम : ईस्लाम देवान ठेगाना : शिवराज गा.पा./न.पा.०५ बिद्युतटोल, कपिलवस्तु ना.प्र.नं. : ३८-०२-७४-०४९६८	**क) नामः तीलक बहादुर कार्की** बाबुको नाम : कर्ण बहादुर कार्की बाजेको नामः बिर्ख बहादुर कार्की पत्नीको नामः ईश्वरी कुमारी रायमाझी ठेगाना : भसेदवा-६, रौतहट ना.प्र.नं.: ७२५१	**ख) नामः वसिकर** बाबुको नाम : ईस्लाम देवान बाजेको नामः सुभारन देवान ठेगानाः जटहरा-७, रौतहट ना.प्र.नं.: ८७८
धितो रहेको सम्पत्तिको विवरणः मालपोत कार्यालय कपिलवस्तु को सिमा देवान को नाममा दर्ता/श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला बिरपुर न.पा. वडा नं. ०८ मा रहेको कित्ता नं. ५३८१ र ५४६८ को क्षेत्रफल क्रमशः ०-०-३-१ र ०-०-३-२ को जग्गा, सो जग्गामा बनेको घर र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।		

ऋणीको विवरण	जमानीकर्ताको विवरण	
४. **शाखा कार्यालयः धनकौल, कर्जा शिर्षक र नं.: व्यक्तिगत लघुउद्यम कर्जा, ११५IML०००४०** **ऋणीको नाम : रागीनी कुमारी झा** बुबाको नाम : लालबाबु झा पतिको नाम :रणधिर कुमार झा ससुराको नामः नित्यानन्द झा बाहुन ठेगाना : महिनाथपुर गा.वि.स.वडा नं.०५, सर्लाही ना.प्र.नं. :१९३०६९।२५१	**क) नामः मेघनाथ ठाकुर ब्राहमण** बाबुको नामः विष्णु देव ठाकुर ब्राहमन बाजेको नामः नेवालाल ठाकुर ठेगाना : श्रीपुर गा.वि.स.वडा नं. ०८, सर्लाही ना.प्र.नं.: ८६१४२२०३	**ख) नामः जोगिन्द्र महरा** बाबुको नाम : खेसारी महरा बाजेको नामः रमन महरा ठेगानाः महिनाथपुर गा.बि.स. वडा नं.६, सर्लाही ना.प्र.नं.: ८७८३१५०१ **ग) नामः नित्यानन्द झा बाहुन** बाबुको नाम : बृजनन्दन झा बाजेको नामः सर्जुग झा ठेगानाः महिनाथपुर गा.बि.स. वडा नं. १, सर्लाही ना.प्र.नं.:१९-०१-७०-०४३३७
धितो रहेको सम्पत्तिको विवरणः मालपोत कार्यालय बरहथवा, नित्यानन्द झा बाहुनको नाममा दर्ता/श्रेष्ता कायम रहेको सर्लाही जिल्ला सिम्रा मैनाथपुर गा.वि.स वडा नं. ४ र ५ मा रहेको कित्ता नं. ९१४, ९१२, ४७१ को क्षेत्रफल क्रमशः०-०-१६-१२, ०-१-१५-४, ०-४-१४-१२ को जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।		

इसेवा मनी ट्रान्सफरको 'मेरो डिजिटल देश' अभियान

नयाँ पत्रिका

संसारका दुईभन्दा बढी देशबाट नेपालमा रेमिट्यान्स भित्र्याउँदै आएको डिजिटल रेमिट्यान्स कम्पनी इसेवा मनी ट्रान्सफरले 'मेरो डिजिटल देश' अभियानलाई निरन्तरता दिएको छ । कम्पनीले यस अभियानअन्तर्गत फेरि पनि काठमाडौंमा घर योजना सार्वजनिक गरेको हो ।

कम्पनीले यो अभियान ३१ असार ०८१ सम्म जारी रहने जनाएको छ । परम्परागत शैलीमा हुँदै आएको रेमिट्यान्स कारोबारलाई डिजिटलतर्फ लैजाने अभिप्रायका साथ यो अभियान सुरु गरिएको कम्पनीको भनाइ छ । साथै, यस योजनामार्फत डिजिटल रेमिट्यान्सलाई थप बढावा दिन देशको आर्थिक स्थिति बलियो बनाउन र देशमा विदेशी मुद्राको सञ्चितलाई थप मजबुत बनाउनका लागि पनि १० महिने योजना सार्वजनिक गरिएको कम्पनीले जनाएको छ ।

अभियानअन्तर्गत संसारका जुनै पनि मुलुकमा रहेका नेपालीले नेपालमा इच्छाएको व्यक्तिको इसेवा वालेटमा पैसा पठाई सहभागिता जनाउन सक्ने उल्लेख छ । अभियानमा चार परिवारलाई विशेष कोसेली, हरेक महिना एकजनाको पैसा डबल तथा बम्पर उपहारमा एकजनाले काठमाडौंमा घर प्राप्त गर्ने जनाइएको छ ।



एफवान सफ्ट ग्रुपका निर्देशक सुवास शर्माले वैदेशिक रोजगारीमा रहेका नेपालीले गरेको समर्पण र बलिदानप्रति यो योजना कम्पनीको प्रशंसाको प्रतीक भएको बताए । विदेशमा काम गर्ने नेपालीको एउटा आकांक्षा भनेको काठमाडौंमा घर बनाउनु भएको र यस अभियानका माध्यमबाट कम्तीमा एउटा व्यक्तिको सपना पूरा गर्न सक्ने उनको भनाइ थियो । अर्का निर्देशक डेनियल डी श्रेष्ठले इसेवा मनी ट्रान्सफरको स्थापनाकालदेखि नै आर्थिक विकासमा महत्त्वपूर्ण योगदान रहेको बताए । योजनाअन्तर्गत विदेशमा बसोवास गर्ने र रोजगारीमा रहेका सबै नेपालीलाई डिजिटल इकोसिस्टममा सक्रिय रूपमा सहभागी हुन र आफ्नो रेमिट्यान्स आवश्यकताका लागि वैधानिक माध्यम प्रयोग गरी राष्ट्रको समग्र आर्थिक उन्नतिमा योगदान दिन उनले आग्रह गरे । इसेवाका प्रमुख कार्यकारी अधिकृत जगदीश खड्काले इसेवा र इसेवा मनी ट्रान्सफरको संयुक्त प्रयासबाट विदेशमा रहेका नेपालीलाई डिजिटल माध्यमबाट केही मिनेटमै नेपालमा सहजै पैसा पठाउन मिल्ने बताए ।

इसेवा मनी ट्रान्सफरका प्रमुख कार्यकारी अधिकृत अजेस कोइरालाले यो अभियानमा विश्वको जुनसुकै ठाउँमा रहेका नेपाली सहभागी हुने र देश डिजिटल बनाउनमा योगदान पुऱ्याउनेमा विश्वस्त रहेको बताए । इसेवा मनी ट्रान्सफरले सेवाग्राहीलाई आफ्ना करिब १४ हजार भुक्तानी केन्द्र तथा इसेवाका एक लाखभन्दा बढी क्यास प्वाइन्टमार्फत पनि विप्रेषण भुक्तानी सेवा प्रदान गर्दै आइरहेको जनाइएको छ ।

दोस्रो हिमालयन इन्टरनेसनल एक्स्पो असोज अन्तिम साता हुने

काठमाडौं/ 'दोस्रो हिमालयन इन्टरनेसनल एक्स्पो २०८०' असोज अन्तिम साता काठमाडौंमा आयोजना हुने भएको छ । हिमालयन इन्टरनेसनल एक्स्पो आइएनसीले भृकुटीमण्डपमा २६ देखि २९ असोजमा मेला आयोजना गर्न लागेको हो ।

एक्स्पोमार्फत स्थानीय हस्तकला तथा साना र मझौला उद्योगका उत्पादनको प्रवर्द्धन गर्ने र यस्ता उत्पादनलाई प्रदर्शनीमार्फत परिचित गराई विश्व बजारमा निर्यातमा सघाउने मुख्य उद्देश्य रहेको आयोजकले जनाएको छ । नेपाली मौलिक उत्पादनको निर्यातलाई बढाई आर्थिक समृद्धि गराउने मुख्य उद्देश्य रहेको एक्स्पोमा हस्तकलाजन्य सामग्री, अल्लो, सिस्नो, केरा, बाँस, केतुकी, भुइँकटहरलगायतका प्राकृतिक रेसाबाट बनेका कपडाका उत्पादन, विभिन्न प्रदेशका मौलिक परिकार तथा अन्य सामग्री रहने एक्स्पोका संयोजक कपिल अधिकारीले बताए ।

त्यस्तै, राउटे तथा चेपाङ समुदायले बनाएका काठका सामग्री, तेह्रथुमको ढाका, संखुवासभाको करुवा, भोजपुरको खुकुरी, जैविक स्रोतबाट बनेका शृंगारका सामग्री तथा महबाट बनेका सौन्दर्य प्रसाधनका सामग्री, जैविक तथा आयुर्वेद उपचार प्रक्रियामा उपयोग गरिने प्राकृतिक औषधीय सामग्री, मसला, छोप, हस्तकलाका उत्पादनलगायतका सामग्री पनि एक्सपोमा प्रदर्शनी तथा बिक्री गरिने संयोजक अधिकारीले बताए ।

यसका साथै पस्मिना, स्टोन, माला, क्युरियोको सामान, गलैँचा, गार्मेन्टका सामान, सिसा पाइपहरू, नेपाली कागज, मूर्तिकला, धातुकला, काष्ठकला, फेल्ट, गरगहनाहरू, हेन्ड मेड पेपरहरू, पेपर प्याकेजहरू, नेपाली ढाकाहरू, कार्पेट, घरेलु साना तथा ठूला उद्योगहरूबाट उत्पादित वस्तु, जडीबुटी, सजावटका सामान, पर्यटन उद्योगसँग सम्बन्धित सेवाहरू जस्तै, होटेल, ट्रेकिङ, ट्राभल्स, खानपिन, टुर्स, धर्म, कला र संस्कृतिसँग सम्बन्धित क्रियाकलाप प्रदर्शनीका आकर्षणका रूपमा रहने आयोजकले उल्लेख गरेको छ ।

एक्स्पोमा अमेरिका, क्यानडा, युरोप, चीन, भारतलगायत अन्य देशहरूबाट पाँच सयजनाभन्दा बढी विदेशी क्रेताहरू आउने आयोजकको दाबी छ ।

ग्लोबल आइएमईको वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृतमा रेग्मी नियुक्त



काठमाडौं/ ग्लोबल आइएमई बैंकको वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृतमा सुरेन्द्रराज रेग्मी नियुक्त भएका छन् । बैंकको सञ्चालक समितिले रेग्मीलाई वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृतमा बढुवा गरेको हो ।

करिब तीन दशकदेखि बैंकिङ क्षेत्रमा कार्यरत रेग्मी ०६५ वैशाखमा नायब प्रबन्धक तहबाट ग्लोबल आइएमई बैंकमा प्रवेश गरेका थिए । ग्लोबल आइएमईमा विगत १५ वर्षदेखि कार्यरत रेग्मी यसअघि नायब प्रमुख कार्यकारी अधिकृत थिए । उनीसँग बैंकिङ क्षेत्रको करिब ३५ वर्ष लामो अनुभव रहेको जनाइएको छ ।

रेग्मीले त्रिभुवन विश्वविद्यालयबाट एमए (अर्थशास्त्र) तथा बेलायतको युनिभर्सिटी अफ वेल्सबाट एमबिए गरेको बैंकले जनाएको छ । ग्लोबल आइएमईमा कर्जा व्यवस्थापन, जोखिम तथा नियन्त्रण, बैंकिङ अपरेसन, जोखिम व्यवस्थापन, अनुपालन, शाखा सञ्चालन, सामान्य प्रशासन, एसएमई र खुद्रा व्यापार, मर्जर व्यवस्थापनलगायत समग्र बैंकिङको सुपरिवेक्षण तहमा काम गरिसकेका रेग्मी अब्बल बैंकरका रूपमा परिचित रहेको बैंकको दाबी छ ।

नेपालमा होन्डा एलिभेट सार्वजनिक



काठमाडौं/ नेपालमा होन्डा कारको आधिकारिक वितरक स्याकार ट्रेडिङ कम्पनी प्रालिले नयाँ होन्डा एलिभेट गाडी सार्वजनिक गरेको छ । कम्पनीले ललितपुरको धोबीघाटमा रहेको होन्डा सोरुममा गाडी सार्वजनिक गरेको हो ।

होन्डाले नेपालमा एलिभेटको सुरुवातसँगै ग्राहकको अपेक्षालाई पुनः परिभाषित गर्न जारी राखेको जनाइएको छ । यो गाडीले मनमोहक डिजाइन र उन्नत प्रविधिको मिश्रणका साथ ड्राइभिङ अनुभवलाई पुनः परिभाषित गर्ने कम्पनीको दाबी छ । यसको सौन्दर्य तथा नवीन सुविधाका साथै फ्रन्ट ग्रिल र अत्यधिक देखिने एलइडी प्रोजेक्टर हेडल्याम्पका कारण सडकमा फरक देखिने कम्पनीले जनाएको छ । भित्री रूपमा यसमा खैरो र कालो रङ गरी दुईटोनका कारण फरक अनुभव हुने तथा सिटहरू पनि आरामदायी रहेको जनाइएको छ । यो गाडीले अल्फा-बोल्ड सिग्नेचर ग्रिल र बेस्ट-इन-क्लास २२० एमएम ग्राउन्ड क्लियरेन्ससहित नेपालमा जस्तै विविध भूभागहरू सामना गर्न डिजाइन गरिएको कम्पनीको दाबी छ ।

होन्डा नेपालले पहिलो १० ग्राहकका लागि नगद छुट र थप ७५ हजार रुपैयाँ छुटका साथै निःशुल्क सेवासहितको आकर्षक अफर ल्याएको छ । १.५ लिटर पेट्रोल इन्जिनमा सात मोडेलमा उपलब्ध होन्डा एलिभेटको मूल्य ६० लाख ३५ हजार रुपैयाँदेखि ७९ लाख ७४ हजार रुपैयाँसम्म रहेको कम्पनीले जनाएको छ ।

मुक्तिनाथ विकास बैंकले सुरु गऱ्यो सेयर कारोबार सुविधा



काठमाडौं/ मुक्तिनाथ विकास बैंकले सेयर लगानी गर्न चाहने ग्राहकलाई सम्पूर्ण सेवा एकै स्थानबाट उपलब्ध गराउने उद्देश्यले मुक्तिनाथ क्यापिटल लिमिटेड र सेयर ब्रोकर कम्पनीहरूबीच त्रिपक्षीय व्यावसायिक सम्झौता गरेको छ । बैंकले 'मुक्तिनाथ सेयरधनी बचत खाता' खोलेका ग्राहकलाई सुविधा दिने गरी सम्झौता गरेको हो ।

सम्झौताअनुसार बैंकका ग्राहकले मुक्तिनाथ विकास बैंकको कुनै पनि शाखाबाट मुक्तिनाथ विकास बैंक, मुक्तिनाथ क्यापिटल र तोकिएका सेयर ब्रोकर कम्पनीहरू गरी तीनवटा कम्पनीले दिने विभिन्न सेवा-सुविधा पाउन सक्ने जनाइएको छ । नयाँ व्यवस्थाअनुसार 'मुक्तिनाथ सेयरधनी बचत खाता' न्यूनतम मौज्दात एक सय रुपैयाँमा खोल्न सकिने, निःशुल्क कनेक्ट आइपिएस रजिस्ट्रेसन, निःशुल्क मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङ, मुक्तिनाथ क्यापिटल लिमिटेडबाट निःशुल्क डिम्याट खाता, मेरो सेयर रजिस्ट्रेसन र पोर्टफोलियो म्यानेजमेन्ट सर्भिसमा ५० प्रतिशतसम्म छुट तथा ब्रोकर कम्पनीबाट निःशुल्क ब्रोकर खाताको सुविधा पाउने उल्लेख छ । सम्झौतामा क्यापिटल म्याक्स (ब्रोकर नं ६२), मियो सेक्युरिटिज (ब्रोकर नं ६६) र हातेमालो फाइनान्सियल सर्भिसेज (ब्रोकर नं ७२) आबद्ध रहेको जनाइएको छ ।

भाइबरले ल्यायो इन-एप टिकट बुकिङ सुविधा

काठमाडौं/ राकुटेन भाइबरले नेपालमा इन-एप टिकट बुकिङ सुविधा सुरु गरेको छ । कम्पनीले नेपालको पर्यटन उद्योगप्रति आफ्नो प्रतिबद्धतालाई पुनः प्रमाणित गर्दै यो सुविधा सुरु गरेको हो ।

अन्तरिक यात्रालाई सहयोग र सशक्तीकरण गर्ने निरन्तरको प्रयासस्वरूप भाइबरले सस्तो टिकट्सँग मिलेर एउटा सिर्जनात्मक च्याटबटको सुरुवात गरेको जनाइएको छ । यसले नेपाली र अन्तर्राष्ट्रिय यात्रुहरूले देशको अन्वेषण गर्ने तरिकामा क्रान्ति ल्याउने कम्पनीको दाबी छ ।

भाइबरको ट्राभल एजेन्सीसँगको सहकार्यले सस्तो टिकट्स च्याटबटमार्फत आन्तरिक र अन्तर्राष्ट्रिय उडानका लागि उडान बुकिङ सेवा उपलब्ध गराएको कम्पनीले जनाएको छ । यो प्लेटफर्मले लागत प्रभावी उडान विकल्पहरू प्रदान गर्नुका साथै अन्य धेरै आकर्षक लाभका अफर ल्याएको जनाएको छ ।



जसअनुसार बम्पर अफरमा उडान र आवासको पूर्ण सुविधासहित दुईजनाका लागि थाइल्यान्डको यात्रा, १५ जोडी यात्रुलाई दुईतर्फी उडान टिकट, पोखराका होटेलहरूमा १५ प्रतिशत छुट, पाँचजना यात्रुलाई माउन्टेन फ्लाइटजस्ता अफर रहेको जनाइएको छ । सस्तो टिकट्सका संस्थापक अध्यक्ष तथा सिइओ सम्राट दाहालले राकुटेन भाइबरसँगको सहकार्यले प्रयोगकर्ताका लागि अतुलनीय यात्रा अवसरहरू ल्याएको बताए ।

राकुटेन भाइबरका लागि एसिया पेसेफिकका सिनियर डाइरेक्टर डेभिड चेले आफ्नो योजना सर्घै प्रयोगकर्ताको अनुभव बढाउनु रहेको र सस्तो टिकट्सँगको साझेदारीले स्थानीय पर्यटनलाई साथ दिँदै लक्ष्यप्रतिको समर्पणलाई अझ सशक्त बनाउने बताए ।


बिहीबारबाट 'एजुकेसन एक्स्पो'

काठमाडौं/ नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघको आयोजनामा बिहीबारदेखि काठमाडौंमा 'नेपाल एजुकेसन एन्ड टोए एक्स्पो' हुने भएको छ ।

त्रिपुरेश्वरको वर्ल्ड ट्रेड सेन्टरमा बिहीबार र शुक्रबार हुने एक्स्पोमा एक सयवटा उत्पादन कम्पनीका स्टल रहने महासंघका महासचिव शिवसागर शर्माले जानकारी दिए । उनका अनुसार बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म सञ्चालन हुने एक्स्पोमा प्रवेश निःशुल्क छ । शर्माले भने, 'बाल शिक्षा (मन्टेसरी) पद्धतिका लागि आवश्यक शैक्षिक सामग्री तथा बाल मनोरञ्जनका लागि आवश्यक खेलकुदका सामग्री सहज उपलब्धता र प्रयोगबाट शिक्षण सिकाइ प्रभावकारी हुने विश्वासका साथ कार्यक्रम आयोजना गरिएको हो ।' त्यसबाहेक माध्यमिक तहसम्मका शैक्षिक सामग्री पनि एक्स्पोमा उपलब्ध हुने जनाइएको छ ।

महासंघका अध्यक्ष सञ्जय चौधरीले शैक्षिक सामग्रीको उत्पादक, आयातकर्ता र खुद्रा विक्रेताको अन्तर्क्रियाबाट स्वेदशमै उत्पादन र प्रयोगमा उत्प्रेरणा जगाउने अपेक्षा एक्स्पोबाट लिइएको बताए ।

महालक्ष्मी विकास बैंकका ग्राहकलाई विभिन्न संस्थामा छुट



काठमाडौं/ महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य र होटेल तथा रेस्टुरेन्ट क्षेत्रका संस्थाहरूसँग आफ्ना ग्राहकले छुट पाउने सम्झौता गरेको छ । बैंकले पाँच संस्थासँग आफ्नो डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकले छुट पाउने सम्झौता गरेको हो ।

सम्झौताअनुसार काठमाडौंको कोटेश्वरमा रहेको सूर्य जनसेवा हेल्थकेयरमा सेवा लिने ग्राहकले ल्याब इन्भेस्टिगेसनमा २० प्रतिशत, युएजी, एक्सरे, इको, इन्डोस्कोपी, जेनेरल वार्ड, क्याबिन र ओपिडीमा १५ प्रतिशत छुट पाउने भएका छन् । त्यस्तै, ल्याप्रोस्कोपिक, जेनरल सर्जरी, अर्थोपेडिक गाइनोकोलोजिकल, ओबिएसमा १० प्रतिशत तथा फार्मेसीमा सात प्रतिशत छुट पाउने जनाइएको छ । रुपन्देहीको सूर्यपुरामा रहेको सूर्यपुरा पोलिक्लिनिकमा ल्याब, एक्सरे, भिडियो एक्सरे, इसिजी र बेड चार्जमा १० प्रतिशत, फार्मेसीमा ५ प्रतिशत र ओपिडिमा शतप्रतिशत छुट पाउने जनाइएको छ ।

त्यस्तै, काठमाडौंको न्युरोडमा रहेको कर्नर प्वाइन्ट रेस्टुरेन्ट एन्ड बारमा सबै प्रकारका खाद्य तथा पेय पदार्थमा १० प्रतिशत, न्युरोडकै इ-रिभल्भिङ इन्डियन कुजिन रेस्टुरेन्टमा सबै प्रकारका खाद्य तथा पेय पदार्थमा १० प्रतिशत र सुनसरीको इटहरीमा रहेको गंगा-जमुना सैलुनमा सबै सेवामा १० प्रतिशत छुट सुविधा रहेको जनाइएको छ ।

एक लाख २१ हजार ३८७ ले पाए हाथवे इन्भेस्टमेन्टको सेयर

काठमाडौं/ ग्लोबल आइएमई क्यापिटल लिमिटेडको निष्कासन तथा बिक्री प्रबन्धक रहेको हाथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेडको साधारण सेयर बाँफफाँट सम्पन्न भएको छ । जम्मा १२ लाख ७६ हजार सात सय नौ आवेदन प्राप्त भएकोमा एक लाख २१ हजार तीन सय ८७ जनाले सेयर प्राप्त गरेका हुन् ।

२४ लाख २७ हजार सात सय ५० कित्ताका लागि आवेदन माग भएकोमा २४ लाख २७ हजार सात सय ४० कित्ता आवेदकलाई २० कित्ताका दरले र २० हजार कित्तादेखि माथि माग गर्ने १० जनालाई थप एक कित्ताको थपेर २१ कित्ताका दरले बाँडफाँट गरिएको क्यापिटलले जनाएको छ । आवेदन मागभन्दा १२ दशमलव २६ गुणा बढी परेको जनाइएको छ । कम्पनीको पुँजी एक अर्ब १७ करोडमध्ये १२ दशमलव ५० प्रतिशत अर्थात् १४ करोड ६२ लाख ५० हजार रकमबराबरको प्रतिकित्ता अंकित मूल्य ५० रुपैयाँ दरको २९ लाख २५ हजार कित्ता साधारण सेयरको १० प्रतिशत अर्थात् दुई लाख ९२ हजार पाँच सय कित्ता सेयर निष्कासन अनुमति पाएकामा वैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकलाई छुट्याइएको सेयर बाँडफाँट गरिएको उल्लेख छ ।

बाँकी २६ लाख ३२ हजार पाँच सय कित्ता सेयरमध्ये सामूहिक लगानी कोषलाई सुरक्षित गरिएको एक लाख ४६ हजार दुई सय ५० कित्ता तथा कम्पनीका कर्मचारीका लागि छुट्याइएको ५८ हजार पाँच सय कित्ता सेयरसमेत बाँडफाँट गरिसकेको क्यापिटल

आठ वर्षमा...

पृष्ठ १ बाट क्रमशः

बढाउन सरकारले पहलकदमी लिनुपर्ने सुझाव दिएको छ।

रूपान्तरित व्यवस्थापिका संसद्बाट बने ५५ कानुन

संविधान जारी भएपछि संविधानसभा स्वतः व्यवस्थापिका संसद्मा रूपान्तरण भएको थियो। प्रतिनिधिसभा चुनावअघि २८ असोज ०७४ सम्म कार्यकाल रहेको व्यवस्थापिका संसद्ले ५५ वटा कानुन बनायो। सभाको कामकारबाहीलाई व्यवस्थित गर्न संविधानअनुकूल नियमावली निर्माण गऱ्यो।

साथै, संविधानबमोजिम राज्य सञ्चालन गर्न र संविधानले निर्दिष्ट गरेका अन्य आवश्यक कानुन निर्माण गर्ने तथा संघीय संरचनाअनुसार स्थानीय तह, प्रदेश सभा र संघीय संसद्को निर्वाचनका लागि आवश्यक कानुन निर्माण गरेको तत्कालीन संसद्का सचिव गोपालनाथ योगी बताउँछन्।

संसद् सचिवालयका अनुसार संविधानसभामा विचाराधीन ३८ विधेयक आएका थिए भने ७४ नयाँ विधेयक दर्ता भएका थिए। जसमध्ये ५५ कानुन बनेका थिए। केही फिर्ता लिइएको थियो भने बाँकी निष्क्रिय भएका थिए।

अध्यादेशकै भर

संविधान कार्यान्वयनका लागि महत्त्वपूर्ण कानुन बन्न नसकेका वेला अध्यादेशकै भरमा शासन चलाउने प्रवृत्ति बढेको छ। साथै, केही नेपाल ऐन संशोधन विधेयकमार्फत पर्याप्त छलफल नगरी छोटो बाटोबाट कानुन संशोधनको प्रवृत्ति पनि मौलाएको छ। संविधान निर्माणपछि कानुन बनाउने मुख्य जिम्मेवारी बोकेको पहिलो प्रतिनिधिसभाको कार्यकालमा ४८ वटा अध्यादेश जारी गरियो। जब कि व्यवस्थापिका संसद्को अवधिमा सरकारका तर्फबाट कुनै पनि अध्यादेश जारी गरिएको थिएन। कानुन नबनाउने, तर अध्यादेशबाट काम चलाउने प्रवृत्ति प्रतिनिधिसभाको पहिलो कार्यकालमा कायमै रह्यो।

■ संविधानको कार्यान्वयनबारे के भन्छन् विज्ञ ?

संविधानको मुख्य उपलब्धि गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, मौलिक हक, समानुपातिक समावेशी सहभागिता, द्वन्द्व र संक्रमणकालको अन्त्य हो। संविधानले नागरिक स्वतन्त्रता, मानव अधिकार र मौलिक हक सुनिश्चित गरेको छ। व्यावहारिक रूपमा जनताले सरकारको अनुभूति गरेको स्थानीय तह हो। तर, समग्रमा परिवर्तनबाट आएको समाजवादउन्मुख संविधान आए पनि नागरिकमा आशा जगाउन सकेन। व्यवस्था परिवर्तन गरेर अधिकार सुनिश्चित गरे पनि अवस्था परिवर्तन हुन सकेको छैन। समानुपातिक सहभागितामा पहुँचवालाकै हालीमुहाली छ। संविधानमाथि पटक-पटक हमला भएको छ। अदालतले लगाम लगाइरहेको छ।

संविधानको अभ्यास समीक्षा गर्न आवश्यक परेको ठाउँमा संशोधन गर्नुपर्छ

● **नीलाम्बर आचार्य**, संविधानसभा सदस्य

संविधान कार्यान्वयन व्यवहारमा भएन। नेताहरूले राम्रो अभ्यास गरेनन्। सत्ताकेन्द्रित भए, देशकेन्द्रित भएनन्। शासन पनि स्वच्छ भएन। निर्वाचनमा जनताले एउटा परिणाम दिन्छन्, नेताहरूले आकस्मिक रूपमा अर्कै समीकरण बनाउँछन्, कार्यान्वयनमा ध्यान गएन। आठवर्षे अभ्यासको निर्मम समीक्षा गर्नुपर्छ। यो देशले के धान्न सक्छ, के धान्न सक्दैन, दलहरू कस्ता छन्, यी सबै हेरेर संविधानको अभ्यास समीक्षा गर्न आवश्यक परेको ठाउँमा संशोधन गर्नुपर्छ।

संविधानमा उल्लेखित संसदीय लोकतान्त्रिक व्यवस्थाका मूल्य-मान्यतालाई अझै बलियो बनाउनुपर्छ। निर्वाचनबाट आउने सरकार पाँच वर्ष टिक्ने अभ्यास हुने गरी संविधान संशोधन गर्नुपर्छ। विधायिका, सर्वोच्च अदालत र कार्यकारी कसैले पनि आफूलाई सर्वोच्च ठान्ने प्रवृत्ति हुनुहुँदैन। संविधान नै सर्वोच्च हुने र छुट्याएको अधिकारभित्र रहनुपर्छ।

संविधानअनुकूल कानुन निर्माण हुनुपर्‍यो। कानुन बनाउँदा न्यायपूर्ण हुनुपर्‍यो। अहिले कानुन नै बनिरहेको छैन। फेरि आफूलाई सर्वोच्च ठान्ने, उच्चपदस्थलाई कानुनै नलाग्ने भयो। कानुनी शासनभन्दा पनि केही उच्चपदस्थको मनपरीको शासन हुन थाल्यो। ठूलो संघर्षबाट बनेको संविधानमा धेरै राम्रा कुरा छन्, कमीकमजोरी पनि छन्। अब निर्मम समीक्षा गरेर जानुपर्छ। अभ्यासको निर्मम समीक्षा कानुन र संविधानको संशोधन तथा सामाजिक अभियान र दलहरूको व्यवहार सच्याएर जानुपर्छ।

संविधान सुधार सुझाव आयोग अविलम्ब गठन गर्नुपर्छ

● **चन्द्रकान्त ज्ञवाली**, संविधानविद्

संविधानसभाले संविधान बनाउनु ऐतिहासिक क्षण थियो। संविधानसभाबाट संविधान बनाउने विश्वका २२ वटा मुलुकभित्र नेपाल पर्छ। दोस्रो, संविधान बनाउँदा जति दलहरू एक ठाउँमा थिए, अहिले विविध कारणले एक ठाउँमा छैनन्। यसबाट उनीहरूका प्रतिबद्धता संविधानबमोजिम कार्यान्वयन हुन सकेनन्। जस्तो समाजवादउन्मुख संविधान भनियो, तर यो भनेको के हो भन्ने खाका आउन सकेन। विभिन्न देशले शिक्षा, स्वास्थ्य, भरणपोषण, रोजगारी ग्यारेन्टी गर्छ। तर, यहाँ जनताले लोककल्याणकारी राज्यबाट सुविधा प्राप्त गर्छन् भन्ने कुराको स्पष्ट खाका र कुनै नीति आउन सकेन।

अब केन्द्रीकृत राज्यपद्धतिबाट संघीयता, समावेशिता, धर्मनिरपेक्षता, सार्वभौमसत्ता, गणतन्त्रलगायत राम्रा पक्ष संविधानमा लेखियो। तर, त्यसअनुसारको मर्यादा राख्न सकिएन। गणतन्त्रको प्रतीक राष्ट्रपतिको मर्यादा रहेन। संवैधानिक राष्ट्रपति भनिए पनि कार्यकारी भूमिका देखियो। कतिपय कुरामा जुन पार्टीबाट गएको राष्ट्रपति हो, त्यही बोली बोल्ने र सक्रिय हुने हुँदा संवैधानिक राष्ट्रपतिको मर्यादा कायम गर्न सकिएन।

अर्को जनतामा सार्वभौमसत्ता भनियो। तीन तहको सरकारमा अधिकार बाँडफाँट गरियो। तीन तहका सरकारले पाएको एकल, साझा र अविशिष्ट अधिकारको अभ्यास गर्न समयमा कानुन बनेन। कानुन बनाउने बिजनेस संसद् लाई दिनुपर्थ्यो। कानुन नबन्दा स्थानीय तह नै चल्न सकेको छैन। ५-६ वटा कानुन मात्रै बनेको छ। जनतालाई संघीयता र समावेशिता यस्तो हो भनेर आश्वस्त हुने, सेवा प्रवाह गर्ने कुरामा चुकेको देखिन्छ। साझा अधिकार कानुन नै बनेको छैन। नीति स्पष्ट हुन सकेन। जसबाट तीनै तहका सरकारले निर्बाध रूपमा काम गर्न सकेनन्। यो पनि संविधान कार्यान्वयनको एउटा अवरोध हो।

चौथो, संविधानअनुसार सरकार र दलहरू चलेनन्। संविधानले नै तोकेको निर्वाचन गर्न तत्पर भएनन्। स्थानीय तह, प्रदेश सभा, प्रतिनिधिसभा, राष्ट्रिय सभा तथा राष्ट्रपति निर्वाचन गर भनेर सर्वोच्चबाट परमादेश जारी भएपछि बल्ल निर्वाचनको तिथि-मिति घोषणा गरे। संविधान कार्यान्वयन गर्न पनि अदालतले आदेश दिनुपर्ने अवस्था आयो। दलहरू आफैं सक्रिय रहनुपर्नेमा निष्क्रिय भएपछि अदालतले सक्रिय गराउनुपर्‍यो। संविधानबमोजिम आ-आफ्ना अधिकारअन्तर्गत कानुन बनाउने नाममा अझै पनि दलहरू चुके।

जनताले सेवा प्रवाह, दिनदैनिकी समस्याहरू, रोजगारी, खाद्यान्न, अनिकालबाट बच्ने कुरा, समानताका कुरा, आवास, स्वास्थ्य, शिक्षालगायत मौलिक हक प्राप्त गर्न तीन वर्षभित्र कानुन बनाउने भनिए पनि १६ वटाबाहेक मौलिक हक कार्यान्वयन गर्ने अन्य कानुन आउन सकेन। यसको दोष सुरुदेखि नै निर्वाचनबाट एउटा दलको बहुमतको सरकार बन्न सकेन। आजको दोस्रो निर्वाचनमा पनि सरकार बन्ने धाराहरू सक्रिय भएन। संघीय सरकार बन्ने धारा ७६ (१) कार्यान्वयन नै हुन सकेन। हिजो दलहरू मिलेर नेकपाका नाममा एकपटक कार्यान्वयन भयो, तर अहिले निष्क्रिय छ। गठबन्धन सरकार बन्यो। दलहरू कसरी सरकार जोगाउने र ढाल्लेमा केन्द्रित भए। सत्तारूढ सरकारबाट बहिर्गमन नहोस् भन्नेमा मात्रै दत्तचित्त रहे। विपक्षी सरकारमा जान चाहने, जहिले पनि सरकारलाई विघटन गर्न प्रयत्न गर्ने र सत्तारूढ कहिले पनि बहिर्गमन हुन नपर्नेजस्तो गरेर दलहरूबीच, सरकार र विपक्षी दलबीच द्वन्द्व सिर्जना भयो। यसले गर्दा संघ र प्रदेश सरकारले आफ्ना अधिकारअन्तर्गत कानुन बनाउन संसद्लाई बिजनेस दिन सकेन। संसद्मा जति विधेयक आए पनि सदनमा भएको अवरोधका कारण अघि बढ्न सकेनन्। दलहरूबीच द्वन्द्व न्यूनीकरणका लागि सभामुखले भूमिका खेल्न सकेनन्। संसद् अवरुद्ध भएपछि सबै कानुन बन्न नसक्ने र भएका कानुन पनि दलीय द्वन्द्वकै कारण कार्यान्वयन पनि रोकियो। जसले गर्दा संविधानले परिकल्पना गरेको एकल, अविशिष्ट र साझा अधिकार संविधानबमोजिम कार्यान्वयन हुन सकेन। जनताले सेवासुविधा र अधिकार प्राप्त गर्न सकेनन्।

केही भएन भन्ने पनि होइन। स्थानीय सरकार बलियो छ। पाँच वर्षसम्म विघटन हुँदैन। स्थानीय सरकारले स-साना काम गरेको छ। तर, प्रदेश र संघ सरकारबाट गर्नुपर्ने कामहरू संसद् अवरुद्ध, कानुन नबनेको कारण, संसद्भित्र पनि दलहरूको द्वन्द्व वा विपक्षी पनि सरकार भन्ने राजनीतिक संस्कार नभएकाले माथिल्लो तहका नीतिहरू, ठूला परियोजनाहरू, गौरवका आयोजनाहरू र दीर्घकालीन काम हुन सकेनन्, संविधान कार्यान्वयन गर्न संवैधानिक अदालत नहुनाले सकेन। मुद्दाहरू थुप्रिए। अर्को सरकारलाई जवाफदेही बनाउने १३ वटा आयोगमा लामो समयसम्म नियुक्ति नै हुन सकेन। अध्यादेशबाट नियुक्त गरियो, संसद्लाई छलियो। संसद्लाई छल्नुपर्छ भन्ने मानसिकता विकसित हुँदै गयो। राजनीतिक संस्कार, संवैधानिक नैतिकता भन्ने दलहरूमा छैन। यसरी नियुक्त भएका संवैधानिक अंगका पदाधिकारीले सरकारलाई लगाम लगाउने, संविधानवादको बाटोमा हिँडाउने कामहरू गर्न सकेनन्। महिला, दलित सीमान्तकृत समुदायको अधिकार बाहिर आउन सकेन, कार्यान्वयन हुन सकेन। त्यसैले पछिल्लो आठ वर्ष दुइटा निर्वाचन, सरकारहरू गठन, विघटन, संसद् गठन, विघटनका काममा मात्रै दलहरू र सरकार अल्झिरहे। संसद् पनि त्यसैमा लागिरह्यो। सरकारले संविधान मिचिरहने र विपक्षीले पालन गर्ने कारणले जति सोचिएको थियो, त्यति कार्यान्वयन हुन सकेन। अब हामी संविधान संशोधन गरेर जानुपर्छ। संविधान सुधार सुझाव आयोग अविलम्ब गठन गर्नुपर्छ। यो भयो भने जनताका अधिकार सम्बोधन गर्न सकिन्छ।

प्रगतिशील संविधानको प्रभावकारिताबारे अनुगमन गर्नुपर्छ

● **रामनारायण बिडारी**, कानुनविद्

मुलुकको समृद्धिको आधारमा संविधानको उपलब्धि हुन्छ। मुलुक धनी भए मौलिक अधिकार सबै लागू हुन्छ। गरिब भयो भने राज्यले मौलिक हक कार्यान्वयन गर्न सक्दैन। हामीले संविधान राम्रो बनाएका छौं। यसका केही कमजोरी छन्, सुधार गरेर जानुपर्छ। संविधान संशोधनयोग्य हुन्छ। संविधान बनेपछि केही भएन भन्ने होइन, भएको छ। राजनीतिक दृष्टिकोण दुर्गतितिर गएको छैन। विकास निर्माण पनि पहिलाको गएगुज्रेको भन्ने पनि छैन। सालाखाला प्रगतिपथमै छ। अर्कोतिर संविधानले व्यवस्था गरेका आधारभूत सिद्धान्तहरू खलबल्याउने प्रयास भइरहेको छ। जस्तो धर्मनिरपेक्षतामाथि प्रश्न उठाइँदै छ। धार्मिक स्वतन्त्रतासहितको तटस्थतालाई धर्मविशेष राज्य बनाउने कोसिस हुँदै छ। अर्को संघीयतामा पनि संरचना ठीक छ। प्रदेशमा मन्त्री र सांसद बढी भएको लगायत केही संशोधन गर्न सकिन्छ। संघीयताले काम कारबाहीमा सजिलै पारेको छ। अर्को, गणतन्त्रमा राष्ट्रपति अलिअलि विवादमा आएको देखिन्छ। त्यो फन्डामेन्टल कुरा होइन, दैनिकी कार्यको कुरा हो। जनताका निर्वाचित प्रतिनिधिले निर्वाचनबाट राष्ट्रपति बनाउने उत्कृष्ट अभ्यास हो। यसलाई थप समृद्ध बनाउँदै लानुपर्छ।

अब भ्रष्टाचार, सुशासन, विकासको कुरा राज्यको नीति, सत्तामा बस्नेको नीति, विपक्षीमा बस्नेको आचरण, संवैधानिक निकायको कार्यसम्पादन व्यवहारमा लागू गर्ने कुरा हो। व्यक्ति, पदाधिकारी विषयको कुरा हो। समग्रमा संविधानले गर्नुपर्ने काम पूरा गरेको छ। केही अपूरा भएका कुराहरू सच्याएर सुधार गर्न सकिन्छ। संविधान आठ वर्ष पूरा भइसकेकाले संविधानको अध्ययन गरेर यसबारे सुझाव दिनको निम्ति अधिकारसम्पन्न आयोग बनाएर अगाडि बढ्नुपर्छ। प्रगतिशील संविधानको प्रभावकारिताबारे अनुगमन गर्नुपर्छ। अहिलेको परिवर्तन र संविधानबारे युवालाई जानकारी गराउनुपर्छ।

मोटरसाइकल हरायो

मिति २०८०/०५/२५ गते दिउँसो १५:४० देखि १६:२० बजेको समयमा का.जि.का.म.पा.-४, बालुवाटार, नयाँ बस्तीमार्गमा पार्किङ गरेर राखेको मेरो निम्न व्यहोरा भएको **Sprk Net Black Red** रंगको **220 CC** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : भक्त बीर राई
मो.सा.न.: बा. प्र. ०२-०४१ प ९५९९
चेसिस न. : MD2A13EX3MCJ98550
इन्जिन न. : DKXCMJ33055
सम्पर्क न. : 9702026523

यातायातमा...

पृष्ठ १ बाट क्रमशः

हो। मन्त्रालयले यति सानो विषयमा पनि गम्भीरता नदेखाउँदा लाखौं सर्वसाधारणले दुःख पाएका छन्। 'यो प्रदेश मन्त्रालयको निकम्मापनको परिणाम हो,' यातायात कार्यालयका एक कर्मचारी भन्छन्, 'सफ्टवेयर कम्पनीसँग नवीकरणको विषय पहिले नै जानकारी हुन्छ, त्यति सानो कुरामा पनि ध्यान नदिनु उदेकलाग्दो छ।' प्रदेश यातायात मन्त्रालयका सचिव तीर्थराज भट्टराई नवीकरण नहुँदा हाल अनलाइन सेवा बन्द भएको र छिट्टै सञ्चालन गर्ने बताउँछन्। आफू पनि प्रदेश मन्त्रालयमा नयाँ भएको र अनलाइन भुक्तानी सेवालाई सञ्चालन गर्न लागिएको उनले बताए। मन्त्रालयले लाखौं खर्च गरी 'ट्रान्सपोर्ट म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम' बनाएको थियो। सो सिस्टममा आफ्नो सवारीसाधनबारे विस्तृत विवरण भरेपछि अनलाइनमार्फत भुक्तानी दिन मिल्ने सुविधा थियो। पैसा तिरेपछि छाप लगाउन मात्र यातायात कार्यालय गए हुन्थ्यो। साउनदेखि यातायात कार्यालयमै गएर पैसा तिर्नुपर्ने बाध्यता छ।

कानुनको आफूखुसी व्याख्या गरी यातायात कार्यालयहरूले एक वर्ष पनि नपुग्दै चार गुणा धेरै जरिवाना लिने गरेका छन्। बागमती प्रदेशमा दुईपांग्रे सवारीसाधनको नवीकरण शुल्क तीन सय तथा चारपांग्रेको पाँच सय रुपैयाँ तोकिएकोमा हाल यातायात कार्यालयहरूले तीन महिना पुगेपछि दोब्बर तथा नयाँ आर्थिक वर्ष सुरु भएलगत्तै नवीकरण दस्तुरको चार गुणा धेरै तिराउने गरेका छन्। नवीकरण नियमित नभएको र ९० दिनको अवधि पनि पुगेर नयाँ आर्थिक वर्ष सुरु भएको अवस्थामा दुईपांग्रेका धनीले एक हजार दुई सय तथा चारपांग्रेका धनीले एक हजार आठ सय रुपैयाँ तिर्दै आएका छन्।

बागमती प्रदेश सरकारको 'प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७८' मा भने यस्तो व्यवस्था छैन। ऐनमा ९० दिनपछि म्याद नाघेको आर्थिक वर्षसम्म नवीकरण दस्तुरको अतिरिक्त एक सय प्रतिशतसम्म मात्र तिर्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३५(४) मा भनिएको छ, 'उपदफा १ बमोजिमको म्याद नाघी दर्ताको प्रमाणपत्र नवीकरण गराउन आउने सवारीधनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक आर्थिक वर्षसम्म एक सय प्रतिशत, दुई आर्थिक वर्षसम्म दुई सय प्रतिशत, तीन आर्थिक वर्षसम्म तीन सय प्रतिशत, चार आर्थिक वर्षसम्म चार सय प्रतिशत र पाँच आर्थिक वर्षसम्म पाँच सय प्रतिशत दस्तुरसमेत लिई त्यस्तो प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ।' यसअनुसार नवीकरणको एक आर्थिक वर्ष ढिला हुँदासम्म तीन सयको शतप्रतिशत जोडेर ६ सय रुपैयाँ लिनुपर्नेमा १२ सय रुपैयाँ लिने गरिएको छ। यससम्बन्धी समस्या समाधानका लागि कार्यदलले अध्ययन गरिरहेको प्रदेश मन्त्रालयका सचिव भट्टराई बताउँछन्।

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

घर खाली गराउने बारेको सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८०/०६/३)

बनेपा नगरपालिकाको वडा नं. ८ बस्ने शोभा जोशी निवेदक (पहिलो पक्ष) र ऐ. नगरपालिका वडा नं. ९ बस्ने रोसन बैद्य तथा सरस्वती बैद्य दोस्रो पक्ष भएको घर खाली गराउने विषयमा यस बनेपा नगरपालिकाले मिति २०७९/०९/२८ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित गरेको सूचनाको सन्दर्भमा पुनः दोस्रो पटक ऐ.ऐ. बस्ने सरस्वती बैद्य तथा रोसन बैद्यको नाममा यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपाईहरु (सरस्वती बैद्य तथा रोसन बैद्य) यस बनेपा नगरपालिकाको सम्पर्कमा आई उक्त घरमा भएको तपाईको सामान बुझिलानुहोला। अन्यथा मिति २०८०/०५/२४ गते बसेको बनेपा नगरकार्यपालिकाको बैठकको निर्णय समेतका आधारमा सम्बन्धित निकायहरुसँगको समन्वयमा उक्त घर खाली गराई घरधनी शोभा जोशीलाई जिम्मा लगाइने व्यहोरा यही सूचना मार्फत जानकारी गराइन्छ।

निःशुल्क सीप सिकौं आत्मनिर्भर बनौं
गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
पोखरा, नेपाल
फोन नं.०६१-४५०५११
ईमेल : vsdtc12@gmail.com

सीप विकास तालिम सञ्चालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०६/०२

यस केन्द्रबाट चालु आ.व. ०८०/८१ को पहिलो चौमासिकमा सञ्चालन गरिने देहाय अनुसारको सीप विकास तालिमहरु निःशुल्क रुपमा यस केन्द्रद्धारा सञ्चालन गरिने हुँदा तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (२०८०/०६/१६) भित्र रित पूर्वकको आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, पोखरामा संचालन गरिने निःशूल्क तालिमहरु :

क्र. सं.	तालिमको नाम	आवश्यक संख्या	तालिमको अवधि	आवेदकको उमेर	शैक्षिक योग्यता	अन्तर्वार्ता मिति
१.	मोवाइल मर्मत	प्रत्येक समूहमा २० जनाको दरले	३ महिना (३९० घण्टा)	१८ वर्ष पुरा भई ४० वर्ष ननागेको	कक्षा ८ उत्तिर्ण	२०८०/०६/१७ (विहान १०.३० बजे)
२.	प्लम्बिङ्ग				कक्षा ८ उत्तिर्ण	२०८०/०६/१८ (विहान १०.३० बजे)
३.	विद्युत जडान				कक्षा ८ उत्तिर्ण	२०८०/०६/१९ (विहान १०.३० बजे)
४.	मन्टेश्वरी				१०+२ उत्तिर्ण	२०८०/०६/२० (विहान १०.३० बजे)
५.	आधारभूत कम्प्यूटर				एस.ई.ई. उत्तिर्ण	२०८०/०६/२१ (विहान १०.३० बजे)
६.	कपाल काट्ने (सैलून)				कक्षा ८ उत्तिर्ण	२०८०/०६/२२ (विहान १०.३० बजे)
७.	आधारभूत कटाई सिलाई				कक्षा ८ उत्तिर्ण	२०८०/०६/२३ (विहान १०.३० बजे)
८.	बुटिक डिजाइन				कक्षा ८ उत्तिर्ण	२०८०/०६/२४ (विहान १०.३० बजे)
९.	आधारभूत केश श्रृङ्गार				कक्षा ८ उत्तिर्ण	२०८०/०६/२५ (विहान १०.३० बजे)
१०.	एडभान्स कटाई सिलाई				आधारभूत कटाई सिलाई पुरा गरेको	२०८०/०६/२६ (विहान १०.३० बजे)
११.	फेसन डिजाइन					२०८०/०६/२७ (विहान १०.३० बजे)

२. स्थानिय निकायमा संचालन हुने तालिमहरु :

क्र.सं.	तालिमको विषय	तालिमको अवधि	शैक्षिक योग्यता	फाराम पाईने एवम् संचालन हुने स्थान	अन्तर्वार्ता मिति र समय	कै.
१.	एडभान्स केश श्रृङ्गार (ब्यूटी पार्लर)	३ महिना (३९० घण्टा)	आधारभूत ब्यूटी पार्लर (केश श्रृङ्गार) पुरा गरेको	कावासोती न.पा.२, नवलपुर सम्पर्क नं.९८५७०४०७९६	२०८०/०६/१९	
२.	आधारभूत केश श्रृङ्गार (ब्यूटी पार्लर)	३ महिना (३९० घण्टा)	कक्षा ८ उर्तिण	गैडाकोट न.पा. ११, नवलपुर, सम्पर्क नं. ९८०४२६०७६३, ९८५७०४०७९६	२०८०/०६/२०	
३.	आधारभूत कटाई सिलाई	३ महिना (३९० घण्टा)	कक्षा ८ उर्तिण	बालिङ न.पा, ८, स्याङ्जा सम्पर्क नं. ९८४६१७८४५०	२०८०/०६/२२	
४.	एडभान्स कटाई सिलाई	३ महिना (३९० घण्टा)	आधारभूत कटाई सिलाई पुरा गरेको	बन्दीपुर गा.पा.१, तनहूँ सम्पर्क नं. ९८५६०६७८०१	२०८०/०६/२४	
५.	प्लम्बिङ्ग		कक्षा ८ उर्तिण			

१. प्रशिक्षार्थी आवेदन फारम भर्न नेपाली नागरिकताको प्रतिलिपि १ प्रति, फोटो १ प्रति र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि मिति २०८०/०६/१६ गते भित्र यस केन्द्रमा आवेदन फाराम पेश गर्नुपर्नेछ।
२. दलित, अपाङ्ग, शहिद परिवार, विपन्न, द्वन्द्व पिडित, बैदेशिक रोजगारबाट फर्किएका र एकल महिलालाई विशेष प्राथमिकता दिइनेछ।
३. तालिम लिन ईच्छुक उम्मेद्वारको उमेर १८-४० वर्षको हुनु पर्ने तथा प्रशिक्षार्थी छनौट अन्तर्वार्ता द्वारा गरिनेछ।
४. तालिम संचालनका लागि आवश्यक तालिम सामाग्री, तालिम उपकरण र सम्बन्धित विषयको प्रशिक्षक कार्यालयबाट उपलब्ध गराईने छ।
५. उपरोक्त तालिमहरुमा तोकिएका आवेदकहरुको संख्या नपुगेमा तालिम संचालन गर्ने नगर्ने अधिकार केन्द्रमा निहित हुनेछ।

नोट : फाराम यस केन्द्रको website : https://vsdtc.gandaki.gov.np/बाट पनि भर्न सकिनेछ।

केन्द्र प्रमुख

प्रतियोगितात्मक...

पृष्ठ १ बाट क्रमशः

श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतमध्येबाट खुला प्रतियोगितात्मक परीक्षाका आधारमा नियुक्ति हुने संवैधानिक व्यवस्था छ। आयोगले आन्तरिक खुलाबाट १५ र खुलाबाट सात न्यायाधीशको पदका लागि दरखास्त आह्वान गरेको थियो। महिला, आदिवासी/जनजाति र मधेशीबाट दुई-दुईजना, दलितबाट एक पदका लागि आह्वान भएको थियो। पोखरेलले खुला र आन्तरिक खुलामा नाम निकालेका थिए।

परिषद्ले ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्यांकनबाट वशिष्टकुमार घिमिरे, योगनाथ ढकाल, शम्भु गौतम, राजेन्द्रसिंह भण्डारी, रामचन्द्र शर्मा, ज्ञानेन्द्र इटेनी र कृतबहादुर बोहराको नाम चयन गरेको छ। नेपालको संविधानमा २० प्रतिशत जिल्ला न्यायाधीशका रूपमा स्नातक उत्तीर्ण न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतमध्येबाट ज्येष्ठता, योग्यता र कार्यक्षमता मूल्यांकनका आधारमा नियुक्त गर्ने प्रावधान छ।

बैठकले उच्चका न्यायाधीश रमेशप्रसाद राजभण्डारीलाई उच्च अदालत विराटनगर सरुवा गरेको छ। उनी पोखरामा कार्यरत थिए। सोही बैठकले १८ जिल्ला न्यायाधीशको पनि सरुवा गरेको छ। बलात्कारका अभियोग लागेका कपिलवस्तुका न्यायाधीश भुवन गिरीलाई दरबन्दी सारेर न्यायपरिषद् झिकाइएको छ।

Shey-PhoksundoRural Municipality
Office of Rural Municipal Executive
Saldang, Dolpa
Karnali Province, Nepal

INVITATION FOR ELECTRONICS BIDS

Contract ID No: SPRM/NCB/LISP/DOP/WORKS/080-081-10
First date of publication: 20 Sep.2023 AD (2080-06-03 BS)

1. Shey-Phoksundo Rural municipality invites electronic bids from the eligible bidders for construction of the following works under National Competitive Bidding (NCB) - Single Stage- Two Envelope Bidding procedure. For further information visit e-GP portal of PPMO, *www.bolpatra.gov.np/egp*

S.N.	Contract ID	Description of Works	Annual VAT) Turnover (NRs.)	Similar size and nature of works	Price of BID document (NRs.)	BID Security Amount (NRs.)	BID Validity/ BID security Validity period	Bid Submission Deadline	Bid Opening Deadline and Time	Office Account Details
1	SPRM/NCB/ DOP/WORKS/ 080-081-10	Irrigation Canal Contruction Works (Telang dekhi Vijer Sichai yojana)	10300000	8132000	5000	580000	90 days/120 days respectively	20/10/2023 AD (2080-07-03 BS). 12:00 PM	20/10/2023 AD (2080-07-03 BS). 14:00 PM	**1.** GA-1-1 Antarik Rajashwo khata - 1650133537700071 **2.** Dharauti Khata GA-1-3-1650133537700041 (Prabhu Bank Ltd)

2. Electronic Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 AM on 20-10-2023 AD (2080-07-03). Bids received after this deadline will be rejected.

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Others will be as per Act PPA, 2063 and Regulations PPR, 2064

Chief Administrative Officer

बुधबार ३ असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.ले.प.नि.इ.नं. १७/०६९/०७०

नेपाललाई साफ यू–१९ च्याम्पियनसिपमा तेस्रोपटक ट्रफी उचाल्ने अवसर

दुई संस्करणको विजेता नेपालले दशरथ रंगशालामा बिहीबारदेखि सुरु हुने च्याम्पियनसिपमा घरेलु मैदानको फाइदा लिन सक्छ

नयाँ पत्रिका

दशरथ रंगशालामा बिहीबारदेखि दक्षिण एसियाली यू-१९ फुटबल च्याम्पियनसिप (साफ) सुरु हुँदै छ। दुईपटकको विजेता नेपालले घरेलु मैदानमा पुनः एकपटक उपाधि जित्ने अवसर मिलेको छ। सन् २०१५ मा साफ यू-१९ च्याम्पियनसिप नेपालबाटै सुरु भएको हो। नेपालले सुरुवाती दुई संस्करण हात पारेको थियो। तेस्रो र चौथो संस्करणमा नेपालको प्रदर्शन गतिलो रहेन। तेस्रो संस्करणमा उपाधिमाथि ह्याट्रिक गर्ने लक्ष्य राखेको नेपाल समूह चरणबाटै बाहिरिएको थियो। गत संस्करणमा नेपाल तेस्रो भएको थियो। घरेलु मैदानमा आयोजना हुने प्रतियोगितामा नेपाललाई दर्शकको साथ रहनेछ। नेपाली टोलीका मुख्य प्रशिक्षक सुनील श्रेष्ठले यसपटक उपाधि जित्ने राम्रो अवसर भएको बताएका छन्। उनी पहिलो संस्करणमा उपाधि जित्दा टोलीका सहायक प्रशिक्षक थिए। यसपटक उनले मुख्य प्रशिक्षकको भूमिका पाएका छन्।

प्रतियोगिताअगाडि मंगलबार भएको प्रि-म्याच कन्फरेन्समा मुख्य प्रशिक्षक श्रेष्ठले पछिल्लो नतिजाअनुसार पाँचौं संस्करणमा उपाधि जित्न सक्ने दाबी गरेका छन्। युवा खेलाडीले यसका लागि राम्रो तयारी गरेको उनको भनाइ छ। 'हामीले राम्रो तयारी गरेका छौं, खेलाडीले पनि प्रतियोगिताका लागि निकै मिहिनेत गरेका छन्, हाम्रो तर्फबाट तयारी पूरा भइसकेको छ।'

प्रतियोगितामा पाकिस्तान, माल्दिभ्स, भारत, भुटान र बंगलादेशले प्रतिस्पर्धा गर्नेछन्। नेपाल रहेको समूह 'ए'मा पाकिस्तान र माल्दिभ्स छन्। समूह 'बी'मा भारत, बंगलादेश र भुटान छन्। दुवै समूहबाट शीर्ष दुई टोलीले सेमिफाइनल स्थान बनाउनेछन्।

यू-१९ साफ च्याम्पियनसिपमा सहभागी सबै टोलीको स्तर एकै भएको नेपालका मुख्य प्रशिक्षक श्रेष्ठको बुझाइ छ। दक्षिण एसियाली राष्ट्रहरूले युवा खेलाडीलाई एक्सपोजर गरेका कारण नै सबै टोलीलाई कम आँक्न नमिल्ने उनले बताए। यद्यपि, युवा समूहमा अन्य राष्ट्रको तुलनामा नेपाल कमजोर नै छ। तर, घरेलु मैदानको फाइदा नेपाललले लिन सक्ने श्रेष्ठले बताए। 'यद्यपि, हामीले राम्रो तयारी गरेका छौं, तर सहभागी अन्य राष्ट्रले युवा समूहमा राम्रो लगानी गरेका छन्,' उनले भने, 'कुनै समय हामी उमेरसमूहमा बलिया थियौं, अहिले तुलनात्मक रूपमा हामी कमजोर बनेका छौं।'

यस्तो रह्यो नेपालको तयारी

प्रतियोगिताका लागि अखिल नेपाल फुटबल संघ (एन्फा)ले खुला छनोटका माध्यमबाट टोली बनाएको हो। जिल्ला, प्रदेश हुँदै केन्द्रीयबाट छनोट भएका ३५ खेलाडीलाई क्लोज क्याम्पमा राखिएको थियो। यसबाट उत्कृष्ट २५ खेलाडी छनोट भए। त्यसपछि भएका क्लोज क्याम्प र प्रशिक्षणका आधारमा एन्फाले अन्तिम २३ जना खेलाडीको राष्ट्रिय यू-१९ टोली घोषणा गरेको हो। प्रशिक्षणका क्रममा नेपालले सिनयर टोलीसँग मैत्रीपूर्ण खेल खेलेको थियो। 'सिनियर खेलाडीसँग अभ्यास खेल खेल्यौं, यसले खेलाडीको आत्मविश्वास बढेको छ,' प्रशिक्षक श्रेष्ठले भने। नेपाली टोलीमा ए डिभिजन लिग खेलेका खेलाडी छन्। यसैगरी, टोलीमा यू-१७ साफ खेलेका खेलाडी पनि छन्। नेपाली टोलीलाई जियारथले कप्तानी गर्नेछन्। प्रशिक्षक श्रेष्ठले युवा खेलाडीले चुनौती सामना गर्नुपर्ने बताए।



बिहीबारदेखि सुरु हुने साफ यू-१९ च्याम्पियनसिपको तयारीबारे जानकारी दिँदै आयोजक एन्फा पदाधिकारी। तस्बिर : दिपेन्द्र डुंगाना/नयाँ पत्रिका

घरेलु मैदानको साथ

साफ च्याम्पियनसिप नेपाललले तेस्रोपटक आयोजना गर्न लागेको हो। घरेलु मैदानमा नेपालको प्रदर्शन सधैं राम्रो हुने गरेको छ। घरेलु दर्शकअगाडि खेलाडीको मनोबल उच्च हुने गरेको छ। उनीहरूले आत्मविश्वासका साथ प्रदर्शन गर्ने प्रशिक्षक श्रेष्ठको भनाइ छ। 'घरेलु मैदानमा खेल्दा दर्शकको साथ राम्रो हुन्छ,' उनले भने, 'घरेलु मैदानको फाइदा भनेको यही नै हो।' उनले समूह चरणदेखि उत्कृष्ट प्रदर्शन गरी उपाधि जित्ने बताए। नेपालले २१ सेप्टेम्बरमा पाकिस्तानको सामना गर्नेछ। 'हामी पहिलो खेलमै पाकिस्तानमाथि दबाब राख्छौं र प्रतियोगितामा सुखद सुरुवातको लक्ष्य राखेका छौं,' उनले भने, 'यद्यपि, कसैलाई पनि कमजोर मान्नुहुन्न।'

■ तयारी राम्रो छ

सुनील श्रेष्ठ, मुख्य प्रशिक्षक, नेपाल



प्रतियोगिताका लागि हाम्रो तयारी निकै राम्रो छ। नेपालले सबै तयारी पूरा गरिसकेको छ। यू-१९ टोलीको तयारीअनुरूप हामीले नेपालको सिनियर टोलीसँग मैत्रीपूर्ण खेल खेलेका थियौं। यसबाट खेलाडीले एक्सपोजर प्राप्त गरेका छन्। प्रतियोगितामा सहभागी अन्य राष्ट्र पनि उत्तिकै बलिया छन्। हामीले सहभागी टोलीलाई कमजोर आँक्नु मिल्दैन। सबैलाई एकै स्तरमा हेर्नुपर्छ। यद्यपि, नेपाललाई घरेलु मैदानको फाइदा हुनेछ। दशरथ रंगशालामा खेलाडीले राम्रो नतिजा निकाल्ने अपेक्षा छ। यसैअनुसार खेलाडीले अभ्यास गरेका छन्। दक्षिण एसियामा सबैभन्दा बलियो टोली भारत हो। तर, घरेलु दर्शकको साथ पाउँदा हामीलाई फाइदा हुन्छ। प्रतियोगिताको पहिलो खेलमा राम्रो नतिजा निकाल्न सक्यौं भने पछिका खेलमा सहज हुनेछ। फुटबलमा मैदानमा उत्रिएपछि चुनौती सुरु हुन्छ। यसै कारण खेलमा केन्द्रित भएर खेल्नु आवश्यक छ। हाम्रो लक्ष्य उपाधि जित्ने नै हो। फुटबल टिमवर्क भएकाले खेलाडी, कोच, अफिसियल सबैको कम्बिनेसन राम्रो हुनुपर्छ। त्यसैले पनि च्याम्पियन बन्ने लक्ष्य हो।

बहराइनसँग पुरुष भलिबलमा नेपाल पराजित

नयाँ पत्रिका

चीनको हाङ्झाउमा १९औँ एसियाली खेलकुद प्रतियोगिता (एसियाड) उद्घाटनअघि केही खेल सुरु भएका छन्। जसमध्ये नेपालले सहभागिता जनाएको पुरुष भलिबल टोलीले बहराइनसँग प्रतिस्पर्धा गरेको थियो। नेपाल बहराइनसँग ३-१ को सेटमा पराजित भयो। नेपाल प्रतियोगिताको समूह 'बी'मा छ। नेपाली पुरुष खेलाडीले पहिलो सेटमा उत्कृष्ट प्रदर्शन गरेका थिए। नेपालले पहिलो सेट २५-२० ले आफ्नो पक्षमा पारेको थियो।

पहिलो सेटको प्रदर्शन अन्य सेटमा नेपाली खेलाडीले निरन्तरता दिन सकेनन्। तीनवटै सेटमा नेपाल झिनो अन्तरले पछि पऱ्यो। बहराइनले दोस्रो सेटपछि उत्कृष्ट पुनरागमन गरेको थियो। दोस्रो सेटमा नेपालको गल्तीमा बहराइनले २५-२० ले बाजी माऱ्यो। १-१ को बराबरी सेट भएको अवस्थामा नेपालका खेलाडी तेस्रो सेटमा कमजोर देखिए। तेस्रो सेटमा नेपाल सात अंकले पछि पर्दा २५-१८ ले पराजित भयो। बहराइनले तेस्रो सेटको समाप्तिसम्म २-१ को अग्रता लिएको थियो। बहराइनले चौथो सेट २५-१५ को जित निकाली अंक जोड्यो। अब समूहको दोस्रो खेलमा नेपालले एसियाकै बलियोमध्येको एक टिम इरानसँग बुधबार प्रतिस्पर्धा गर्नेछ।

मंगोलिया १५ रनमै अलआउट

एसियाडअन्तर्गत महिला क्रिकेट स्पर्धामा इन्डोनेसियाले मंगोलियालाई एक सय ७२ रनको फराकिलो अन्तरले पराजित गरेको छ। पहिलो ब्याटिङ गरेको इन्डोनेसियाले २० ओभरमा चार विकेट गुमाएर एक सय ८७ रनको बलियो योगफल खडा गरेको थियो। प्रत्युत्तरमा मंगोलियाले १० ओभरमा सबै विकेट गुमाएर १५ रन मात्र जोड्यो। मंगोलियाको ब्याटिङमा सात ब्याट्सम्यान डकआउट भएका थिए। मंगोलियाकी ओपनर अमागालानले १६ बल सामना गरे पनि रन बनाउन सकिनन्। सो इनिङ्समा दोस्रो ओपनर इछिकोलोले सर्वाधिक पाँच रन बनाएकी थिइन्। इन्डोनेसियाले पाँच रन अतिरिक्त दिएको थियो। इन्डोनेसियाका लागि आन्द्रियनीले सर्वाधिक चार विकेट लिइन्। उनले तीन ओभरमा आठ रन मात्र खर्चेकी थिइन्। लुच देवी र पागेसीले समान दुई विकेट हात पारे।

यसअघि पहिलो ब्याटिङ गरेको इन्डोनेसियाका लागि ओपनर नी लुह देवीले ४८ बलमा १० चौकाको सहयोगमा ६२ रन बनाएकी थिइन्। यसैगरी, आन्दा साकरिनीले ३१ बलमा ३५ रन बनाइन्। मंगोलियाले इन्डोनेसियालाई ४८ अतिरिक्त रन दिएको थियो। जसमा ३८ वाइड थियो। अर्को खेलमा मलेसियाले हङकङलाई २२ रनले हराएको छ। पहिलो ब्याटिङ गरेको मलेसियाले २० ओभरमा नौ विकेट गुमाएर एक सय चार रन बनाएको थियो। प्रत्युत्तरमा हङकङ ८२ रनमै अलआउट भयो।



जुडो खेलाडीको बिदाइ

महेन्द्ररत्न क्याम्पसले चीनको हाङ्झाउमा हुने १९औँ एसियाली खेलकुदमा सहभागी हुने आफ्ना तीन विद्यार्थी खेलाडीलाई मंगलबार बिदाई गरेको छ। स्नातक तह प्रथम वर्षमा अध्ययनरत तीन जुडो खेलाडीलाई क्याम्पस प्रमुख गेहेन्द्रप्रसाद दाहाल र स्वास्थ्य शारीरिक शिक्षा विषय शिक्षक कोपिलकुमार थापालगायतले बिदाई गरे। पुरुष ६६ केजीमुनि इन्द्रबहादुर श्रेष्ठ तथा महिला ५७ केजीमुनि मनिता श्रेष्ठ प्रधान र ५२ केजीमुनि देवकीमाया श्रेष्ठले हाङ्झाउ एसियाडमा प्रतिस्पर्धा गर्नेछन्। तीनै खेलाडी बन्दी सहायता नियोग (पाम)का उत्पादन हुन्। इन्द्र र देवकी सहोदर दाजुबहिनी हुन्। उनीहरूसहित ८ जुडो खेलाडीले हाङ्झाउ एसियाडमा प्रतिस्पर्धा गर्दै छन्। पाममा ३१ जना आश्रित छन्। प्रशिक्षक श्रेष्ठका अनुसार सबै जुडो खेल्छन्।

पुरुषतर्फको उपाधि गण्डकीलाई

पोखरामा **रोहितराज पराजुली**

गण्डकी प्रदेशले १०औँ लामाचौर कप राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको उपाधि जितेको छ। निकै प्रतिस्पर्धात्मक फाइनलमा गण्डकीले नेपाल पुलिस क्लबलाई ३-२ सेटमा पराजित गर्दै उपाधि हात पारेको हो। प्रतियोगिताको मंगलबार भएको उपाधि भिडन्तमा पहिलो सेट पुलिसले २५-२३ ले जितेको थियो। दोस्रो सेट गण्डकीले २५-१९ ले जित्यो। तेस्रो सेट पुलिसले २५-२१ ले हात पाऱ्यो। पुलिस त्यसपछिका दुई सेटमा पराजित हुँदा गण्डकीले उपाधि हात पारेको हो। गण्डकीले चौथो सेट २८-२६ र अन्तिम सेट १५-११ ले जितेको हो।

यसअघि, सोमबार १-१ सेटको बराबरीपछि प्रकाशको कमीका कारण खेल मंगलबारका लागि सरेको थियो। गत वर्षसमेत यी दुवै टोली फाइनल पुगेकोमा वर्षाका कारण खेल हुन नसकेपछि पुरस्कार बाँडेर लिएका थिए। नवआदर्श सामुदायिक विकास समाजको आयोजनामा सम्पन्न प्रतियोगितामा गण्डकीका रवि केसी सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै पाँच हजार पुरस्कार पाए।

गण्डकीका हरि पाण्डे बेस्ट ब्लकर, किरण गुरुङ बेस्ट स्पाइकर र रमेश केसी बेस्ट कोच घोषित हुँदा पुलिसका कुलबहादुर थापा बेस्ट सर्भर, अभिषेक थापा बेस्ट सेटर र भीम गाहा बेस्ट लिबेरो घोषित भएका थिए। यसअघि, प्रतियोगितामा महिलातर्फको उपाधि नेपाल पुलिस क्लबले जितेको थियो। पुलिसले फाइनलमा न्यु डायमन्डलाई ३-१ सेटमा पाखा लगाएको थियो।

खेल संक्षेप

वडा १३ र १४ बीच उपाधि भिडन्त



काठमाडौं/ प्रयागराजसिंह सुवाल स्मृति अन्तरवडा फुटसल प्रतियोगिताको उपाधि भिडन्त वडा १३ र १४ बीच हुने भएको छ। लैनचौर फुटसल मैदानमा मंगलबार भएको पहिलो सेमिफाइनलमा वडा १४ ले वडा ४ लाई १-० ले हरायो। सो खेलमा आरोन खड्काले निर्णायक गोल गरेका थिए। उनी नै खेलका म्यान अफ दी म्याच घोषित भए। दोस्रो सेमिफाइनलमा वडा १३ ले वडा २६ लाई २-० ले पराजित गऱ्यो। सो खेलमा दुवै गोल वडा १३ का आशिष कपालीले गरे। आशिष नै म्यान अफ दी म्याच चुनिए। फाइनल खेल बुधबार बिहान १० बजे हुनेछ। नकआउटका आधारमा भइरहेको प्रतियोगितामा विजेता टिमलाई दुई लाख रुपैयाँ प्रदान गरिनेछ। उपविजेता टिमले एक लाख रुपैयाँ प्राप्त गर्नेछ। यसैगरी, विधागततर्फ उत्कृष्ट हुने सर्वश्रेष्ठ खेलाडी, सर्वाधिक गोलकर्ता र सर्वश्रेष्ठ गोलरक्षकलाई जनही दश हजार रुपैयाँले पुरस्कृत गरिनेछ।

संविधान दिवसमा अन्तरबैंक फुटसल हुने

काठमाडौं/ नेपाल राष्ट्र बैंक कर्मचारी संघ बालुवाटार समितिको आयोजनामा अन्तरबैंक फुटसल प्रतियोगिता बुधबारदेखि हुने भएको छ। संविधान दिवसको अवसर पारेर ३ देखि ६ असोजसम्म प्रतियोगिता हुने आयोजक नेपाल राष्ट्र बैंक कर्मचारी संघ बालुवाटार समितिका अध्यक्ष प्रकाश पोखेलले जानकारी दिएका छन्। काठमाडौंको धनवन्तरी फुटसल हब, हाँडीगाउँमा हुने प्रतियोगितामा बैंक तथा वित्तीय संस्थाका ३७ पुरुष र २० वटा महिला टिम सहभागी हुनेछन्। प्रतियोगिताको मुख्य प्रायोजक राष्ट्रिय वाणिज्य बैंक रहेको छ। प्रतियोगिताका लागि ओम हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालिले मेडिकल सपोर्ट उपलब्ध गराउनेछ।

वाकाथन र दौड सम्पन्न

काठमाडौं/ निक्षेप तथा कर्जा सुरक्षण कोषले ४९औँ वार्षिकोत्सव अवसरमा मंगलबार बैंकिङ सचेतनाका लागि वाकाथन र ५ किलोमिटरको दौड प्रतियोगिता आयोजना गरेको छ। ५ किलोमिटर दौडअन्तर्गत आर्मी तथा प्रहरीका धावकसहित अन्य व्यावसायिक धावकले प्रतिस्पर्धा गरेका थिए। प्रतियोगितामा पुरुषतर्फ त्रिभुवन आर्मी क्लबका मुकेश पाल पहिलो भए। आर्मी क्लबका सञ्जय श्रेष्ठ दोस्रो र आर्मीकै श्रीकाश राई तेस्रो भएका छन्। महिलातर्फ २१.५० मिनेटमा दौड पूरा गरी नेपाल पुलिस क्लबकी राममाया बुढा प्रथम भएकी छिन्। २१.५७ का साथ आर्मी क्लबकी पूर्णलक्ष्मी न्यौपाने दोस्रो भइन्। २३.०७ मिनेटमा दौड पूरा गरी क्लबकै सिर्जना पाण्डे तेस्रो भएकी छिन्। प्रतियोगितामा प्रथम हुनेलाई १५ हजार, दोस्रो हुनेलाई १० हजार र तेस्रो हुनेलाई ५ हजार पुरस्कार प्रदान गरियो।

भलिबलको उपाधि थुम्बेदिनलाई

ताप्लेजुङ/ प्रथम वडाध्यक्ष भलिबल प्रतियोगिताको उपाधि थुम्बेदिनले हात पारेको छ। प्रतियोगिताको मंगलबार पाथीभरा याङवरक गाउँपालिकामा भएको फाइनलमा तिरिङे-६ थुम्बेदिनले ३-२ को सेटमा हराउँदै उपाधि हात पारेको हो। पहिलो सेट तिरिङेले २५-२२ ले जितेको थियो। थुम्बेदिनले दोस्रो सेटमा २५-२२ को स्कोर गरेको थियो। थुम्बेदिनले तेस्रो सेट २५-१९ ले हात पार्दै २-१ को सेटमा अग्रता लियो। चौथो सेटमा तिरिङेले २५-२१ को अन्तरले जित हासिल गरी २-२ को रोमाञ्चक सेटमा पुग्यो। बेस्ट अफ फाइभको आधारमा खेलाइएको खेलको अन्तिम सेटमा थुम्बेदिनले १५-१३ ले बाजी माऱ्यो। विजेताले ८० हजार र उपविजेताले ५० हजार रुपैयाँ पाएका छन्। जिल्लाका ६१ मध्ये २२ वडाले खेलमा भाग लिएका थिए।

क्लब स्क्वास टिम च्याम्पियनसिप हुने

काठमाडौं/ नेपाल स्क्वास एन्ड ऱ्याकेट्स संघको आयोजनामा बुधबारदेखि एनएसआरए इन्टर क्लब स्क्वास टिम च्याम्पियनसिप २०२३ हुने भएको छ। सातदोबाटोस्थित स्क्वास हलमा हुने प्रतियोगितामा नेपाल स्क्वास ऱ्याकेट्स संघका तीन टिम, बेलायतको ब्रिटिस आर्मीका तीन टिमका साथै क्लब इन्टरको पनि सहभागिता रहनेछ। क्लब इन्टरबाट इटालीका रान्जो एन्डोर्नो, अस्ट्रेलियाका इसाक र बेलायतका धीर पुनले खेल्नेछन्। सहभागी टिमलाई दुई समूहमा विभाजन गरिएको छ। समूह एमा ब्रिटिस आर्मीको ए टिम, एनएसआरएको बी टिम, ब्रिटिस आर्मीको सी टिम र क्लब इन्टर रहेका छन्। समूह बीमा एनएसआरए टिम ए, एनएसआरए टिम बी र एनएसआरए टिम सी छन्। दुवै समूहबाट शीर्ष दुई स्थानमा रहने टिम सेमिफाइनलमा पुग्ने प्रावधान रहको छ। प्रतियोगिता ६ असोजमा सकिनेछ।

रोनाल्डो फेरि सर्वाधिक कमाउने खेलाडी

एक वर्षको अवधिमा पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डोले एक सय ३६ मिलियन अमेरिकन डलर कमाएका छन्, इन्टर मियामी क्लबमा आबद्ध लियोनल मेसी एक सय ३० मिलियन अमेरिकन डलरका साथ दोस्रो स्थानमा छन्

एजेन्सी



पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो पाँच वर्षपछि सर्वाधिक कमाउने फुटबलर बनेका छन्। फोर्ब्सले मंगलबार धेरै कमाउने खेलाडीको सूची सार्वजनिक गर्दा रोनाल्डो शीर्ष स्थानमा परेका हुन्। सन् २०१७ मा उनी अन्तिमपटक सर्वाधिक कमाउने खेलाडीको शीर्ष स्थानमा पुगेका थिए। करिअरमा उनी तेस्रोपटक फोर्ब्सको सूचीको शीर्ष स्थानमा रहे। यसै सिजनमा अमेरिकाको इन्टर मियामी क्लबमा पुगेका लियोनल मेसी दोस्रो स्थानमा छन्। फोर्ब्सले एक वर्षभित्र खेलाडीले आर्जन गरेको तथ्यांकका आधारमा सूची तयार पारेको हो।

गत सिजनमा रोनाल्डो म्यानचेस्टर युनाइटेड परित्याग गरी साउदी प्रो लिगमा आबद्ध भएका थिए।

युरोपियन लिगलाई चटक्कै छाडेका रोनाल्डो अल नासेरमा आबद्ध हुँदा एक सय ३६ मिलियन अमेरिकी डलर आर्जन गरेका छन्। उनी अल नासेरमा कीर्तिमानी रकममा आबद्ध भएका थिए।

फोर्ब्सका अनुसार उनले अल नासेरबाट तलब र बोनसबापत ४६ मिलियन डलर लिने गर्छन्। यसैगरी, उनले विभिन्न कम्पनीको ब्रान्ड एम्बासडर र सम्झौताबाट ९० मिलियन अमेरिकन डलर आर्जन गरेका छन्। एक वर्षको अवधिमा एक सय ३६ मिलियन अमेरिकन डलर अन्य कुनै पनि फुटबल खेलाडीले आर्जन नगरेको फोर्ब्सले उल्लेख गरेको छ। यसअघि टेनिसका रोजर फेडेरर, गल्फका टाइगर उड र बक्सिङका कनर म्याकग्रेगरले रोनाल्डोले जत्तिकै रकम आर्जन गरेका थिए। रोनाल्डोको मुख्य आम्दानी स्रोतमध्ये सोसल मिडिया पनि हो।

दोस्रो स्थानमा मेसी



अर्जेन्टिनी कप्तान मेसीले करिअरमा पहिलोपटक युरोपियन लिग छाडे। पेरिस सेन्ट जर्मेन (पिएसजी)सँग सम्झौता नगर्ने भएपछि उनले इंग्लिस फुटबलका आइकोनिक खेलाडी डेभिड बेकह्यामको लगानीमा रहेको इन्टर मियामीसँग सम्झौता गरे। मेसीको आगमनसँगै अमेरिकाको लिगले ख्याती कमाएको छ। मेसीको प्रत्येक खेल हेर्न रंगशाला भरिभराउ हुने गर्छ। अर्जेन्टिनी खेलाडीले प्रतिस्पर्धा गर्ने दिनमा टिकट सोल्डआउट हुने गरेको छ। बार्सिलोना तथा पिएसजीजस्ता चर्चित क्लबबाट खेलिरहेका मेसीले यस वर्ष एक सय ३० मिलियन अमेरिकन डलर कमाएका छन्। फोर्ब्सले जनाएअनुसार उनले मियामीबाट तबल र बोनसबात ६५ मिलियन अमेरिकन डलर आर्जन गर्छन्। यसैगरी, उनले विभिन्न कम्पनीको प्रायोजनबाट ६६ मिलियन अमेरिकन डलर लिने गरेका छन्। गत वर्ष कतारमा आयोजना भएको फिफा विश्वकप फुटबल प्रतियोगिता अर्जेन्टिनालाई दिलाएपछि मेसी कीर्तिमानी रूपमा आठौँपटक बालोन डिअर विजेता बन्ने सम्भावना बढेको छ।

एम्बाप्पे पूर्वसहकर्मीलाई पछ्याउँदै



फोर्ब्सको सर्वाधिक कमाइ गर्ने सूचीको तेस्रो स्थानमा फुटबलकै खेलाडी छन्। फ्रान्स तथा पिएसजीका युवा स्ट्राइकर केलियन एम्बाप्पे तेस्रो स्थानमा रहेको फोर्ब्सले जनाएको छ। फोर्ब्सका अनुसार उनले एक वर्षको अवधिमा एक सय २० मिलियन अमेरिकन डलर कमाएका छन्। उनले पिएसजीबाट तलब र बोनस गरी सय मिलियन अमेरिकन डलर लिने गरेका छन्। विभिन्न कम्पनीको विज्ञापन गरी उनले २० मिलियन अमेरिकन डलर लिने गरेका छन्। यस सिजनमा उनी रियल म्याड्रिडमा जाने निकै हल्ला चलेको थियो। पिएसजीले सिजनको सुरुवाती प्रि-म्याच तथा खेलमा उनलाई समावेश गरेको थिएन, तर पिएसजीले केलियनसँग सम्झौता गर्दै क्लबमै राख्यो ।

बास्केटबलका खेलाडी हाबी

तेस्रो स्थानपछि बास्केटलबका खेलाडी हाबी भएको देखिन्छ। फोर्ब्सको सूचीमा बास्केटबलका लेब्रोन जेम्स चौथो स्थानमा छन्। उनले ११९.५ मिलियन अमेरिकी डलर कमाएका छन्। यसैगरी, बक्सिङका कानेलो अल्भाराज एक सय १० मिलियन अमेरिकन डलरका साथ पाँचौं स्थानमा छन्। गल्फका डस्टिन जनसन १०७ मिलियन अमेरिकन डलरका साथ छैटौं स्थानमा रहेको फोर्ब्सले जनाएको छ। फिल मिकेलसन १०६ मिलियन अमेरिकन डलर आर्जन गरी सातौं स्थानमा छन्। बास्केटबलका स्टेफन करीले आठौं स्थान रक्षा गर्दा १००.४ मिलियन अमेरिकन डलर कमाए। गत वर्ष टेनिस करिअरबाट सन्न्यास लिएका २० पटकका ग्रान्डस्लाम विजेता टेनिसका रोजर फेडेरर नवौं स्थानमा छन्। उनले ९५.१ मिलियन अमेरिकन डलर कमाए। बास्केटबलका केभिन डुरान्ट ८९.१ मिलियन अमेरिकी डलरका साथ दशौं स्थानमा छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com